सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२२ असोज २०८०, सोमबार (9 Oct 2023, Monday) ■ नेपाल संवत् ११४३ ■ वर्ष १७ ■ अंक १७९ ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

इजरायलमा हमासको हमलामा १० नेपाली विद्यार्थीले गुमाए ज्यान, एक अझै बेपत्ता

नेपालीको अवस्था पहिचान, उद्धार र समन्वयका लागि संयन्त्र गठन, प्रधानमन्त्रीले बोलाए सर्वदलीय बैठक

इजरायलस्थित नेपाली दूतावासले आइतबार राति भन्यो-

१ १० जनाको मृत्यु

दक्षिण इजरायलको किबुज अलुमिम भन्ने स्थानमा प्यालेस्टाइनको हमास समूहको आक्रमणबाट १० नेपालीको दुःखद निधन भएको छ भने चारजनाको स्थानीय अस्पतालमा उपचार भइरहेको छ। साथै, सम्पर्कविहीन रहेका एक नेपालीको खोजीकार्य भइरहेको छ। शव नेपाल फिर्ता पठाउने प्रक्रियाका लागि राजदूतावासले इजरायल सरकारसँग आवश्यक समन्वय गरिरहेको छ।

२ स्वदेश फर्काउन विवरण संकलन

नेपाल फर्कन इच्छुक हुने नेपालीको स्वदेश फिर्तीका लागि राजदूतावासबाट नेपाल सरकार र इजरायल सरकारसँग आवश्यक समन्वय गरी विवरण संकलनका लागि छिट्टै अनलाइन रजिस्ट्रेसनको व्यवस्था गरिँदै छ।

३ उद्धारको प्रबन्ध हुँदै छ

निधन भएका नेपालीको शव फिर्ता गर्न र इच्छुक नेपालीलाई उद्धार गरी स्वदेश फिर्ता गराउन नेपाल सरकारले आवश्यक प्रबन्ध गर्ने भएको छ। इजरायलमा रहेका सम्पूर्ण नेपालीलाई संयमता अपनाई दूतावाससँग आवश्यक समन्वय र सहयोग गर्न अनुरोध गरिन्छ।

पर्शुराम काफ्ले, कमलराज भट्ट

इजरायल र प्यालेस्टाइनको सीमावर्ती सहर गाजामा शनिबार हमास समूहले गरेको हमलामा किबुजस्थित कृषि फार्ममा इन्टर्नमा रहेका १० नेपाली विद्यार्थीको निधन भएको छ। बिएस्सी एग्रिकल्चर अध्ययन गरेर 'लन एन्ड अर्न' कार्यक्रमअन्तर्गत ११ महिनाका लागि इन्टर्न गर्न एक महिनाअघि मात्रै इजरायल गएका सुदूरपश्चिम विश्वविद्यालयका ४९ मध्ये १० विद्यार्थीको ज्यान गएको हो। एक विद्यार्थी अझै बेपत्ता छन्।

इजरायलका लागि नेपाली राजदूत कान्ता रिजालले आइतबार किबुज अलुमिम फार्ममा रहेका नेपाली विद्यार्थीको निधन भएको पुष्टि गरेकी छिन्। मृतकको शव स्वदेश लैजान तथा त्यहाँ रहेका नेपालीको

» पृष्ठ ११ मा क्रमशः

■ एक महिनाअघि मात्रै इजरायल गएका सुदूरपश्चिम विश्वविद्यालयका ४९ मध्ये ज्यान गुमाउने १० विद्यार्थी



गणेशकुमार नेपाली (जयपृथ्वी-६, बझाङ) · पदम थापा (लामीखाल-८, डोटी) · प्रवेश भण्डारी (शारदा-३, सल्यान) · राजेशकुमार स्वर्णकार (मधुवन-१, सुनसरी) · राजन फुलारा (पचनली-३, डोटी)

लोकेन्द्रसिंह धामी (मल्लिकार्जुन-४, दार्चुला) · नारायणप्रसाद न्यौपाने (घोडाघोडी-४, कैलाली) · आशिष चौधरी (जोशीपुर, कैलाली)) · दीपेशराज विष्ट (लेकम-५, दार्चुला) · आनन्द साह (सपही-६, धनुषा)

■ इजरायलको किबुज अलुमिमबाट नरेशसिंह भण्डारी भन्छन्-

बंकरभित्र त्रासमा छौं, बाहिर गोली चलेको आवाज सुनिरहेका छौं

सुदूरपश्चिम विश्वविद्यालयबाट ४९ जना इन्टर्न गर्न एक महिनाअघि इजरायल आएका हौं। हामीलाई यहाँ विभिन्न समूहमा राखिएको थियो। हामी ११ जनाको समूह किबुज अलुमिम भन्ने ठाउँमा छौं। शनिबार बिहानैदेखि हामी बंकरमा बसेका छौं। बाहिर गोलाबारी पड्केको आवाज आइरहेको छ। किबुजको अर्को ठाउँमा १७ जनाको समूहमा साथीहरू बस्नुभएको थियो। उहाँहरू हिजै गोलीको निसानामा पर्नुभएको रहेछ, १० जना रहनुभएन। १० जना साथी जहाँ बित्नुभयो, त्यहीँ भाग्यले दुईजना साथीहरू बाँचेर फुत्किनुभएछ। उहाँहरू तेलअभिभतर्फ जाँदै हुनुहुन्छ। एकजना साथी हराउनुभएको छ। मृत्यु भएका १० जना साथी शनिबार बिहानैदेखि सम्पर्कमा हुनुहुन्थेन।

हामी त्रासमा छौं। बंकरमा जसोतसो खाएर बाँचेका छौं। बाहिर गोली चलेको आवाज सुनिरहेका छौं। खासमा रकेट मात्रै प्रहार भएको हुन्थ्यो भने हामीलाई चिन्ता हुने थिएन। आतककारीहरू इजरायलको बोर्डर भत्काएर, प्यारासुटबाट उत्रेर, पानीबाट तरेर आएका छन्। उनीहरू घरघरमा पसेर मानिसलाई गोली हानिरहेका छन्। यसले त्रासदी थपेको छ, कसको कतिवेला के हुन्छ भन्ने अनिश्चित छ। हामीलाई उद्धारका विषयमा नेपाली राजदूतावासका उपनियोग प्रमुख अर्जुन घिमिरेले समन्वय गरिरहनुभएको छ। यहाँबाट सुरक्षित रूपमा राजधानी तेलअभिभ कसरी पुग्ने भनेर सरसल्लाह गरिरहेका छौं। आइतबार तुलनात्मक रूपमा परिस्थिति सहज देखिएको हुनाले हामी यहाँबाट सोमबार बाहिरिने विषयमा सल्लाह गरिरहेका छौं। तेलअभिभ पुगेपछि दूतावाससँग सम्पर्कमा रहन्छौं। उहाँहरूले स्वदेश फर्किने विषयमा चिन्ता नगर्नू भन्नुभएको छ।

■ परराष्ट्रमन्त्रीद्वारा सदनलाई जानकारी

इजरायलमा छन् ४७६५ नेपाली

इजरायलमा हमासको आक्रमणपछि त्यहाँ रहेका नेपालीको अवस्थाबारे परराष्ट्रमन्त्री एनपी साउदले सदनलाई जानकारी गराएका छन्। उनका अनुसार हाल इजरायलमा चार हजार पाँच सय नेपाली केयरगिभरको रूपमा कार्यरत छन्। त्यस्तै, २६५ विद्यार्थी इजरायल सरकारको 'लर्न एन्ड अर्न' कार्यक्रमअन्तर्गत अध्ययन गरिरहेका छन्। कृषि विश्वविद्यालयबाट ११९ जना, त्रिभुवन विश्वविद्यालयबाट ९७ जना र सुदूरपश्चिम विश्वविद्यालयबाट ४९ जना विद्यार्थी इजरायल गएको मन्त्री साउदले बताए। सुदूरपश्चिम विश्वविद्यालयबाट गएका ४९ मध्ये १७ विद्यार्थी दक्षिण इजरायलको किबुज अलुमिम भन्ने स्थानमा अध्ययनरत छन्। यो स्थान गाजा क्षेत्रनजिक रहेको र त्यहाँ हमास समूहबाट गम्भीर आक्रमण भएको थियो।

सरकारले बनायो समन्वय संयन्त्र

इजरायलमा रहेका नेपालीको अवस्था पहिचान र उद्धारका लागि सरकारले परराष्ट्रमन्त्री एनपी साउदको संयोजकत्वमा सबै सरोकारवाला निकाय सम्मिलित एक समन्वय संयन्त्र स्थापना गरेको छ। 'यस संयन्त्रले घटनाको निरन्तर अनुगमन र वस्तुस्थितिको समग्र मूल्यांकन गरेर नेपालीको अवस्था पहिचान गर्ने, उद्धार गर्नुपर्ने अवस्थामा उक्त कार्यसमेत गर्नका लागि आवश्यक निर्णय लिने, समन्वय तथा सहयोग गर्नेलगायत सम्पूर्ण कार्यहरू गर्नेछ,' मन्त्री साउदले सदनमा भने।

आक्रमणपछि नेपालीको अवस्था बुझ्न तथा उनीहरूको सुरक्षाको प्रत्याभूति गर्न परराष्ट्रले आफ्नो संयन्त्र एवं सम्पर्क परिचालन गरेको मन्त्री साउदले बताए। नेपाली दूतावासलाई नेपालीको उद्धार गर्न, त्यहाँको वस्तुस्थितिको जानकारी गराई सुरक्षित रूपमा रहन, इजरायल सरकारले जारी गरेको सुरक्षा निर्देशन तथा नियम पालना गर्नका लागि जानकारी गराउन निर्देशन दिइसकेको उनले जानकारी गराए। 'नेपाली राजदूतावासले इजरायलमा रहेका नेपालीलाई आवश्यक जानकारी सम्प्रेषण गर्ने, इजरायल सरकारसँग समन्वय गरी आवश्यक उद्धार र घाइते भएका नेपाली नागरिकको उपचारका लागि पहलकदमी लिइरहेको छ,' उनले भने। सरकार इजरायलमा रहेका नेपालीलाई आवश्यक सहयोग, समन्वय र सहजीकरण गर्नका लागि पूर्ण प्रतिबद्ध रहेको मन्त्री साउदको भनाइ छ।

फुटपाथ सुधारमा दुई अर्ब खर्चँदै काठमाडौं महानगर



चालू आर्थिक वर्षभित्रै महानगरका सबै फुटपाथ सुधार भइसक्ने

(विस्तृत पृष्ठ २)

■ भेपमार्फत सुन तस्करी प्रकरणको दोस्रो चरणको अनुसन्धान

राहुल महरासहित चारजनाविरुद्ध मुद्दा चलाउन सिफारिस



कृष्णबहादुर महराविरुद्ध मुद्दा चलाउनुपर्ने सिआइबीको निष्कर्ष

(विस्तृत पृष्ठ ३)

हमासको आक्रमणले इजरायल-साउदी सम्बन्ध सुधार्ने बाइडेनको प्रयासमा धक्का



प्यालेस्टाइन मुद्दा केही वर्षदेखि विश्वव्यापी एजेन्डाबाट ओझेलमा परेको थियो

● पिटर बेकर
('द न्युयोर्क टाइम्स'का संवाददाता)

(लेख, पृष्ठ ७)

दसैँमा घर फर्कने बाटोको बिजोग



दुई लाख ६१ हजार एक सय २० वर्गमिटरबराबरका खाल्डा पुर्नुपर्ने भए पनि हालसम्म ८२ हजार नौ सय ७९ वर्गमिटर मात्रै पुरिएका छन्

(विस्तृत, पृष्ठ ९)

चाडपर्वमा सार्वजनिक सवारीको सकस



सञ्जीव कार्की
(पृष्ठ ६)

सानो त्रुटि र थोरै समयको हतारले मान्छेको ज्यान नै जोखिममा पर्न सक्ने स्थितिको आकलन गरेर सचेत भई सवारीसाधन सञ्चालन गर्नुपर्छ

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

■ पहुँचका बलमा झलनाथ खनाल स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई सरकारी अनुदान

कामै नगरी १८ करोड भ्रष्टाचार

मधेश प्रदेशका तत्कालीन मन्त्री, सचिव र लालबन्दीका मेयरसहित ७ विरुद्ध मुद्दा

सुवास भट्ट / नयाँ पत्रिका

अख्तियार दुरुपयोग अनुसन्धान आयोगका अनुसार पूर्वप्रधानमन्त्री एवं सत्तारूढ दल एकीकृत समाजवादीका सम्मानित नेता झलनाथ खनालका नाममा खोलिएको स्वास्थ्य विज्ञान प्रतिष्ठानमा १८ करोड भ्रष्टाचार भएको छ। सर्पदंशविरुद्ध लड्न एन्टिभेनम उत्पादनका लागि भन्दै सरकारी कोषबाट करिब १८ करोड रुपैयाँ अनुदान लगेर भ्रष्टाचार गरेको आरोपमा आयोगले आइतबार विशेष अदालतमा मुद्दा दायर गरेको छ।

झलनाथ खनाल स्वास्थ्य विज्ञान प्रतिष्ठान, नेपालले एन्टिभेनम उत्पादन गर्ने भन्दै १७ करोड ९८ लाख ३३ हजार रुपैयाँ अनुदान लिएर काम नगरी सार्वजनिक सम्पत्ति हानिनोक्सानी गरेको आरोपमा अख्तियारले भ्रष्टाचार मुद्दा चलाएको

» पृष्ठ ११ मा क्रमशः

अख्तियारको ठहर : सम्पूर्ण रकम खर्च भइसक्दासमेत योजनाको उद्देश्य प्राप्तितर्फ शून्य प्रगति भई कार्यक्रममा गरेको लगानी अलपत्र र खेर गएको देखियो

■ को-कोविरुद्ध मुद्दा ?



विजयकुमार यादव (तत्कालीन आर्थिक मामिलामन्त्री, मधेश) · प्रेमकुमार श्रेष्ठ (तत्कालीन सचिव, आर्थिक मामिला मन्त्रालय, मधेश) · मानबहादुर खड्का (तत्कालीन मेयर, लालबन्दी नगरपालिका, सर्लाही)

तत्कालीन झलनाथ खनाल प्रतिष्ठानका अध्यक्ष रेवतीप्रसाद पन्त, महासचिव नवराज भण्डारी, कोषाध्यक्ष नीरज भण्डारी, सदस्य देवेन्द्र राय र, झलनाथ खनाल स्वास्थ्य विज्ञान प्रतिष्ठान



सर्लाहीमा एन्टिभेनम उत्पादन गर्ने भन्दै झलनाथ खनाल स्वास्थ्य विज्ञान प्रतिष्ठानले तारबार गरेको जग्गा। तस्बिर : श्रवण थापा



विद्यालयले बहिष्कार गरेको फुटबल प्रतियोगिता खेलेको भन्दै १२ छात्रा निष्कासित



● टंकबहादुर महत, प्रधानाध्यापक


विद्यार्थीले हामीले भनेको मानेनन्। विद्यालयको निर्णयको उल्लंघन गरे। एन्फाले अन्याय गरेको छ भन्ने थाहा पाउँदापाउँदै पनि खेल्न गएपछि हामीले छात्रालाई निष्कासन गर्‍यौं।

जुम्लामा मानदत्त रावल

जुम्लाको चन्दननाथ माध्यमिक विद्यालयले १२ छात्रालाई विद्यालयबाट निष्कासन गरेको छ। जिल्ला फुटबल संघले आयोजना गरेको अन्तरविद्यालयस्तरीय अन्डर- १६ प्रतियोगिता चन्दननाथले बहिष्कार गरेकामा विद्यालयका छात्राले निर्देशन अवज्ञा गरेको भन्दै निष्कासन नै गरेको हो।

१७ असोजमा भैरव माविविरुद्धको सेमिफाइनलमा चन्दननाथका छात्रले गोल गरे पनि रेफ्रीले अफसाइट निर्णय लिएको भन्दै विद्यालयले खेल नै बहिष्कार

» पृष्ठ ११ मा क्रमशः



आइतबार उपत्यकामा

चन्द्रागिरि : चन्द्रागिरि नपा-२, नागढुंगाबाट अवैध लागुऔषध खैरो हेरोइनसहित पर्सा पोखरिया नपा-९ का २६ वर्षीय राजकिशोर ठाकुरलाई प्रहरीले पक्राउ गरेको छ। प्रहरी प्रभाग नागढुंगा र लागुऔषध नियन्त्रण ब्युरोबाट खटिएको प्रहरीले वीरगन्जबाट काठमाडौंतर्फ आउँदै गरेको बा.प्र.०३-००१ ख १८१० नम्बरको बसलाई जाँच गर्ने क्रममा बसमा लुकाई ल्याएको उक्त पदार्थसहित पक्राउ गरेको हो।

तारकेश्वर : जापान पठाइदिने प्रलोभनमा तीनजनाबाट १७ लाख २५ हजार रुपैयाँ लिई फरार भएका म्याग्दी रघु गापा-१ का तारकेश्वर नपा-७, डाडाँगाउँ बस्ने ५८ वर्षीय दुर्गाबहादुर भट्टचनलाई प्रहरीले पक्राउ गरेको छ। काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयबाट खटिएको प्रहरी टोलीले उनलाई पक्राउ गरेको हो। उनले जापानमा महिनाको दुई लाख २० हजार रुपैयाँ कमाइ हुने भन्दै रकम असुलेका थिए। जापान लैजाने भन्दै उनले पीडितलाई मलेसियन एयरलाइन्सको टिकटसमेत दिएका थिए। घरबाट बिदा भएर विमानस्थल पुगेपछि मात्रै टिकट नक्कली रहेको खुलेको थियो।

पाटन : जडीबुटीमा यातायात व्यवसायीले निर्माण गरेको बसपार्क र अन्य संरचना नभत्काउन उच्च अदालत पाटनले अन्तरिम आदेश दिएको छ। न्यायाधीश ध्रुवराज नन्द र मुरारीबाबु श्रेष्ठको संयुक्त इजलासले निवेदनको टुंगो नलागेसम्म उच्च अदालत नियमावली, २०७३ को नियम ४२ बमोजिम निजी जग्गामा निर्माण गरिएका संरचना नभत्काउन आदेश दिएको हो। काठमाडौं महानगरभित्र एकभन्दा धेरै बसपार्क हुन नहुने भन्दै पूर्वअरनिको यातायात प्रालिले जडीबुटीमा निर्माण गरेको बसपार्क भत्काउन महानगरले तयारी थालेको थियो। महानगरको यस्तो तयारीविरुद्ध अरनिको यातायातका तर्फबाट श्यामबहादुर लामाले उच्च अदालतमा रिट दायर गरेका थिए। यसअघि उच्च अदालतले १२ असोजमा अल्पकालीन अन्तरिम आदेश जारी गर्दै १५ दिनभित्र महानगरलाई जवाफ दिन भनेको थियो। १४ रोपनी क्षेत्रफलमा निर्माण भएको बसपार्कमा व्यवस्थित पार्किङ, टिकट काउन्टर, शौचालय, चमेनागृह, आवास, फलफूल पसल, कबल निर्माण भएका छन्।

फुटपाथ सुधारमा दुई अर्ब खर्चदै काठमाडौं महानगर

चालू आर्थिक वर्षभित्रै महानगरका सबै फुटपाथ सुधार भइसक्ने



● **रामबहादुर थापा**, प्रमुख, सार्वजनिक निर्माण विभाग, काठमाडौं महानगर

पैदलयात्रीको सहजताका लागि आर्थिक वर्ष ०७९/८० बाट फुटपाथ सुधार थालिएको हो। चालू आर्थिक वर्षभित्र महानगरभित्रका सबै फुटपाथ पैदलयात्रीमैत्री बनाउने गरी काम भइरहेको छ। पुतलीसडक, अनामनगरलगायत क्षेत्रका फुटपाथ बनिसकेका पनि छन्।

शान्ति तामाङ/नयाँ पत्रिका

काठमाडौं महानगरपालिकाले फुटपाथलाई पदयात्रीमैत्री बनाउन दुई अर्ब खर्च गर्ने भएको छ। यसका लागि महानगरभित्रका सबैजसो सडकको लागत अनुमान तयार गरिसकेको जनाएको छ।

फुटपाथ सुधार एवं निर्माणका लागि जारी सूचनाअनुसार छनोट भएका केही निर्माण व्यवसायीसँग सम्झौतासमेत भइसकेको छ। मापदण्ड र निर्माण पक्षको क्षमताजस्ता प्राविधिक पक्षबाट काम हुन नसक्ने देखिएपछि केही सडकको पुनः बोलपत्रको सूचना भएको छ। केही सार्वजनिक सूचना प्रकाशनको चरणमा रहेको महानगरले जनाएको छ। महानगरका अनुसार चालू आर्थिक वर्षभित्रै सबै फुटपाथ पदयात्रीमैत्री हुनेछन्। 'पैदल यात्रा गर्नेहरूको सहजताका लागि आर्थिक वर्ष ०७९-८० बाट थालिएको कामलाई यस वर्ष तीव्र बनाइएको हो,' सार्वजनिक निर्माण विभाग प्रमुख रामबहादुर थापाले भने, 'चालू आर्थिक वर्षभित्र महानगरभित्रका सबै फुटपाथ पैदलयात्रीमैत्री बनाउने गरी काम भइरहेको छ।' उनका अनुसार पुतलीसडक, अनामनगरलगायत क्षेत्रमा यसअघि नै काम सम्पन्न भइसकेको छ।

■ कहाँ-कहाँ हुँदै छ फुटपाथ सुधार ?

महानगरका अनुसार हाल लैनचौर, सोह्रखुट्टे हुँदै बालाजुसम्म सडकको दुवैतर्फका फुटपाथ सुधार भइरहेको छ। यसको लागत चार करोड ५५ लाख रुपैयाँ छ। लैनचौरबाट लाजिम्पाट, महाराजगन्ज हुँदै चक्रपथसम्मको खण्ड सुधारका लागि सम्झौता भइसकेको छ। यसको लागत करिब १० करोड छ। प्रदर्शनीमार्गमा पनि काम सुरु भइसकेको छ। यसको लागत तीन करोड ७८ लाख हो। त्रिपुरेश्वरदेखि सुन्धारा महाबौद्ध, रत्नपार्क, जमल हुँदै लैनचौरसम्मको फुटपाथ निर्माण पक्षसँग सम्झौता भइसकेको छ। यसको लागत १८ करोड हो। नयाँ बजारखण्डमा पर्ने जग्गा एकीकरण आयोजना क्षेत्रभित्र पनि करिब ११ करोड लागतमा काम हुँदै छ। बालुवाटार सडकखण्डमा फुटपाथ निर्माण गर्न सम्झौता भइसकेको छ। यसको लागत ६ करोड ३५ लाख हो। तिनकुनेदेखि सिनामंगल, त्रिभुवन विमानस्थल प्रवेशद्वार, सञ्चारग्राम, तिलगंगा हुँदै गौशालासम्मका लागि सम्झौता भइसकेको छ। यसको लागत ६ करोड ६९ लाख हो। नयाँ बानेश्वरदेखि पुरानो बानेश्वरसम्मको मार्गका लागि तीन करोड २३ लाख लागतमा काम हुनेछ। थापाथलीदेखि टेकु हुँदै कालिमाटीसम्मको सडकखण्डको लागत ६ करोड हो। बागबजारदेखि चारखाल, डिल्लीबजार पीपलबोट, मैतीदेवी चोक, सेतो पुल, पुरानो बानेश्वर, भीमसेनगोला हुँदै सिनामंगल सडक खण्डका लागि १० करोड लागत छुट्याइएको छ।

विशालनगरको भित्री सडकमा एक करोड ३५ लाख लागतमा काम हुँदै छ। महाङ्काल ओरालोदेखि मिलन चोकसम्मका लागि ८० लाख छुट्याइएको छ। यो खण्डको कामका लागि सम्झौता चरणमा छ। भगवान् पाउदेखि जुडोलमार्ग जोड्ने फुटपाथका लागि एक करोड लागत अनुमान गरिएको छ। यसको बोलपत्र आह्वान भइसकेको छ। सूचनामा गएको अर्को योजना बालाजु चोकदेखि जनमैत्री अस्पताल, बालाजु उद्यान हुँदै वनस्थलीतर्फको सडकखण्ड हो। यसको लागत तीन करोड छ। जडिबुटी चोकदेखि पुरानो सिनामंगल पुलसम्मको सडकखण्डमा ११ करोड रुपैयाँ लागतमा पैदलमार्ग निर्माण हुनेछ। माइतीघरदेखि नयाँ बानेश्वर हुँदै तिनकुनेसम्म १८ करोड रुपैयाँ लागतमा पैदलमार्ग र साइकल लेन निर्माण हुनेछ। बालमन्दिरदेखि नक्साल, नारायण चौर, हात्तीसार, कमलपोखरी हुँदै डिल्लीबजार क्षेत्रका लागि ६ करोड लागत अनुमान गरिएको छ।

यस्तै, धोबी खोला कोरिडोरको कपन सिमानादेखि बागमती दोभानसम्मको खण्डका लागि ११ करोड लागत हुनेछ। डल्लु आवासक्षेत्रमा ७७ लाख रुपैयाँमा उपभोक्ता समितिबाट काम भइरहेको छ। कालिमाटीदेखि सोल्टी मोड हुँदै कलंकीसम्म, गौशालादेखि चाबहिलसम्म, गौशालादेखि रातोपुलसम्मको सडकखण्डलाई एउटै प्याकेजमा राखिएको छ। यसका लागि १० करोड लागत अनुमान गरिएको छ। यसका लागि पहिलोपत्र प्रकाशन गरिएको बोलपत्रबाट चाहिएको निर्माण पक्ष प्राप्त नभएपछि पुनः खरिद प्रक्रियामा लगिएको छ।



अनामनगरस्थित फुटपाथ सुधार गरिँदै। **तस्बिर : नयाँ पत्रिका**

■ विद्युत् प्राधिकरणले राखेको आउटडोर क्याबिनेट बाधक

महानगरका अनुसार सुन्दर महानगर निर्माणअन्तर्गत फुटपाथ सुधार गर्न नेपाल विद्युत् प्राधिकरणले राखेको आउटडोर क्याबिनेट बाधक बनेको छ। हाल प्राधिकरणले उपत्यकाको विद्युत् वितरण प्रणाली (तार)लाई भूमिगत गरिरहेको छ। तार भूमिगत गर्ने क्रममा कतिपय ठाउँमा फुटपाथमा आवतजावत गर्नसमेत नमिल्ने गरी आउटडोर क्याबिनेट जडान गरेको छ। 'यी क्याबिनेट फुटपाथ सुधारमा समस्या बनिरहेका छन्। त्यस्ता क्याबिनेट सिफ्ट गर्न वा आवतजावत गर्न मिल्ने गरी 'हाइड' गर्न भनिरहेका छौं,' विभाग प्रमुख थापाले भने। फुटपाथ सुधारअन्तर्गत रंगिन ब्लकहरू छापिने, कलर गरिने, पेन्टिङ गर्ने, बत्ती जडान गर्नेलगायतका काम हुनेछन्। महानगरले फुटपाथ सुधारका लागि दुई अर्ब १५ करोड रुपैयाँ लगानी गरेर निर्माण, मर्मत तथा सुधारको काम गरिरहेको छ।

मेलम्ची खानेपानीको नयाँ 'हेडवर्क्स' एक किलोमिटरमाथि सार्न सुझाव

काठमाडौं/ तीन वर्ष बाढीले क्षतिग्रस्त बनेको सिन्धुपाल्चोकको हेलम्बुस्थित मेलम्ची खानेपानी आयोजनाको 'हेडवर्क्स' अहिले भएको भन्दा केहीमाथि सार्नुपर्ने भएको छ। निर्माणाधीन अवस्थामै रहेको 'हेडवर्क्स'मा तीन वर्षपहिले आएको बाढीले क्षति पुऱ्याएको थियो।

क्षतिपछि दातृ निकाय एसियाली विकास बैंक (एडिबी)ले गरेको अध्ययन प्रतिवेदनका आधारमा त्यसलाई स्थानान्तरण गर्नुपर्ने भएको मेलम्ची खानेपानी आयोजना विकास समितिले जनाएको छ। बैंकले अध्ययन गरिसके पनि अध्ययनपश्चात् आधिकारिक सिफारिस आउन बाँकी रहेको समितिका सूचना अधिकारी राजेन्द्रप्रसाद पन्तले बताए। अध्ययन प्रतिवेदनले हेडवर्क्स स्थानान्तरण गर्नुपर्ने भनेपछि सोही आधारमा स्थानान्तरण गरिने उनले बताए।

> एसियाली विकास बैंक (एडिबी)ले गरेको अध्ययन प्रतिवेदनका आधारमा 'हेडवर्क्स'लाई स्थानान्तरण गर्नुपर्ने भएको मेलम्ची खानेपानी आयोजना विकास समितिले जनाएको छ

नयाँ हेडवर्क्स निर्माण गर्दा पहिलाको सँगै थप संरचना पनि आवश्यक पर्ने पन्तको भनाइ थियो। नयाँ हेडवर्क्सबाट मुख्य सुरुङसम्म आउने गरी एउटा सुरुङ बनाउनुपर्ने देखिएको बताउँदै उनले अध्ययनको सुझावका आधारमा निर्णय हुन बाँकी रहेको जानकारी दिए।

आयोजनास्थलमा कुनै पनि संरचना पुनर्निर्माणका लागि सबैभन्दा पहिले पहुँचमार्ग (सडक) आवश्यक रहेको भन्दै सूचना अधिकारी पन्तले तीन वर्षपहिले आएको बाढीले मेलम्चीबाट आयोजना स्थलसम्मको सडक बगाएको बताए। स्थानीय पालिका र आयोजनाको समन्वयमा अस्थायी रूपमा आवतजावतका लागि सडक खुलाइए पनि यस वर्षको बाढीले उक्त सडक पनि बगाएको उनले जानकारी दिए। आयोजनामा सबैभन्दा पहिले प्रवेशमार्ग बनाउनुपर्ने र यससम्बन्धी निर्णय आएपछि मात्रै काम हुने पन्तको भनाइ छ। उनका अनुसार यसअघि निर्माण भएको हेडवर्क्सभन्दा झन्डै एक किलोमिटरभित्र बनाउनुपर्नेछ।

मेलम्ची नदीको पानी काठमाडौं उपत्यकामा ल्याउने गरी सुरु गरिएको आयोजना दुई दशक नाघे पनि सम्पन्न भइसकेको छैन। आयोजनाले अम्बाथानबाट सुन्दरीजलसम्मको मुख्य सुरुङ, पानी डाइभर्ट गर्नका लागि हेडवर्क्स र सुन्दरीजलमा पानी प्रशोधन केन्द्र निर्माण गरेको थियो। ती संरचनामध्ये हालसम्म सुरुङ र प्रशोधन केन्द्र पूर्ण रूपमा सम्पन्न भएर तीन वर्ष पहिलेदेखि पानी वितरणका लागि सञ्चालनमा छन्। हेडवर्क्स भने सम्पन्न नहुँदै बाढीका कारण क्षतिग्रस्त भएको आयोजना कार्यालयले जनाएको छ। हेडवर्क्स प्रयोग गर्न नमिलेपछि यसअघि आयोजनाले अस्थायी बाँधमार्फत पानी ल्याउने गरेको थियो।

नबिल बैंक लिमिटेड तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मितिः २०८०/०६/२२)

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्यौंट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुलउपर गरिनेछ। कथंमकदाचित सो धितोबाट असुलउपर हुन नसके वा आंशिक रकम मात्र असुलउपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुलउपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूची**मा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुलउपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

तपसिल

१ **ऋणी कम्पनीको नाम र ठेगानाको विवरण**

कम्पनी ऐन २०६३ बमोजिम नेपाल सरकार, उद्योग, मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७१/०७/०३ मा दर्ता नं. १२७६१४/०७१/०७२ अन्तर्गत दर्ता भएको **श्री भुसाल कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा. लि.**।

ठेगानाः काठमाडौं जिल्ला, धापासी गा.वि.स. वडा नं. ०३, धापासी, काठमाडौं।

ऋणी कम्पनीका सञ्चालकहरु तथा व्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण

१. देवी बहादुर भुसालको नाति, पदम बहादुर भुसालको छोरा, अर्घाखाँची जिल्ला, सन्धिखर्क गा.वि.स. वडा नं. ६ स्थायी घर भई हाल अर्घाखाँची जिल्ला, सन्धिखर्क न.पा. वडा नं. १ बस्ने, ना.प्र.नं. ४०१०१७/१३६५ (जारी मितिः २०६८/०२/१६, स्थान अर्घाखाँची) भएका **श्री आकाश भुसाल**।

२. जनकलाल गिरीको नाती, गोपाल गिरीको छोरा, झापा जिल्ला, दमक न.पा. वडा नं. ११ बस्ने, ना.प्र.नं. ०४२०४४/९५९७ (जारी मितिः २०७०/०२/२१, स्थान झापा) भएका **श्री इल्टन गिरी**।

३. निरपा रानाभाटको नाति, बोम बहादुर रानाभाटको छोरा, अर्घाखाँची जिल्ला, अर्घा गा.वि.स. वडा नं. ५ स्थायी घर भई हाल अर्घाखाँची जिल्ला, सन्धिखर्क न.पा. वडा नं. १ बस्ने, ना.प्र.नं. ९३२८/६२४८ (जारी मितिः २०५८/०८/०५, स्थान अर्घाखाँची) भएका **श्री भेषराज क्षेत्री**।

४. गोपाल गिरीकी छोरी, पदम बहादुर भुसालको बुहारी, आकाश भुसालको श्रीमती, अर्घाखाँची जिल्ला, सन्धिखर्क न.पा. वडा नं. १ बस्ने, ना.प्र.नं. ०४२०४४/६६१३ (जारी मितिः २०६८/०७/१३, स्थान अर्घाखाँची) भएका **श्रीमती एलिना गिरी भुसाल**।

५. मोतीराम भुसालको नाति, देवी बहादुर भुसालको छोरा, अर्घाखाँची जिल्ला, अर्घा गा.वि.स. वडा नं. १ स्थायी घर भई हाल अर्घाखाँची जिल्ला, सन्धिखर्क न.पा. वडा नं. १ बस्ने, ना.प्र.नं. ६२७/३८६० (जारी मितिः २०४४/११/०३, स्थान अर्घाखाँची) भएका **श्री पदम बहादुर भुसाल**।

६. बोम बहादुर रानाभाटकी छोरी, देवी बहादुर भुसालकी बुहारी, पदम बहादुर भुसालकी श्रीमती, अर्घाखाँची जिल्ला, अर्घा गा.वि.स. वडा नं. १ स्थायी घर भई हाल अर्घाखाँची जिल्ला, सन्धिखर्क न.पा. वडा नं. १ बस्ने, ना.प्र.नं. १०६९/५३८९ (जारी मितिः २०४८/११/४, स्थान अर्घाखाँची) भएकी **श्रीमती कमला भुसाल**।

७. नर बहादुर बस्नेतको छोरी, बोम बहादुर रानाभाटको बुहारी, भेषराज क्षेत्रीको श्रीमती, अर्घाखाँची जिल्ला, बल्कोट गा.वि.स. वडा नं. १ स्थायी घर भई हाल अर्घाखाँची जिल्ला, सन्धिखर्क न.पा. वडा नं. १ बस्ने, ना.प्र.नं. १०३८५ (जारी मितिः २०६३/०३/२२, स्थान अर्घाखाँची) भएकी **श्रीमती बबिता बस्नेत**।

८. भागिरथ गिरीको नाती, जनकलाल गिरीको छोरा, झापा जिल्ला, दमक न.पा. वडा नं. ११ स्थायी घर भई हाल झापा जिल्ला, दमक न.पा. वडा नं. ६ बस्ने, ना.प्र.नं. २३१११३१८५ (जारी मितिः २०४१/०८/१८, स्थान झापा) भएका **श्री गोपाल गिरी**।

९. गोपीलाल गिरीकी छोरी, जनकलाल गिरीकी बुहारी, गोपाल गिरीकी श्रीमती, सुनसरी जिल्ला, मधुवन गाउँ पञ्चायत वडा नं. ८ स्थायी घर भई हाल अर्घाखाँची जिल्ला, सन्धिखर्क न.पा. वडा नं. १ बस्ने, ना.प्र.नं. ३४/३२० (जारी मितिः २०४६/०२/०४, स्थान सुनसरी) भएकी **श्रीमती देवी कुमारी गिरी**।

१०. देवी बहादुर भुसालको नाति, पदम बहादुर भुसालको छोरा, अर्घाखाँची जिल्ला, सन्धिखर्क न.पा. वडा नं. १ बस्ने, ना.प्र.नं. ४०/०१/७६/०३०४० (जारी मितिः २०७६/०६/२३, स्थान अर्घाखाँची) भएका **श्री शशी भुसाल**।

२ **ऋणीको नाम र ठेगानाको विवरण**

बोम बहादुर रानाभाटकी छोरी, देवी बहादुर भुसालकी बुहारी, पदम बहादुर भुसालकी श्रीमती, अर्घाखाँची जिल्ला, अर्घा गा.वि.स. वडा नं. १ स्थायी घर भई हाल अर्घाखाँची जिल्ला, सन्धिखर्क न.पा. वडा नं. १ बस्ने, ना.प्र.नं. १०६९/५३८९ (जारी मितिः २०४८/११/४, स्थान अर्घाखाँची) भएकी **श्रीमती कमला भुसाल**।

व्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण

१. गोपाल गिरीकी छोरी, पदम बहादुर भुसालको बुहारी, आकाश भुसालको श्रीमती, अर्घाखाँची जिल्ला, सन्धिखर्क न.पा. वडा नं. १ बस्ने, ना.प्र.नं. ०४२०४४/६६१३ (जारी मितिः २०६८/०७/१३, स्थान अर्घाखाँची) भएका **श्रीमती एलिना गिरी भुसाल**।

२. मोतीराम भुसालको नाति, देवी बहादुर भुसालको छोरा, अर्घाखाँची जिल्ला अर्घा गा.वि.स. वडा नं. १ स्थायी घर भई हाल अर्घाखाँची जिल्ला, सन्धिखर्क न.पा. वडा नं. १ बस्ने, ना.प्र.नं. ६२७/३८६० (जारी मितिः २०४४/११/०३, स्थान अर्घाखाँची) भएका **श्री पदम बहादुर भुसाल**।

३. देवी बहादुर भुसालको नाति, पदम बहादुर भुसालको छोरा, अर्घाखाँची जिल्ला, सन्धिखर्क गा.वि.स. वडा नं. ६ स्थायी घर भई हाल अर्घाखाँची जिल्ला, सन्धिखर्क न.पा. वडा नं. १ बस्ने, ना.प्र.नं. ४०१०१७/१३६५ (जारी मितिः २०६८/०२/१६, स्थान अर्घाखाँची) भएका **श्री आकाश भुसाल**।

३ **संयुक्त ऋणीहरुको नाम र ठेगानाको विवरण**

भागिरथ गिरीको नाती, जनकलाल गिरीको छोरा, झापा जिल्ला, दमक न.पा. वडा नं. ११ स्थायी घर भई हाल झापा जिल्ला, दमक न.पा. वडा नं. ६ बस्ने, ना.प्र.नं. २३१११३१८५ (जारी मितिः २०४१/०८/१८, स्थान झापा) भएका **श्री गोपाल गिरी** र जनकलाल गिरीको नाती, गोपाल गिरीको छोरा, झापा जिल्ला, दमक न.पा. वडा नं. ११ बस्ने, ना.प्र.नं. ०४२०४४/९५९७ (जारी मितिः २०७०/०२/२१, स्थान झापा) भएका **श्री इल्टन गिरी**।

व्यक्तिगत जमानतकर्ताको नाम र ठेगानाको विवरण

गोपीलाल गिरीकी छोरी, जनकलाल गिरीकी बुहारी, गोपाल गिरीकी श्रीमती, सुनसरी जिल्ला, मधुवन गाउँ पञ्चायत वडा नं. ८ स्थायी घर भई हाल अर्घाखाँची जिल्ला, सन्धिखर्क न.पा. वडा नं. १ बस्ने, ना.प्र.नं. ३४/३२० (जारी मितिः २०४६/०२/०४, स्थान सुनसरी) भएकी **श्रीमती देवी कुमारी गिरी**।

धितोको विवरण

धितोमा रहेको घर/जग्गाहरुको विवरण :

१. झापा जिल्ला, दमक न.पा. वडा नं. ११ स्थायी घर भई हाल झापा जिल्ला, दमक न.पा. वडा नं. ६ बस्ने, **श्री गोपाल गिरी**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको झापा जिल्ला, दमक नगरपालिका वडा नं. ११ सिट नं. १७९००१६०५ कित्ता नं. ५२ र ३० को क्षेत्रफल ४५.७८ र ७५५ वर्ग मिटरका घरजग्गा लगायत लिगलगापात समेत सम्पूर्ण।

२. अर्घाखाँची जिल्ला, अर्घा गा.वि.स. वडा नं. १ स्थायी घर भई हाल अर्घाखाँची जिल्ला, सन्धिखर्क न.पा. वडा नं. १ बस्ने, **श्री पदम बहादुर भुसाल**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको भक्तपुर जिल्ला, मध्यपुर ठिमी न.पा. वडा नं. १७ सिट नं. १०२११८९१९ कित्ता नं. ३७५ को क्षेत्रफल ७६ वर्ग मिटरका घरजग्गा लगायत लिगलगापात समेत सम्पूर्ण।

धितोमा रहेको सवारी साधनहरुको विवरण :

१. ऋणी **श्री भुसाल कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा. लि.** र धनी यस बैंक समेत भएको भाडाको सवारी साधन दर्ता नं. प्रदेश २-०३-००१-ख-२५३८ भएको TATA Tipper.

२. ऋणी **श्री भुसाल कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा. लि.** र धनी यस बैंक समेत भएको निजीको सवारी साधन दर्ता नं. लु १ क ४८३० भएको JCB 3DX Super Bachoe loader.

३. ऋणी **श्रीमती कमला भुसाल** र धनी यस बैंक समेत भएको भाडाको सवारी साधन दर्ता नं. प्रदेश ३-०१-००५-ख-९५९७ भएको Toyota Hiace.

NABIL BANK®

प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ४२२७१८१

Upper Tamakoshi Hydropower Limited

अपर तामाकोशी हाइड्रोपावर लिमिटेड

UTKHPL

अन्नपूर्ण मार्ग, ज्ञानेश्वर, काठमाण्डौं,
फोन नं. ४५२०२५५, ४५२१६५४
URL: www.utkhpl.org.np, email: office@utkhpl.org.np

हकप्रद शेयरको निष्काशन तथा बिक्री बन्द बारेको सूचना

अपर तामाकोशी हाइड्रोपावर लिमिटेडको मिति २०८०/०४/२५ गतेसम्म तत्काल कायम शेयरधनीहरुको लागि १ कित्ता साधारण शेयर बराबर १ कित्ता शेयर (१:१) को अनुपातमा रु.१००/– अंकित दरको १०,५९,००,००० कित्ता हकप्रद साधारण शेयरको मिति २०८० भदौ १८ गते देखि निष्काशन तथा बिक्री खुल्ला भइरहेकोमा र उक्त हकप्रद शेयर खरिदका लागि दरखास्त बुझाउने अन्तिम म्याद आज मिति २०८०/०६/२२ गते सम्ममात्र रहेको हुँदा दरखास्त बुझाउन बाँकी शेयरधनी महानुभावहरुले **आज मिति २०८०/०६/२२ गते सोमबार सम्मम्मा** हकप्रद शेयर खरिदका लागि दरखास्त बुझाई आफ्नो हक कायम गर्नु हुन अनुरोध गरिन्छ।

स्थानिय शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त पाइने र दरखास्तसाथ रकम बुझाउने स्थानहरु			
१.	श्री माथिल्लो तामाकोशी जलविद्युत केन्द्र वडा नं. १, गोंगर	९.	कृषि विकास बैंक लि., चरिकोट
२.	श्री नागरिक लगानी कोष, नयाँ बानेश्वर, काठमाडौं	१०.	नेपाल बैंक लि., चरिकोट र सिंगटी
३.	श्री सनराईज क्यापिटल लिमिटेड, कमलपोखरी, काठमाडौं।	११.	महालक्ष्मी विकास बैंक लि, चरिकोट
४.	श्री आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालयहरु।	१२.	कुमारी बैंक लि, चरिकोट
५.	**श्री लक्ष्मी सनराईज बैंक लिमिटेडको शाखा कार्यालयहरु :** १) चरिकोट, २) सुनखानी, ३) जफे (तामाकोशी गा.पा) ४) शिवालय (रामेछाप), ५) मन्थली	१३.	सिद्धार्थ बैंक लि., चरिकोट
		१४.	हिमालयन बैंक लि, चरिकोट र गौरी शंकर
		१५.	प्राइम कमर्सियल बैंक लि., जिरी र मैनापोखरी (वैतेश्वर गा.पा)
६.	प्रभु बैंक लि., चरिकोट, जिरी र सिंगटी	१६.	सानिमा बैंक लि., मेलुङ्ग
७.	सिटिजन्स् बैंक इन्टरनेशनल लि., चरिकोट	१७.	एनआइएमबि बैंक लिमिटेड, चरिकोट, मैना पोखरी, मांका देउराली र सिंगटी
८.	सिन्धु विकास बैंक लि., चरिकोट र सिंगटी		

सर्वसाधारण शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त पाइने र दरखास्तसाथ रकम बुझाउने स्थानहरु	
१.	श्री नागरिक लगानी कोष, नयाँ बानेश्वर, काठमाडौं
२.	श्री सनराईज क्यापिटल लिमिटेड, कमलपोखरी, काठमाडौं।
३.	श्री आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालयहरु।
४.	श्री लक्ष्मी सनराईज बैंक लिमिटेडको शाखा कार्यालयहरु **उपत्यका भित्र** : १) लगनखेल २) सुर्यबिनायक **उपत्यका बाहिर** : १) हेटौडा, २) धरान, ३) बिराटनगर, ४) विरगंज, ५) जनकपुर, ६) पोखरा, ७) कुश्मा, ८) भैरहवा, ९) नेपालगंज, १०) विरेन्द्रनगर, ११) धनगढी, १२) महेन्द्रनगर, १३) चरिकोट

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक:
नागरिक लगानी कोष
नयाँ बानेश्वर, काठमाण्डौं।
फोन.: ५९७००२०१

सह-निष्काशन तथा बिक्री प्रबन्धक:
सनराइज क्यापिटल लिमिटेड
SUNRISE CAPITAL LTD.
(लक्ष्मी सनराइज बैंक लिमिटेडको सहायक कम्पनी)
पो.ब.नं. १२०५५, कमलपोखरी, काठमाडौं,
फोन नं.: ४५२८६६०, ४५२८५५०

संसद्मा शिक्षामन्त्री राईले भने-

विद्यालय शिक्षा विधेयक परिमार्जन गर्न सकिन्छ



शिवहरि घिमिरे/नयाँ पत्रिका

शिक्षामन्त्री अशोककुमार राईले शिक्षा विधेयक परिमार्जन गर्न सकिने बताएका छन् । आइतबारको प्रतिनिधिसभा बैठकमा सांसदहरूले राखेको जिज्ञासा र प्रश्नको जवाफ दिँदै उनले विधेयक परिमार्जन गर्न सकिने बताएका हुन् ।

शुक्रबारको प्रतिनिधिसभा बैठकमा केही सांसदले विधेयक फिर्ता लिएर नयाँ पूर्ण विधेयक ल्याउन सरकारलाई सुझाव दिएका थिए । साथै, शिक्षकसँग भएको सम्झौता पालना हुनुपर्ने, शिक्षकको पारिश्रमिक निजामती कर्मचारीसरह हुनुपर्ने विषय सांसदले उठाएका थिए । विधेयक संविधानको भावना र संघीयताअनुरूप बनाउनुपर्ने, जिल्ला शिक्षा कार्यालय खारेज गर्नुपर्ने, परीक्षा बोर्डलाई प्रदेशमा लैजानुपर्ने सांसदहरूको भनाइ थियो । विधेयकमा उल्लेखित प्रावधानहरू संविधान र संघीयताविपरीत रहेको, मुख्य सरोकारवालासँग छलफल नगरिएको, गुणस्तरीय र समयसुहाउँदो विद्यालय शिक्षाबारे स्पष्ट दृष्टिकोण नआएको भन्दै व्यापक हेरफेरसहित पुनर्लेखन गर्न माग गरेका थिए ।

आइतबारको बैठकमा शिक्षामन्त्री राईले विधेयक फिर्ता गर्नुभन्दा पनि दफावार छलफल सकेर छिटोभन्दा छिटो पारित गर्न अग्रसर हुनुपर्ने बताए । उनले सांसदहरूले यसअघि राखेको निजामती र शिक्षकलाई दिने सेवा-सुविधा र तलबमा विभेद भन्ने जिज्ञासाको जवाफ दिँदै शिक्षा र निजामतीका कर्मचारीबीच कुनै पनि विभेद नहुने शिक्षकहरूलाई सोहीअनुसारको तलब सुविधा दिइने जानकारी गराए । 'यो विधेयकमा छलफल गर्न सकिने ठाउँ पर्याप्त छन्,' मन्त्री राईले भने, 'यो विधेयक ऐनका रूपमा रूपान्तरण भएपछि सुयोग्य, समर्पित र कर्मठ शिक्षक र जनशक्तिलाई शिक्षाका आकर्षित गर्न सकिन्छ ।'

सांसदहरूले जिल्ला शिक्षा कार्यालय खारेज गर्नुपर्ने मागसमेत राखेका थिए । तर, मन्त्री राईले जिल्ला शिक्षा कार्यालयको प्रभावकारिता रहेको र यसलाई व्यवस्थित बनाउने जवाफ दिए । उनले निजामती र शिक्षामा मानमर्यादा र सेवा-सुविधामा विभेद नहुने र सोही भावनाअनुरूप ऐन बन्ने बताए । शिक्षकहरूसँगको वार्ताका क्रममा विधेयक दर्ता हुनुअघि र दर्ता भएपछि फरक-फरक विषय उठेको उनको भनाइ थियो ।

कतिपय मुद्दा विरोधाभास तरिकाले उब्जिएकाले यसले विवाद निम्त्याएको उनले बताए ।

'हामीले पनि विधेयकमा पूर्वतयारी गर्न बाँकी थियो होला । शिक्षक महासंघका नेताहरू सन्तुष्ट हुनुभएको थियो, फेरि शिक्षकहरू आन्दोलित हुनुभयो, त्यसपछि शिक्षकसँग वार्तामा बस्यौं, यसका ग्याप पनि धेरै छन्,' मन्त्री राईले भने, 'महासंघले त्याएको सबै विषयलाई सदनसमक्ष पेस गर्छौं ।' उनले शतप्रतिशत राहत शिक्षकले उमेरहद नलाग्ने गरी प्रसंग आएकाले सांसदहरूले यसमा विमति राखेकाले उपयुक्त छलफल निकाल्न सकिने बताए ।

विद्यालय संख्या र सञ्चालनबारे पुनर्मूल्यांकन गरिने मन्त्री राईले जानकारी दिए । 'आप्रवासन र जनसंख्याको अवस्थाका आधारमा विद्यालय खोलिनेछ, किनभने सहर र मधेसतिर जनसंख्या बसाइँसराइ भएकाले पहाडका विद्यालयमा विद्यार्थी कम छन्,' उनले भने, 'यो विधेयकले विद्यालयलाई गाभ्ने सकिने व्यवस्था अघि सारेको छ । शिक्षाको पहुँच नभएको र पढ्नै नचाहने जनसंख्यालाई पनि केन्द्रमा राखेर विधेयकमा व्यवस्था गरिएको छ ।' उनले अर्थतन्त्रले धानेसम्म शिक्षामा लगानी बढाउने गरी विधेयकमा व्यवस्था गरिएको बताउँदै विधेयकले समग्र पक्षलाई समेटेको जानकारी दिए ।

शिक्षकसँग भएको सम्झौता पालना गर्न सरकार तयार रहेको राईको भनाइ थियो । उनले विधेयकमाथि मुख्य सरोकारवालासँग छलफल गरिने, गुणस्तरीय र समयसुहाउँदो विद्यालय शिक्षाबारे स्पष्ट दृष्टिकोण आउने कानुन निर्माण हुने बताए । बैठकमा विद्यालय शिक्षा विधेयकमाथि विचार गरियोस् भन्ने प्रस्तावसमेत सर्वसम्मतले स्वीकृत भएको छ । शिक्षा विधेयक २७ भदौमा प्रतिनिधिसभामा दर्ता भएको थियो । विधेयक सार्वजनिक भएपछि शिक्षक र निजी विद्यालय सञ्चालक असन्तुष्ट बनेका थिए । शिक्षकले आन्दोलन गरेपछि सरकारले सम्झौता गरेको थियो ।

■ भेपमार्फत सुन तस्करी प्रकरणको दोस्रो चरणको अनुसन्धान

राहुल महरासहित चारजनाविरुद्ध मुद्दा चलाउन सिफारिस



● एसएसपी दिनेश आचार्य

भेपमा लुकाई सुन तस्करी भएको घटनामा सिआइबी अनुसन्धानरत थियो । यो सकेर प्रतिवेदन सरकारी वकिल कार्यालयमा पेस गरिएको छ । चारजनालाई प्रतिवादी बनाइएको छ । उनीहरूविरुद्ध आठ करोड ५७ लाख रुपैयाँको बिगो दाबी गरिएको छ ।

नयाँ पत्रिका

बहुचर्चित विद्युतीय चुरोट (भेप)भित्र लुकाई गरिएको सुन तस्करीसँग सम्बन्धित दोस्रो चरणको अनुसन्धान सकेर नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सिआइबी)ले सरकारी वकिल कार्यालयमा प्रतिवेदन पेस गरेको छ । प्रहरीले प्रतिवेदनमा सुन तस्करीमा पूर्वसभामुख कृष्णबहादुर महराविरुद्ध मुद्दा चलाउनुनपर्ने निष्कर्ष निकालेको छ । तर, उनका छोरा राहुलसहित चारजनाविरुद्ध भने मुद्दा चलाउन सिफारिस छ ।

घटनामा नयाँ पात्रको नामसमेत जोडिएपछि प्रहरीले दोस्रो चरण पुनः अनुसन्धान थालेको थियो । सोही क्रममा राहुल गत १३ भदौमा पक्राउ परेका थिए । प्रहरीले पूरक अभियोजनमा राहुलसहित अन्य चारजनाविरुद्ध मुद्दा चलाउन सिफारिस गरेको हो । अन्य प्रतिवादी लोकेन्द्र पौडेल, तिब्बती मूलका बेल्जियम नागरिक दावा छिरिङ र चिनियाँ नागरिक ली हानसोङ छन् । उनीहरूविरुद्ध आठ करोड ५७ लाख रुपैयाँको बिगो दाबी गरिएको छ ।

सिआइबीका एसएसपी दिनेश आचार्यले भेपमा गरिएको सुन तस्करीको अनुसन्धान सकेर प्रतिवेदन सरकारी वकिल कार्यालयमा पेस गरिएको बताए । 'भेपमा लुकाई सुन तस्करी भएको घटनामा सिआइबी अनुसन्धानरत थियो । यो सकेर प्रतिवेदन सरकारी वकिल कार्यालयमा पेस गरिएको छ । चारजनालाई प्रतिवादी बनाइएको छ । उनीहरूविरुद्ध आठ करोड ५७ लाख रुपैयाँको बिगो दाबी गरिएको छ,' उनले भने ।

घटनामा जोडिएका दावाजिन वाङसहितका ६ जना चिनियाँ नागरिकलाई भने भेट भएको बखत पक्राउ गर्ने र आवश्यक मुद्दा चलाउने गरी प्रतिवेदन बनाइएको छ । सिआइबीले उनीहरूविरुद्ध सुनको अवैध चोरी-पैठारी र संगठित अपराधअन्तर्गत म्याद थप गरे घटनाको अनुसन्धान गरेको थियो ।

सिआइबीले पहिलो चरणको अनुसन्धान सकेर गत २७ असारमा नै अनुसन्धान प्रतिवेदन सरकारी वकिल कार्यालयमा बुझाएको थियो । सोही क्रममा पूर्वसभामुख महरा र उनका छोरा राहुलसमेत जोडिएका समाचार सार्वजनिक भएपछि सिआइबीले घटनाको दोस्रोपटक पुनः अनुसन्धान थालेको थियो ।



राहुल महरा

दावा छिरिङ

■ कृष्णबहादुर महराविरुद्ध मुद्दा चलाउनुनपर्ने सिआइबीको निष्कर्ष

पूर्वसभामुख कृष्णबहादुरले भन्सारमा राखिएको सुन छुटाउन भन्सारका कर्मचारीलाई पटक-पटक फोन गरेको आरोप थियो । उनका छोरा राहुलले सुन छुटाउन भन्सारका कर्मचारीलाई दबाब दिने तथा अभियुक्तलाई सहयोग गरेको आरोप लागेको थियो । घटनामा संलग्न रहेको देखिएकै आधारमा राहुललाई मुद्दामा प्रतिवादी बनाइएको हो ।

गत १० पुसमा फ्लाई दुबईको जहाज हुँदै अन्तर्राष्ट्रिय विमानस्थल भरेका चिनियाँ नागरिक ली हानसोङ विद्युतीय चुरोटसहित पक्राउ परेका थिए । उनले जहाजबाट दुईवटा सुटकेसमा लुकाई ७३ कार्टुनभित्र सात सय ३० थान भेप ल्याएका थिए । शंका लागेपछि उक्त भेप विमानस्थलस्थित भन्सार कार्यालयको स्टोरमा राखिएको थियो ।

भेपभित्र सुन रहेको खुलेपछि भन्सारकै अधिकृत रेवन्त खड् कासहितका कर्मचारीको मिलेमतोमा चोरी गरिएको थियो । र, उक्त सुन बिक्री गरेका थिए । भेप चोरी भएको खुलेपछि घटनाको अनुसन्धान सिआइबीले गरेको थियो । अनुसन्धानका क्रममा भेपभित्र साढे नौ किलो सुन रहेको खुलेको थियो ।

प्रहरीको दसैँलक्षित सुरक्षा योजना कार्यान्वयनमा

चाडपर्वभर सुरक्षा निगरानी ड्रोनबाट गरिने

काठमाडौं/ प्रहरीको चाडपर्वलक्षित सुरक्षा योजना आइतबार राति १२ बजेबाट सुरु भएको छ । सुरक्षा योजना दसैँ, तिहारसहित छठ पर्वसम्म कायम रहनेछ । काठमाडौं उपत्यका प्रहरी कार्यालय रानीपोखरीका अनुसार सुरक्षा योजना कार्यान्वयनमा उपत्यकाभित्र सात हजार ६ सय ३३ सुरक्षाकर्मी परिचालन भएका छन् । जसमध्ये एक हजार आठ सय ट्राफिक प्रहरी र पाँच हजार आठ सय ३३ अन्य सुरक्षाकर्मी रहनेछन् ।

सुरक्षाकर्मी काठमाडौं उपत्यकाभित्रका तीनवटै प्रहरी परिसर, काठमाडौं उपत्यका प्रहरी कार्यालय, काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयमातहत सुरक्षामा खटिनेछन् । रानीपोखरी कार्यालयका अनुसार यसपटकको चाडपर्वमा उपत्यकाभित्रको सुरक्षा निगरानी ड्रोनबाट गरिनेछ । सिसिटिभीबाट पनि पर्वभर उपत्यकाको सुरक्षा निगरानी गरिनेछ । बैंक, वित्तीय संस्था तथा नगद र बहुमूल्य गरगहनाको कारोबार हुने स्थानमा सादा पोसाकमा सञ्चारका साधन र साना हतियारसहितका प्रहरी सुरक्षाकर्मी सुरक्षामा खटाइनेछ ।

रानीपोखरी कार्यालयका प्रवक्ता एसएसपी दिनेशराज मैनालीले यसपटकको चाडपर्वमा ड्रोनबाट सुरक्षा निगरानी गरिने बताए । 'चाडपर्वलक्षित सुरक्षा योजना आइतबार रातिबाट छठ पर्वसम्मका लागि लागू गरिएको छ । यसका लागि उपत्यकाभित्र सात हजार ६ सय ३३ सुरक्षाकर्मी खटिनेछन् । यसपटक ड्रोनबाट सुरक्षा निगरानी गरिनेछ । बैंक, वित्तीय संस्था तथा नगद र बहुमूल्य गरगहनाको कारोबार हुने स्थानमा सादा पोसाकमा सुरक्षाकर्मी परिचालन हुनेछन्,' उनले भने ।उपत्यकाभित्रका विशिष्ट स्थान, सपिङ मल, मार्ट र मुख्य-मुख्य नाकामा आधुनिक प्रविधिसहितको केनाइन कार्यालयबाट तालिमप्राप्त कुकुरबाट चेकजाँच हुनेछ । त्यसबाहेक प्रहरीको पैदल तथा मोबाइल गस्ती, कर्डन, सादा पोसाक, पिकेटिङ, स्ट्राइकिङ, रिजर्भ फोर्समार्फत पर्वभर सुरक्षा दिइनेछ ।

सशस्त्र प्रहरीको कार्यसम्पादन उच्चस्तरको : प्रधानमन्त्री



काठमाडौं/ सीमित स्रोत-साधनको बाबजुद पनि उच्चस्तरको कार्यसम्पादन गरेको भन्दै प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले सशस्त्र प्रहरी बलको प्रशंसा गरेका छन् । राष्ट्रिय सशस्त्र प्रहरी बल प्रशिक्षण प्रतिष्ठान मातातीर्थमा सञ्चालित सि.सं. १५ सशस्त्र प्रहरी निरीक्षक आधारभूत तालिमको दीक्षान्त कार्यक्रममा उनले आन्तरिक सुरक्षा, विपत् व्यवस्थापन, महामारी नियन्त्रण र न्यूनीकरण, राजस्व गस्ती एवं भन्सार सुरक्षाका साथै राष्ट्रिय सुरक्षाको मूलभूत पक्षमा संगठनले गहन भूमिका निर्वाह गरिरहेको बताए । प्रचण्डले तालिममा प्रथम भएका सशस्त्र प्रहरी निरीक्षक रोशन घिमिरेलाई खुकुरी प्रदान गर्नुका साथै कवाजतर्फ उत्कृष्ट ज्ञानचन्द्र पराजुली, शारीरिक सहिष्णुतातर्फ पुष्करबहादुर बम र चाँदमारीतर्फ एजन खड्कालाई पुरस्कार प्रदान गरे ।

उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठले सशस्त्र प्रहरी बल नेपालले स्थापनाकालदेखि नै विभिन्न आरोह-अवरोहलाई पार गर्दै कार्यक्षेत्रमा आइपरेका सुरक्षा चुनौतीलाई परास्त गर्दै राज्य र जनचाहनाअनुरूपको सेवा र सुरक्षामा दर्विलो सुरक्षा निकायका रूपमा आफूलाई परिचित गराउँदै आएको बताए । सशस्त्र प्रहरी बल नेपाललाई सीमा सुरक्षार्थ डेडिकेटेड फोर्स बनाउन अन्तर्राष्ट्रिय मापदण्डसहितको थप बोर्डर आउट पोस्टहरू (बिओपी)को स्थापना तथा मौजुदा रहेका बिओपीहरूको समेत स्तर वृद्धि र प्रविधिमैत्री बनाउँदै लगिने उनको भनाइ थियो ।

संक्षेप

बलात्कार आरोपमा नासिर इमाम पक्राउ

रौतहट/ बालिका बलात्कार आरोपमा गुजरा नगरपालिका- ५ लक्ष्मीपुरका २० वर्षीय नासिर इमाम पक्राउ परेका छन् । गुजरा नगरपालिका- ५ हरिहरपुर घर भएकी बालिकालाई इँटाभट्टामा लगेर इमामले बलात्कार गरेको भन्दै पीडित परिवारले प्रहरीमा उजुरी दिएको थियो । प्रहरीले उनलाई शनिबार नै पक्राउ गरेको थियो । आइतबार जिल्ला अदालतबाट सात दिनको म्याद थप गरेर अनुसन्धान अगाडि बढाएको इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरले जनाएको छ ।

कोदालो प्रहार गरी बाबुको हत्या

कञ्चनपुर/ पुनर्वास नगरपालिकामा एक युवकले आफ्नै बुबाको हत्या गरेका छन् । पुनर्वास नगरपालिका- ११ भीम बस्तीका १८ वर्षीय हेमन्त धामीले ४६ वर्षीय बुबा जसवीर धामीको हत्या गरेका हुन् । हेमन्तले कोदालो प्रहार गरी आइतबार बुबाको हत्या गरेको प्रहरीले जनाएको छ । जिल्ला प्रहरी कार्यालय कञ्चनपुरका सूचना अधिकारी पुस्करराज पन्तले घरायसी विवादका कारण हत्या घटना भएको बताए । जसवीर नेपाली सेनाका सेवानिवृत्त कर्मचारी हुन् ।

इन्जिनियरिङ अध्ययन संस्थानमा शुल्क वृद्धिमा सहमति

काठमाडौं/ पुल्चोकस्थित इन्जिनियरिङ अध्ययन संस्थाको शुल्क वृद्धिमा भएको विवाद मिलेको छ । आइतबार विद्यार्थी संगठन र संस्थान कार्यालयबीच छलफल भएपछि विवाद टुंगिएको हो । सहमतिअनुसार अब स्नातक तहमा इन्जिनियरिङ अध्ययन गर्न पुरानो शुल्कमा एक लाख ९० हजार र निःशुल्कतर्फ १० हजार शुल्क बढाइएको छ । यो धरौटीसहितको शुल्क वृद्धि हो । संस्थानका अनुसार अब स्नातक तहमा इन्जिनियरिङ अध्ययन गर्न चार लाख ९० हजार रुपैयाँ लाग्नेछ । विदेशी विद्यार्थीलाई भने सो तहमा अध्ययन गर्न १३ लाख १३ हजार पाँच सय शुल्क तोकिएको संस्थानले जनाएको छ ।

यसअघि विवादका कारण स्नातक तहको प्रवेश परीक्षासमेत सरेको थियो । तर, सहमति जुटेपछि प्रवेश परीक्षाको मिति पनि तोकिएको छ । संस्थानले २२ असोजदेखि प्रवेश परीक्षाको फाराम खुल्ने र १४ कात्तिकमा प्रवेश परीक्षा सञ्चालन गर्ने जनाएको छ । सहमतिपछि यसअघि राजीनामा दिएर बसेका विभागीय प्रमुखहरू काममा फर्किएका छन् । बोर्डका अध्यक्ष प्रा.डा. सुशीलबहादुर बज्राचार्य, सदस्यहरू उपप्राध्यापक किरणचन्द्र दाहाल, सहप्राध्यापक डा. सञ्जीवप्रसाद पाण्डे, सल्लाहकारहरू सहप्राध्यापक डा. सुरज लामिछाने र सदस्यसचिव विदुर ढकालले राजीनामा दिएका थिए ।

छोराको चक्कु प्रहारबाट घाइते विकको मृत्यु

लमजुङ/ छोराको चक्कु प्रहारबाट गम्भीर घाइते भएका क्वहोलासोथार गाउँपालिका- ९ गिलुङ टक्सारका ६० वर्षीय दिलबहादुर विकको मृत्यु भएको छ । उपचारका क्रममा उनको पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा शनिबार मृत्यु भएको प्रहरीले जनाएको छ । गत ३० असोजमा २८ वर्षीय छोरा सुजन विकले चक्कु प्रहार गर्दा दिलबहादुर घाइते भएका थिए । जिल्ला प्रहरी कार्यालय लमजुङका सूचना अधिकारी प्रहरी निरीक्षक थानेश्वर चपाईंले घरायसी विवादका कारण छोराले धारिलो हतियार प्रहार गरी आफ्नै बाबुलाई घाइते बनाएकोमा उपचारका क्रममा मृत्यु भएको बताए । घटनामा संलग्न सुजनलाई प्रहरीले १६ असोजमा पक्राउ गरी ज्यान मार्ने उद्योगसम्बन्धी कसुरमा अनुसन्धान प्रक्रिया अघि बढाएको छ ।

सूर्यदर्शन सहकारीका कोषाध्यक्ष रम्तेल पुर्पक्षका लागि थुनामा

कास्की/ कास्की जिल्ला अदालतले सूर्यदर्शन बचत तथा ऋण सहकारीका कोषाध्यक्ष कुमार रम्तेललाई पुर्पक्षका लागि थुनामा पठाउन आदेश दिएको छ । आइतबार भएको थुनछेक बहसपछि न्यायाधीश केशवप्रसाद बास्तोलाको एकल इजलासले उनलाई धरौटीमा छाड्न इन्कार गर्दै पुर्पक्षका लागि थुनामा पठाउने आदेश दिएको हो । प्रहरीले २४ भदौ र २ असोजमा गरी सहकारी ठगी प्रकरणमा जोडिएका १९ जना प्रतिवादीविरुद्ध अदालतको अनुमतिमा पक्राउ पुर्जी जारी गरेको थियो । २६ भदौमा कोषाध्यक्ष रम्तेल पक्राउ परेका थिए । अन्य १८ जना फरार छन् ।

■ डब्लुएचओको क्षेत्रीय निर्देशकको चुनाव

सरकारले आचार्यलाई आवश्यक सहयोग नगरेको गुनासो

नयाँ पत्रिका

आगामी १ नोभेम्बरमा हुने विश्व स्वास्थ्य संगठन (डब्लुएचओ)को दक्षिण-पूर्वी एसिया क्षेत्रको निर्देशक पदका उम्मेदवार डा. शम्भुप्रसाद आचार्य आफ्नो पक्षमा मत माग्न विभिन्न देश धाइरहेका छन् । पाल्पाका आचार्यसँग जनस्वास्थ्य क्षेत्रको तीन दशक लामो अनुभव छ । डब्लुएचओमा कर्मचारी भएर काम गरेका उनी यसपटक उच्च पदका लागि चुनावमा भिड्दै छन् । डब्लुएचओमा भाग लिएका सदस्य देशहरूले आफूलाई पत्याउनेमा उनी निश्चिन्त छन् । तर, आफ्नो देशबाट भइरहेको पहलबारे भने उनी निराश छन् ।

आचार्यलाई मन्त्रिपरिषद् बैठकले नेपालतर्फबाट उम्मेदवार बनाउने निर्णय गरेको थियो । तर, सरकारी पक्षबाट उनलाई जिताउन भएका पहल कमजोर देखिन्छन् । बंगलादेशका उम्मेदवारसँग चुनावमा भिड्न आचार्यले सजिलो छैन । बंगलादेशका प्रधानमन्त्री यतिबेला आफ्नो देशको उम्मेदवारलाई जिताउन अन्य देशसँग भोट मागिरहेका छन् । तर, नेपालले पर्याप्त पहलकदमी नचालेको स्वास्थ्य क्षेत्रका विज्ञहरूले बताएका छन् ।

वरिष्ठ मुटुरोग विशेषज्ञ डा. भगवान कोइरालाले डब्लुएचओजस्तो गरिमा बोकेको संस्थामा नेपालको प्रतिनिधित्व पठाउन सबै जागरुक हुनुपर्ने बताए । 'यति उच्च पदमा नेपालबाट उम्मेवार भएर चुनावका लागि मैदानमा उत्रिनुभएका डा. शम्भु आचार्यलाई सबैले सहयोग गर्नुपर्छ । अझ सरकारले बाहिरी पहल गर्न ढिलो गर्नुहुन्न,' आइतबार आयोजित एक कार्यक्रममा उनले भने, 'नेपाल सरकारले नै उम्मेदवार चयन गरी मनोनयन गर्न पठाएपछि अब देशले पछि हट्ने कुरै आउँदैन । कुनै पनि सन्दर्भ जोडेर यसलाई कमजोर पार्नुहुन्न ।'

आचार्यसँग बंगलादेशकी उम्मेदवार सैमा वाजेद चुनावी प्रतिस्पर्धामा उत्रिएकी छिन् । उनी बंगालादेशकी प्रधानमन्त्री शेख हसिनाकी छोरी हुन् । उनी मानसिक स्वास्थ्य तथा अटिजम रोगसँग सम्बन्धित चिकित्सक हुन् ।



डा. शम्भुप्रसाद आचार्य

नेपालले आचार्यलाई चुनाव जिताउन पर्याप्त पहल र प्रचारप्रसारसमेत गरेको छैन । हाल डब्लुएचओका विश्वमा ६ वटा क्षेत्रीय कार्यालय छन् । त्यसमध्ये दक्षिण-पूर्वी एसिया एक हो । यस क्षेत्रको निर्देशक पदका लागि आगामी १ नोभेम्बरमा चुनाव हुँदै छ । दक्षिण-पूर्वी क्षेत्रभित्र नेपाल, भारत, पाकिस्तान, बंगलादेश, श्रीलंका, इन्डोनेसिया, भुटान, दक्षिण कोरिया, माल्दिभ्स, म्यान्मार, टिमोर लेस्टे र थाइल्यान्डसहित ११ राष्ट्र पर्दछन् ।

परराष्ट्र मन्त्रालयले केही देशमा रहेका नेपाली दूतावासमार्फत आचार्यको पक्षमा समर्थन गर्न पत्राचार गरे पनि बलियो रूपमा समर्थन जुटाउन सकेको छैन । मन्त्रालयले भारतको नयाँदिल्ली, कोलम्बो, ढाका, बैंककलगायत केही नेपाली दूतावासलाई चुनावी समर्थन जुटाउन पत्राचार गरेको थियो । तर, त्यतिले मात्रै उच्च पदको चुनाव जित्न कठिन हुने स्वास्थ्य क्षेत्रका जानकारहरू बताउँछन् । नेपाल परिवार नियोजन संघका कार्यकारी निर्देशक डा. नरेशप्रताप केसीले आचार्यको पक्षमा सरकारले अन्तर्राष्ट्रिय स्तरमा सहज माहोल बनाउन आवश्यक रहेको बताए । 'डब्लुएचओजस्तो संस्थामा नेपालीहरूको निकै कम उपस्थिति छ, यस्तो चुनावमा भाग लिनु आफैंमा चुनौती हो । नेपालमा योग्य व्यक्तिहरू धेरै हुनुहुन्छ, त्यसकारण पनि यस्तो संस्थामा उहाँहरूलाई पुऱ्याउन सबैले सहयोग र पहल गर्नुपर्छ,' उनले भने ।

वरिष्ठ पत्रकार कनकमणि दीक्षितले नेपालबाट डब्लुएचओको चुनावमा भाग लिन लागेका उम्मेदवारप्रति सरकार जिम्मेवार नदेखिएको बताउँदै षड्यन्त्रसमेत हुन थालेको बताए । 'उम्मेदवार आफैं भिडिरहनुभएको छ । प्रधानमन्त्री, परराष्ट्रमन्त्रीलगायत तहतप्काको त्यति सकारात्मक भूमिका देखिएको छैन,' उनले भने, 'अन्य देशका प्रधानमन्त्रीहरू खुलेर आफ्नो उम्मेदवारको पक्षमा लागिरहेका छन्, तर नेपाल सरकारले बेवास्ता गरेको छ ।' यसअघि भएको डब्लुएचओको दक्षिण-पूर्वी एसियाको चुनावका बेला भारतले नेपाललाई सघाउने प्रतिबद्धता पनि जाहेर गरेको थियो । सो पदमा हाल भारतकी पुनम क्षेत्रपाल सिंह दोस्रो कार्यकालका रूपमा कार्यरत छिन् । उनी सन् २०१४ र २०१८ मा निर्विरोध चुनिएकी थिइन् । २०१८ मा उनलाई चुन्ने क्रममा आगामी चुनावमा भारतले नेपाललाई सघाउने प्रतिबद्धता जनाएको थियो । तर, त्यसप्रति नेपालले भारतसँग कुनै पहलसमेत गर्न सकेको छैन ।

तनहुँमा डेंगुबाट थप एकको मृत्यु

तनहुँमा **उपेन्द्र खनाल**

डेंगुबाट तनहुँमा थप एकजनाको मृत्यु भएको छ। व्यास नगरपालिका- २ दमौली बस्दै आएकी ३४ वर्षीया युवतीको उपचारका क्रममा गण्डकी अस्पताल पोखरामा मृत्यु भएको हो। जिल्लामा डेंगुका कारण पाँचजनाको मृत्यु भइसकेको छ।

पछिल्लो समय व्यास नगरपालिकाका विभिन्न ठाउँमा डेंगुको संक्रमण बढ्दै गएको छ। तनहुँमा हालसम्म चार हजारभन्दा बढीमा डेंगु संक्रमण पुष्टि भएको स्वास्थ्य कार्यालय तनहुँले जनाएको छ। डेंगुको संक्रमण फैलिँदै गएपछि रोकथाम तथा नियन्त्रण गर्न जिल्लाका सबै विद्यालयमा सचेतना कार्यक्रम गरिएको छ।

केही दिनयता डेंगुको महामारी बढ्दै गएकाले त्यसको न्यूनीकरण गर्न सामुदायिक एवं संस्थागत विद्यालयमा अनिवार्य सचेतना कार्यक्रम गर्न थालिएको शिक्षा विकास तथा समन्वय इकाइ तनहुँका निमित्त इकाइ प्रमुख विश्वप्रकाश रेग्मीले बताए। 'वर्षायामसँगै जिल्लाका विभिन्न स्थान तथा बजार क्षेत्रमा डेंगु रोगको प्रकोप फैलिएको र बिरामीको संख्या बढ्दै गएकाले जनचेतना जगाएर सरसफाइमा ध्यान दिन विद्यार्थीलाई सजग गराइएको हो,' उनले भने।

पछिल्लो समय व्यास नगरपालिकाका विभिन्न वडामा डेंगु फैलँदै गएपछि चिकित्सकसहितको टोली विद्यालय, टोल र घरहरूमा पुगेर डेंगुबाट बच्ने उपायबारे जानकारी गराउँदै आएको छ। दिनदिनै बिरामी बढ्दै गएपछि इकाइले जिल्लाका सम्पूर्ण विद्यालयमा डेंगुबाट जोगिने सन्देश प्रवाह गर्न अनुरोधसमेत गरेको छ। नगरपालिकाभित्रका विद्यालयमा भने एक साताअगाडिदेखि नै सचेतना कार्यक्रम गर्दै आएको छ।

बालिबालिकाले घरपरिवारका सदस्यलाई जानकारी गराउन सहज हुने ठानेर विद्यालयमा डेंगुबारे जानकारी गराइएको व्यास नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख प्रमोद सोतीले बताए। 'सबैभन्दा सूचना प्रवाह गर्न भरपर्दो माध्यम विद्यार्थी भएका छन्। उनीहरूलाई सजग गराएपछि घरमा गएर बाबाआमालाई रोगबाट जोगिने उपाय सम्झाउँछन्, त्यसरी पनि नियन्त्रणमा थोरै भए पनि सहयोग पुग्छ।

सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय दलदले, नवलपुरको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना

प्रकाशित मिति : २०८०/०६/२२ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, किस्ता तथा ब्याज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित ताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति २०८०/०१/०८ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपसिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिने हुँदा इच्छुक महानुभावहरुले तपसिलमा उल्लिखित शर्त बन्देजहरुको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ। धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ।

तपसिल

ऋणीको विवरण

नवलपरासी जिल्ला, देवचुली न.पा. वडा नं. १५ स्थित रजिष्टर्ड कार्यालय रहि प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम प्रदेश सरकार, प्रदेश नं. ५, उद्योग पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, नवलपरासीमा मिति २०७५ साल माघ महिना १८ गते मा प्रा.फ.र.नं. ७१०/१२३०३/०७५-७६ तथा आन्तरिक राजश्व कार्यालय, भरतपुर र करदाता सेवा कार्यालय, कावासोतीमा मिति २०७५/०६/११ मा स्थायी लेखा नम्बर (PAN) ६०८५२८७११ अन्तर्गत दर्ता कायम भएको **रेग्मी इन्टरप्राइजेज एण्ड सप्लायर्स**।

प्रोप्राईटर : तुलसी रेग्मी

व्यक्तिगत जमानीकर्ताको विवरण

१. गोबिन्द प्रसाद रेग्मीको नाती, यादव प्रसाद रेग्मीको छोरा, पर्वत जिल्ला, साविक कुर्घा गा.वि.स./न.पा. वडा नं. ०१ स्थाई ठेगाना भई हाल नवलपुर जिल्ला, देवचुली गा.वि.स./न.पा. वडा नं. १५ बस्ने **तुलसी रेग्मी** (ना.प्र.नं. ५४२३०, जारी मिति २०६३/०४/०७, जि.प्र.का. पर्वत)।	२. गोबिन्द प्रसाद रेग्मीको नाती, यादव प्रसाद रेग्मीको छोरा, पर्वत जिल्ला, साविक फलेवास गा.वि.स./न.पा. वडा नं. १० स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, देवचुली न.पा./गा.पा. वडा नं. १५ बस्ने **दिवाकर रेग्मी** (ना.प्र.नं. ४४६४५, जारी मिति २०६९/०२/३१, जि.प्र.का. पर्वत)।
३. यादव प्रसाद रेग्मीको बुहारी, तुलसी रेग्मीको पत्नि, नवलपरासी जिल्ला, साविक देवचुली गा.वि.स./न.पा. वडा नं. १६ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, देवचुली न.पा./गा.पा. वडा नं. १५ बस्ने **पवित्रा क्षेत्री** (ना.प्र.नं. ३७-०१-७४-१२६९०, जारी मिति २०७४/०७/३०, जि.प्र.का. रुपन्देही)।	४. गोबिन्द प्रसाद रेग्मीको बुहारी, यादव प्रसाद रेग्मीको पत्नि, पर्वत जिल्ला, साविक कुर्घा गा.वि.स./न.पा. वडा नं. ०१ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, देवचुली न.पा./गा.पा. वडा नं. १५ बस्ने **सान्ता देवी रेग्मी** (ना.प्र.नं. ५१३००६/३, जारी मिति २०६३/१०/०२, जि.प्र.का. पर्वत)।
५. यादव प्रसाद रेग्मीको बुहारी, दिवाकर रेग्मीको पत्नि, नवलपरासी जिल्ला, साविक बेनीमणीपुर गा.वि.स./न.पा. वडा नं. ६ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, देवचुली न.पा./गा.पा. वडा नं. १५ बस्ने **उषा के.सी.** (ना.प्र.नं. ३६३०३५/४२२, जारी मिति २०६३/१०/०९, जि.प्र.का. नवलपरासी)।	६. विष्णु प्रसाद रेग्मीको नाती, गोबिन्द प्रसाद रेग्मीको छोरा, पर्वत जिल्ला, साविक कुर्घा गा.वि.स./न.पा. वडा नं. ०१ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, देवचुली न.पा./गा.पा. वडा नं. १५ बस्ने **यादव प्रसाद रेग्मी** (ना.प्र.नं. ३१३७, जारी मिति २०४१/११/२२, जि.प्र.का. पर्वत)।

धितोको विवरण

१. गोबिन्द प्रसाद रेग्मीको नाती, यादव प्रसाद रेग्मीको छोरा, पर्वत जिल्ला, साविक कुर्घा गा.वि.स./न.पा. वडा नं. ०१ स्थाई ठेगाना भई हाल नवलपुर जिल्ला, देवचुली गा.वि.स./न.पा. वडा नं. १५ बस्ने तुलसी रेग्मी (ना.प्र.नं. ५४२३०, जारी मिति २०६३/०४/०७, जि.प्र.का. पर्वत) र गोबिन्द प्रसाद रेग्मीको नाती, यादव प्रसाद रेग्मीको छोरा, पर्वत जिल्ला, साविक फलेवास गा.वि.स./न.पा. वडा नं. १० स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, देवचुली न.पा./गा.पा. वडा नं. १५ बस्ने दिवाकर रेग्मी (ना.प्र.नं. ४४६४५, जारी मिति २०६९/०२/३१, जि.प्र.का. पर्वत) को संयुक्त नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको नवलपरासी जिल्ला, साविक प्रगतिनगर गा.वि.स./न.पा. वडा नं. ३ (नक्सा सिट नं. ३ ख) हाल नवलपरासी जिल्ला, देवचुली न.पा. वडा नं. १५ स्थित कि.नं. ५८४ को क्षेत्रफल ०-०-११.५ (बिघा) बमोजिमको घरजग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

२. नवलपरासी जिल्ला, देवचुली न.पा. वडा नं. १५ स्थित रजिष्टर्ड कार्यालय रहि प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम प्रदेश सरकार, प्रदेश नं. ५, उद्योग पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, नवलपरासीमा मिति २०७५ साल माघ महिना १८ गते मा प्रा.फ.र.नं. ७१०/१२३०३/०७५-७६ तथा आन्तरिक राजश्व कार्यालय, भरतपुर र करदाता सेवा कार्यालय, कावासोतीमा मिति २०७५/०६/११ मा स्थायी लेखा नम्बर (PAN) ६०८५२८७११ अन्तर्गत दर्ता कायम भएको रेग्मी इन्टरप्राइजेज एण्ड सप्लायर्सको स्वामित्वमा रहेको मालसामान तथा आयप्राप्ती (Goods and Assignment of Receivables) उपर हाइपोथिकेशन सुरक्षण।

३. धनी सिद्धार्थ बैंक लिमिटेड भई ऋणी रेग्मी इन्टरप्राइजेज एण्ड सप्लायर्स कायम भएको बाग्मती प्रदेश, यातायात व्यवस्था कार्यालयमा दर्ता कायम रहेको तपसिल बमोजिमका सवारी साधन :

सवारी मोडेल	सवारी दर्ता नं.	बनेको साल	ईन्जिन नं.	च्यासिस नं.
TOYOTA HILUX	बा.प्र.०१-०२७ च २३८०	2021	1GD-1109438	MR0BA8CD900238076

शर्तहरु :

१. बोलपत्र फारम रु. १,०००/- (अक्षरेपी एक हजार मात्र) तिरी यस बैंकको शाखा कार्यालय दलदले, नवलपुरबाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८०/०७/०६ गते १६:०० बजे भित्र यस बैंकको शाखा कार्यालय दलदले, नवलपुरमा बुझाई सक्नु पर्नेछ।
३. प्राप्त बोलपत्रहरु मिति २०८०/०७/०७ गते १६:०० बजे यस बैंकको शाखा कार्यालय दलदले, नवलपुरमा बोलपत्रदाता र/वा निजका प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। तर बोलपत्रदाता वा निजको प्रतिनिधीको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन।
४. बोलपत्र बुझाउने अन्तिम दिन बैंक बिदा भएमा बिदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको १६:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ। त्यस्तै बोलपत्र खोल्ने दिन बैंक बिदा भएमा बिदाको लगत्तै बैंक खुलेको दिन १६:०० बजे बोलपत्र खोलिनेछ।
५. लिलाम गर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ। बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुल गर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नु पर्नेछ। बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ।
६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कबोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत यस बैंकको जुन सुकै शाखाबाट खाता नं. ४४०९००००१ मा रकम जम्मा गरी सो को सक्कल भौचर र/वा अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर चेक समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ। धरौटी स्वरुप जम्मा गरिएको रकममा ब्याज दिईने छैन।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखितरुपमा पठाईनेछ र सो सूचना प्राप्त स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको दिन भित्र कबोल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ। साथै उक्त समय भित्र कबुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण कर शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा बदर गर्ने आदेश भएमा लिलाम रोक्का वा बदर हुनेछ। त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटी वापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ। तर सो मा कुनै ब्याज प्रदान गरिने छैन।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ। रीत नपुऱ्याई दर्ता हुन आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको शाखा कार्यालय दलदले, नवलपुरमा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ।

Siddhartha Bank
शाखा कार्यालय : दलदले, नवलपुर
फोन : ०७८-५७५०७१
Website : www.siddharthabank.com

■ एमाले सुदूरपश्चिम अधिवेशन

सहमतिमै नेतृत्व चयन गर्न अध्यक्ष ओलीको निर्देशन

धनगढीमा **तेजराज भट्ट**



सुदूरपश्चिम प्रदेश अधिवेशनलाई आइतबार सम्बोधन गर्दै एमाले अध्यक्ष ओली। तस्बिर : नयाँ पत्रिका

एमाले अध्यक्ष केपी ओलीले पार्टीको सुदूरपश्चिम प्रदेश नेतृत्व सहमति नै चयन गर्न निर्देशन दिएका छन्। प्रदेशको पहिलो अधिवेशनको आइतबार धनगढीमा उद्घाटन गर्दै उनले पार्टी एकताको सन्देश दिने गरी सहमतिमा नयाँ नेतृत्व चयन गर्न नेता र कार्यकर्तालाई निर्देशन दिएका हुन्।

प्रदेशमा नेतृत्व चयनमा भएका चुनावी प्रतिस्पर्धालाई लिएर एमालेमाथि आक्रमण बढेको उल्लेख गर्दै उनले यो अधिवेशनबाट एकताको सन्देश दिनुपर्ने बताए। नेतृत्वले प्रतिस्पर्धाका लागि लचकता अपनाउँदा कतिपय प्रदेशमा अस्वस्थ प्रतिस्पर्धा देखिएको उनको भनाइ थियो। 'कहीँ पनि सहमति हुन सकेन भनेर हुइँया मच्चाइएको छ। हामीले पनि सहमति गर्न धेरै कोसिस गरेनौँ, लड्छन् भने लड्न दिउँ न साथीहरू भनेर। त्यसको धेरै दुरुपयोग भयो कतिपय प्रदेशमा,' अध्यक्ष ओलीले भने, 'हाम्रो पार्टीविरुद्ध ठूलो हमला छ, त्यसलाई चिर्न सिंगो पार्टी पंक्ति गोलबन्द भएर जानुपर्छ।'

नेतृत्वले गरेको मूल्यांकनलाई बुझेर छलफलबाट प्रदेशको नेतृत्व छान्न उनले सुदूरपश्चिममा रहेका केन्द्रीय नेताहरूलाई निर्देशन दिए। उनले आफ्नै उम्मेदवार मात्र नेतृत्वमा आउनुपर्छ भन्ने जिद्दी नगर्न पनि नेताहरूलाई सचेत गराए। नेतृत्व छान्दा भौगोलिक सन्तुलन मिलाउन र पदाधिकारीमा एकजना महिला अनिवार्य छान्न पनि अध्यक्ष ओलीले निर्देशन दिएका छन्।

महासचिव शंकर पोखरेलले आफ्ना आकांक्षालाई पार्टीको हितविपरीत प्रयोग नगर्न नेतृत्वका आकांक्षीलाई आग्रह गरे। 'सहमति भए आन्तरिक लोकतन्त्रको मुद्दा उठाउने र चुनाव भए नेतृत्वलाई टेरेन भन्ने हल्ला फैलाइएको छ,' उनले भने, 'एकताबद्ध भएर पार्टी नेतृत्वलाई बलियो बनाउन आग्रह गर्छु।'

अध्यक्षमा तीन प्रतिस्पर्धी

एमालेको प्रदेश अध्यक्षका लागि तीनजनाले दाबी प्रस्तुत गरेका छन्। अहिलेको प्रदेश समितिका उपाध्यक्ष कमल तिमिल्सिना तथा प्रदेश कमिटी सचिवालय सदस्यद्वय कृष्णप्रसाद जैसी र वचनबहादुर सिंहले दाबी प्रस्तुत गरेका हुन्। तीनैजना आ-आफ्नो टिम निर्माणमा जुटेका छन्। अध्यक्ष ओलीले काठमाडौँ फर्कनुअघि तीनैजना उम्मेदवारसँग सामूहिक छलफल गरेका थिए। छलफलमा उनले मिलेर जान निर्देशन दिएका बताइएको छ।

सहमतिको प्रयासका लागि महासचिव पोखरेल धनगढीमै बसेका छन्। सहमतिमा नेतृत्व चयन गर्ने भन्दै उनले प्रदेशबाट प्रतिनिधित्व गर्ने पार्टीका केन्द्रीय पदाधिकारी, स्थायी समिति सदस्य, पोलिटब्युरो सदस्य र केन्द्रीय सदस्यहरूसँग छलफल गरिरहेका छन्। 'उम्मेदवारहरू भित्रभित्रै टिम निर्माणमा जुटेका छन्। सहमतिको प्रयास भइरहेकाले टिम बाहिर आइसकेको छैन,' एमालेका एक नेताले भने, 'प्रदेश नेतृत्वलाई लिएर यहाँका केन्द्रीय नेताहरू नै विभाजित भएकाले सहमति नै होला भन्न सकिन्न।'

चुनाव हुने अवस्था आए जैसी र तिमिल्सिनाबीच प्रतिस्पर्धा हुने सम्भावना छ। दुवैजना लामो समयदेखि एमालेको राजनीतिमा सक्रिय छन्। यहाँका शीर्ष नेताहरू दुवै उम्मेदवारको पक्षमा विभाजित देखिएका छन्। सहमति भनिए पनि तिमिल्सिनालाई महासचिव पोखरेलको समर्थन रहेको एमाले स्रोतले जनाएको छ। 'अध्यक्षले पनि त्यही संकेत गरेर जानुभएको छ,' एक नेताले भने, 'भोलिसम्म सहमति नभए चुनावी प्रक्रिया सुरु हुन्छ।'

तिमिल्सिनालाई सचिव लेखराज भट्ट, हालका प्रदेश अध्यक्ष दामोदर भण्डारी, लालबहादुर थापालगायत नेताको समर्थन रहेको बताएको छ। स्थायी समिति सदस्य कर्ण थापा, पोलिटब्युरो सदस्य निरुदेवी पाल, नारदमुनी रानालगायतको समर्थन रहेको छ।

इजरायलमा फसेका नेपालीको उद्धारमा सरकारले बेवास्ता गऱ्यो

अधिवेशन उद्घाटनमा अध्यक्ष ओलीले इजरायलमा रहेका नेपालीको उद्धार र खोजबिनमा सरकारले चासो नदेखाएको आरोप लगाए। उनले इजरायलमा नेपाली मारिएको सन्दर्भमा सरकार कहाँ छ भन्ने प्रश्न गरे। अफगानिस्तानमा हिंसा हुँदा विगतमा आफ्नो सरकारले मृत्यु भएका नेपालीको शव र घाइतेलाई ल्याउने काम तत्कालै गरेको दाबी गर्दै उनले अहिले इजराजयमा भएको घटनामा सरकार हराएको आरोप लगाए।

'अफगानिस्तानमा मान्छे मारिँदा, मान्छे घाइते हुँदा, त्रासदीको परिस्थिति हुँदा हामीले सोझै विमान पठाएर मारिएका मानिसका शवदेखि घाइते र आउन चाहने अरूलाई ल्याउने काम तत्काल गरेका थियौँ,' ओलीले भने, 'अहिले देशमा सरकार छ कि छैन ?' उनले कृषि पढ्न इजरायल गएका सातजना नेपाली विद्यार्थीको त्यहाँको द्वन्द्वमा परेर निधन भएको घटनाप्रति दुःख व्यक्त गरे।

सरकारका कारण देश अप्ठ्यारोमा

दुई वर्ष गठबन्धनको सरकार हुँदा मुलुक अहिले अप्ठ्यारोमा रहेको र थप अप्ठ्यारोमा गइरहेको ओलीको भनाइ थियो। 'एमालेले सरकार छाडेको दुई वर्षमै देश ओरालो लागेको छ,' उनले भने, 'देशको अर्थतन्त्र ध्वस्त भयो, अराजकता बढेको छ, जनताको जीवनस्तर झन् कमजोर भएको छ।'

देश अप्ठ्यारोमा रहेका वेला प्रधानमन्त्री विदेशको तीर्थाटनमा गएर आएको उनले टिप्पणी गरे। प्रधानमन्त्रीको विदेश भ्रमण घुमफिर गर्ने र स्वागत लिनेबाहेक अन्य उपलब्धिपूर्ण नरहेको उनको दाबी छ। 'प्रधानमन्त्री दुई धाम जानुभयो, अमेरिकी धाम र चाइना धाम। दुई धाम गएर उहाँले देशका लागि के गर्नुभयो,' ओलीले भने, 'देशको माया नभएपछि मानसरोवरमा डुबुल्की लगाएर केही हुँदैन।' भारत भ्रमणका क्रममा प्रधानमन्त्रीले सिमाना, इपिजीको प्रतिवदेनलगायत मुलुकका लागि महत्त्वपूर्ण कुनै विषय उठाउन नसकेको ओलीले आरोप लगाए।

सरकारले भ्रष्टाचार नियन्त्रण र सुशासनको नारा दिए पनि सरकारकै संरक्षणमा भ्रष्टाचार भइरहेको आरोप लगाए। सुन तस्करी, ललितानिवासलगायत भ्रष्टाचारका कुनै पनि काण्डमा सरकारले मुद्दा चलाउन नसकेको उनको भनाइ छ। 'सरकारले अहिलेसम्म भ्रष्टाचारमा कुन मुद्दा चलाएको छ, ललितानिवासमा जग्गा आफ्नो बनाउनेलाई होइन किन्नेलाई मुद्दा चलाइएको छ,' उनले भने, 'सुन तस्करीको अहिलेसम्म छानबिनै हुन सकेको छैन।' माओवादी उपाध्यक्ष कृष्णबहादुर महराप्रति लक्षित गर्दै उनले सुन तस्करलाई दुई सय ९४ पटक फोन गर्नेलाई सरकारले उन्मुक्ति दिएको आरोप लगाए।

सञ्चारमाध्यमप्रति आक्रोश

सरकारका गलत कामप्रति मौन रहेको आरोप लगाउँदै ओली सञ्चारमाध्यममाथि पनि खनिए। सरकारको 'दानापानी' खाएर सञ्चारमाध्यम चुपचाप बसेको उनले आरोप लगाए। 'एकजनाले एउटालाई दुई सय ९४ पटक फोन गर्छ, सरकार अझै भन्छ भ्रष्टाचारविरोधी अभियान चलाइरहेका छौँ। सरकारको दानापानी खाएर सञ्चारमाध्यमहरू चुपचाप छन्, एमालेको पालामा कहिले यती, कहिले ओम्नी भनेर कराउँथे,' उनले भने। ओली बोलिरहँदा केही प्रतिनिधिले सहभागी दीर्घाबाट भीम रावल खोइ भनेर प्रश्न गरेका थिए। सहभागीले भीम रावल खोइ भनेपछि ओलीले चुप लाग्न निर्देशन दिएका थिए।

एमाले विशेष प्रदेश अध्यक्षमा पराजुली सर्वसम्मत

नयाँ पत्रिका

एमाले उपत्यका विशेष प्रदेशको अध्यक्षमा प्रेमकुमार पराजुली निर्वाचित भएका छन्। शनिबार सम्पन्न विशेष प्रदेशको प्रथम अधिवेशनले पराजुलीलाई सर्वसम्मत रूपमा अध्यक्ष चयन गरेको हो। अधिवेशनबाट उपाध्यक्षमा विदुर कार्की, सचिवमा मिलन धरेल, उपसचिवमा उर्मिला सुनुवार र जितेन्द्र श्रेष्ठ चयन भएका छन्।

अध्यक्षमा उम्मेदवारी दिएका चन्द्र रिजाल र सचिवमा उम्मेदवारी दिएका चिरञ्जीवी पौडेलले उम्मेदवारी फिर्ता लिएपछि अधिवेशनले सर्वसम्मत नेतृत्व चयन गरेको हो। विशेष प्रदेश कमिटी ९५ सदस्यीय निर्वाचित भएको छ। पदाधिकारीबाहेक सदस्यहरू पनि सर्वसम्मत चयन भएका छन्।

अहिलेसम्म एमालेको ६ वटा प्रदेश अधिवेशन सम्पन्न हुँदा उपत्यका विशेष प्रदेशको अधिवेशनले मात्रै नेतृत्व सर्वसम्मत चयन भएको छ। अन्य प्रदेशमा भने दुईवटै प्यानल प्रतिस्पर्धाबाट नेतृत्व चयन भएका थिए। अधिवेशनको उद्घाटन राष्ट्रिय सभागृहमा भएको थियो। पार्टी अध्यक्ष केपी ओलीले गत शुक्रबार अधिवेशन उद्घाटन गरेका थिए। उनले सकेसम्म सर्वसम्मत नेतृत्व चयन गर्न निर्देशन दिएका थिए।

विस्तारको तीन महिनापछि तरुण दलमा शपथ

केशवप्रसाद पाण्डे/नयाँ पत्रिका

केन्द्रीय समिति विस्तारको तीन महिनापछि तरुण दलका केन्द्रीय सदस्यको शपथग्रहण सम्पन्न भएको छ। गत १३ असारमा तरुण दलको तदर्थ समितिमा चार सय केन्द्रीय सदस्य मनोनीत गरिए पनि शपथ हुन सकेको थिएन।

आइतबार कमलादीस्थित प्रज्ञा प्रतिष्ठानमा आयोजित कार्यक्रममा तरुण दलका अध्यक्ष विद्वान गुरुङले मनोनीत सदस्यलाई शपथ गराए। केन्द्रीय सदस्यलाई पार्टी सभापति देउवाको उपस्थितिमा शपथग्रहण गराउने तयारी गरिएको भए पनि देउवा अस्वस्थ रहेकाले उपस्थित भएनन्। शपथपछि अध्यक्ष गुरुङले अब छिट्टै पहिलो बैठक बसेर महाधिवेशनतर्फ केन्द्रित हुने बताए।

तरुण दलको ०७३ पछि नियमित अधिवेशन हुन सकेको छैन। निवर्तमान अध्यक्ष जितजंग बस्नेत १४औँ महाधिवेशबाट केन्द्रीय सदस्य निर्वाचित भएपछिको अवस्थामा ९ चैत ०७८ मा सभापति शेरबहादुर देउवाले विद्वान गुरुङलाई तदर्थ समितिको अध्यक्ष बनाए। तर, लामो समयसम्म केन्द्रीय समिति घोषणा हुन सकेको थिएन। केन्द्रीय समिति घोषणापछि तरुण दलको पहिलो बैठक समेत बस्न सकेको छैन। जसले केन्द्रीय सदस्यहरू जिम्मेवारीविहीन रहँदै आएका छन्।

नेविसंघको विस्तारमै उल्झन

०७३ पछि नियमित अधिवेशन रोकिएको नेविसंघमा २२ साउनमा सात सय केन्द्रीय सदस्य घोषणा गरिए पनि अझै केन्द्रीय समिति विस्तारमै अल्मलिएको छ।



केन्द्रीय समिति विस्तारमा कांग्रेसको शेखर-गगन समूहको असन्तुष्टि र विरोधपछि ३ भदौमा एक साताभित्र थप नाम समावेश गर्ने र महाधिवेशनकेन्द्रित हुने सहमति बनेको थियो, तर अझै नाम समावेश हुन सकेको छैन।

सहमतिपत्रमा निवर्तमान अध्यक्ष तथा कांग्रेस केन्द्रीय सदस्य राजीव ढुंगानाको रोहवरमा भएको सहमतिमा केन्द्रीय कार्यालयका तर्फबाट मुख्यसचिव कृष्णप्रसाद पौडेलसमेत हस्ताक्षर गरेका थिए। नेविसंघ अध्यक्ष दुजाङ शेर्पा असन्तुष्ट पक्षलाई समेटेर कमिटी विस्तारको तयारीका कारण समय लागेको बताउँछन्। उनले यस विषयमा पार्टी नेतृत्वसँग छलफल भइरहेको बताए।

'आवश्यक नाम समेटेर समेटर महाधिवेशनकेन्द्रित बन्नेछौँ। यसबारे नेतृत्वसँग पनि छलफल भइरहेको छ। पछिल्लो समय इन्जिनियरिङमा भएको शुल्कवृद्धिको आन्दोलन, मूल्यवृद्धिलगायतको विरोधमा नेविसंघको भूमिकाकेन्द्रित हुँदा केही ढिलाइ भएको छ,' शेर्पाको भनाइ छ। तर, सहमतिको डेढ महिनासम्म पनि विस्तार नभएपछि असन्तुष्ट समूहले फेरि आन्दोलन थालेको छ। शुक्रबार दबाबस्वरूप पार्टी कार्यालय सानेपामा जम्मा भएर विरोध गरेका थिए। आन्दोलनको नेतृत्व गरेका तथा सहमतिपत्रमा हस्ताक्षर गर्नेमध्येका विनोद शाही ठकुरीले शनिबार सानेपामा प्लेकार्डसहित प्रदर्शन गरेर नेतृत्वलाई दबाब दिन लागिएको बताए।

'३ भदौमा पार्टीका मुख्यसचिवसहितले गरेको सहमति कार्यान्वयनमा ढिलाइ र बेवास्ता गरिनु उचित होइन। नाममा मात्र सहमति गर्ने र कार्यान्वयनमा विभिन्न बखेडा निकालेर ओझेलमा पार्ने काम भएको छ। यस्ता गलत प्रवृत्तिविरुद्ध हामी फेरि आन्दोलनमा जानुपर्ने अवस्था आएको छ,' ठकुरीले भने। नेविसंघको ०७३ पछि महाधिवेशनको साढे दुई वर्षपछि महाधिवेशन हुन नसकेपछि तत्कालीन अध्यक्ष नैनसिंह महरले राजीनामा दिएका थिए। १६ माघ ०७६ मा राजीव ढुंगानाको संयोजकत्वमा तदर्थ समिति बनाइएको थियो। तर, महाधिवेशन हुन सकेको थिएन।

बागमतीमा सञ्चार व्यवस्थापनसम्बन्धी विधेयक पेस

मकवानपुरमा **पोष्टराज अधिकारी**

बागमती प्रदेश सभाको सोमबारको बैठकमा प्रदेश सञ्चारमाध्यम व्यवस्थापन ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक पेस भएको छ। करिब सात मिनेट बसेर स्थगित भएको बैठकमा प्रदेश मामिला समितिमा दफावार छलफलपछि आएको प्रतिवेदनसहित उक्त विधेयक पेस भएको हो।

समितिका ज्येष्ठ सदस्य शिवराज अधिकारीले विधेयकलाई सदस्यहरूको सुझावसहितको प्रतिवेदन सदनमा पेस गरेका हुन्। यसअघि आइतबार हेटौँडामा बसेको समितिको बैठकले उक्त विधेयकलाई सामान्य परिमार्जनसहित पारित गरेको थियो। उक्त विधेयक यही २४ भदौमा सभामा पेस भएको थियो भने ३१ भदौमा बसेको बैठकले दफावार छलफलका लागि समितिमा पठाएको थियो।

उक्त विधेयकमा एफएम रेडियोको इजाजत प्राप्त गर्ने संस्थाले एक वर्षभित्र प्रसारण गर्न नसकेको मनासिब कारण देखाएमा अर्को ६ महिना प्रसारण गर्ने अवधि थप गरिदिन सक्ने व्यवस्था छ भने उक्त अवधिभित्र पनि प्रसारण नगरेमा सम्बन्धित संस्थाले प्राप्त गरेको फ्रिक्विन्सीका सम्बन्धमा संघीय सरकारलाई जानकारी गराउने व्यवस्थामा गरिएको छ। प्रदेश सरकारका लोककल्याणकारी सूचना तथा विज्ञापनलाई प्रदेशमा दर्ता भएका सञ्चारमाध्यमलाई मन्त्रालयले तोकेको कार्यविधिबमोजिम वितरण गर्ने व्यवस्था पनि संशोधन विधेयकमा उल्लेख छ।

यसैगरी, नवीकरण नगरी कार्यक्रम सञ्चालन गर्ने सञ्चार संस्थाले उठाएको विज्ञापनबापत उठाएको शुल्क असुलउपर गर्ने व्यवस्थालाई हटाई कुनै पनि सञ्चारमाध्यमले ऐन तथा नियमावलीबमोजिम नवीकरण नगरी कार्यक्रम सञ्चालन गरेमा त्यस्तो सञ्चार संस्थाका सम्बन्धमा प्रचलित संघीय कानुनबमोजिम कारबाहीका लागि मन्त्रालयमार्फत संघीय सरकारमा लेखी पठाउने व्यवस्था गरिएको छ। यस्तै, संशोधनमा प्रदेशमा क्रियाशील पत्रकार र सञ्चारमाध्यम लक्षित गरी अध्ययन सामग्री उत्पादन तथा वितरण र क्षमता विकासका लागि तालिम, लेखनवृत्ति तथा प्राविधिक परामर्श कार्यक्रम सञ्चालन गर्न सक्ने व्यवस्था गरिएको छ।



'तेजस' २७ अक्टोबरमा


कंगना रनोटको मुख्य भूमिका रहेको फिल्म 'तेजस'को ट्रेलर रिलिज भएको छ। यस फिल्ममा कंगनाले एक साहसी वायुसेना पाइलटको भूमिका निर्वाह गरेकी छिन्। सर्वेस मेवाडाले निर्देशन गरेको यो फिल्म २७ अक्टोबरमा रिलिज हुनेछ।



तीन भाषामा 'टाइगर ३'

सलमान खानको बहुप्रतीक्षित फिल्म 'टाइगर-३' हिन्दी, तमिल र तेलगू भाषामा रिलिज हुने भएको छ। यशराज फिल्मसको ब्यानरमा बनेको चलचित्रलाई मनीष शर्माले निर्देशन गरेका छन्। निर्माण पक्षले भर्खरै मात्र यसको नयाँ पोस्टर सार्वजनिक गरेको छ।

चाडपर्वमा यस्ता फर्निचरले सजाउनुस् घर



नयाँ पत्रिका

चाडपर्वमा नयाँ फर्निचरले घर सजाउने धेरैको चाहना हुन्छ। मानिसले घरमै बिताउने भएकाले घरको वातावरण स्वभावसुहाउँदो हुनुपर्छ। त्यसैले पनि मानिसमा इन्टेरियर डिजाइनिङप्रति चासो बढ्दै गइरहेको छ।

इन्टेरियर डिजाइनर एसोसिएसन अफ नेपालका महासचिव रामगोपाल तण्डुकार आधुनिक जीवनशैलीसँगै मानिसको आवश्यकता र चाहना पनि फेरिँदै गएको बताउँछन्। उनले घरको आन्तरिक सजावटमा विभिन्न सामग्री मिश्रण गरी फर्निचर बनाउने चलन बढेको बताए। 'सहरी क्षेत्रमा आधुनिक शैलीका घरमा निर्माणसँगै आकर्षक र आरामदायी फर्निचरको प्रयोग बढेको छ। जसले गर्दा जीवनशैली र प्रयोगकर्ताअनुकूल सामग्री बनाउने क्रम बढ्दो छ,' महासचिव तण्डुकार भन्छन्, घरमा बेड, सोफा सेट, डाइनिङ सेट, टेबल, कुर्सी, दराजलगायत धेरै प्रयोगमा आउने फर्निचरको माग बढ्दो छ।'

घरमा फर्निचरको प्रयोग गर्दा फरक लुक्स दिने चाहना धेरैमा हुने गरेको उनी बताउँछन्। 'त्यसैले बजारमा बेत, बाँस, रड, आइरन तथा प्लास्टिकका फर्निचर पनि चलेका छन्,' उनले भने।

नयाँ घर मात्रै नभएर पुराना घरमा पनि इन्टेरियर डिजाइनिङ गर्न सकिने उनले बताए। उनले समय, पैसा र स्थानको बचत गर्नुका साथै घरलाई आकर्षक लुक्स दिन इन्टेरियर डिजाइनरसँग सहकार्य गर्दा राम्रो हुने बताए। 'घरभित्रका प्रत्येक स्थानलाई कसरी आकर्षक रूप दिने भन्नेबारे इन्टेरियर डिजाइनरले ध्यान दिएका हुन्छन्,' उनले भने।

इन्टेरियर डिजाइनर मुकेश महर्जन कोठाको रङसँग मिल्दो फर्निचर खरिद गर्नुपर्ने बताउँछन्। उनी भन्छन्, 'घरको थिमअनुसार सजावटमा ध्यान दिनुपर्छ। क्लासिक गर्ने कि मोर्डन डिजाइनमा गर्ने भन्ने कुरा ख्याल गर्नुपर्छ। फर्निचर किनेर मात्रै हुँदैन, भित्ताको रङसँग पनि मिलाउनुपर्छ। सोफा मिलाउँदा लाइट नमिल्ने, पर्दा मिलाउँदा भित्ताको रङ नमिल्ने भयो भने भद्दा देखिन्छ त्यसले थिममा क्लासिक वा मोडर्न के छ, त्यहीअनुसार फर्निचरको मिलाउनुपर्छ।'

बजेटलाई ध्यानमा राखेर कोठामा उपलब्ध क्षेत्रफलअनुसार फर्निचर किन्दा उपयुक्त हुने उनले बताए। 'कतिपयले हतारमा बजारबाट सामान किनेर ल्याउँदा कोठाको इन्टेरियरअनुसार नहुँदा सुहाउँदो हुँदैन। बजारबाट फर्निचर घरमा ल्याउँदा नमिल्न पनि सक्छ। हेर्दा आकर्षक देखेर ल्याइन्छ, तर कमसल पर्ने सम्भावना हुन्छ,' उनी भन्छन्, 'त्यसैले फर्निचर राख्ने कोठाको नाप अनिवार्य लिनुपर्छ। कोठाको ठाउँ विचार गरेर फर्निचर किन्ने योजना बनाउनु राम्रो हुन्छ।'

उनले आवश्यकताअनुरूप फर्निचरको सूची तयार गरी फर्निचर खरिदको योजना बनाउनुपर्ने बताए। 'आफ्नो घरमा सुहाउँदो र खर्च कम लाग्ने फर्निचर छनोट गर्नु बुद्धिमानी हुन्छ। सबै घरको आफ्नै विशेषता हुन्छ, फर्निचर पनि त्यस्तै खालका मिलाउनुपर्ने हुन्छ,' उनी भन्छन्, 'फर्निचर किन्दा रङ र डिजाइन मात्रै महत्त्वपूर्ण हुँदैन, टिकाउ कति हुन्छ भन्ने पनि महत्त्वपूर्ण हुन्छ। घरमा एकैखाले फर्निचर राख्नुभन्दा पनि कोठाअनुसार फरक-फरक बनाउँदा लुक्स आकर्षक देखिन्छ।'

नेपाली बजारमा स्वदेश र विदेशमा उत्पादित विभिन्न ब्रान्डका नयाँ डिजाइनका फर्निचर पाइन्छन्। सस्तो बजेटमा पनि फर्निचर राख्न सकिन्छ। वालपेपर, फ्लोरिङअनुसार कसरी कोठालाई चिटिक्क बनाउने, भान्छा, बेडरुम र बैठकमा कस्ता फर्चिनर राख्ने भन्ने विषयमा पनि ध्यान दिन जरुरी हुन्छ। 'इन्टेरियर डिजाइनरसँग परामर्श गरेर सजावटका काम गर्दा धेरै आकर्षक लुक्स दिन सकिन्छ,' महर्जनले भने।

मुकेश महर्जन
इन्टेरियर डिजाइनर

घरको थिमअनुसार सजावटमा ध्यान दिनुपर्छ। क्लासिक गर्ने कि मोडर्न डिजाइनमा गर्ने भन्ने कुरा ख्याल गर्नुपर्छ। फर्निचर किनेर मात्रै हुँदैन, भित्ताको रङसँग पनि मिलाउनुपर्छ।



रामगोपाल तण्डुकार
महासचिव, इन्टेरियर डिजाइनर एसोसिएसन अफ नेपाल

सहरी क्षेत्रमा आधुनिक शैलीका घरमा निर्माणसँगै आकर्षक र आरामदायी फर्निचरको प्रयोग बढेको छ। सोफा सेट, डाइनिङ सेट, टेबल, कुर्सी, दराजलगायत फर्निचरको माग बढ्दो छ।

रैथाने परिकार

पौष्टिकताले भरिपूर्ण कोदो



हुम्ला/ उच्च हिमाली जिल्ला हुम्लामा रातो कोदो, कालो कोदो, डल्ले कोदो, अवले, तेमासे, लाट्या, नंग्रा र देशी कोदो पाइन्छन्। संयुक्त राष्ट्रसंघले सन् २०२३ लाई अन्तर्राष्ट्रिय कोदो वर्षका रूपमा मनाउन अह्वान गरेअनुसार बिहीबार यहाँ कोदो बाली विकास एवं प्रवर्द्धन कार्यक्रम गरियो।

कर्णालीका कृषिमन्त्री भीमप्रकाश शर्माले 'खाद्य पोषण सुरक्षा, वातावरण तथा ग्रामीण रूपान्तरणका लागि कोदो बाली' भन्ने नाराका साथ कोदो दिवस मनाइएको बताए। पछिल्लो समय कृषकले परम्परागत रैथाने बालीहरू उत्पादन गर्न छाडेको र आयातित खाद्यान्नमा आकर्षित भएको मन्त्री शर्माले बताए।

उनले रैथाने बालीको संरक्षणका लागि सरकारले सहयोग गर्ने भन्दै कर्णालीका ११ वटै जिल्लामा कोदोखेती गर्न किसानलाई आग्रह गरे। नाम्खा गाउँपालिका-१ की टिडोल्मा लामाले कोदोबाट हलुवा, रोटी, ढिँडो, पुवा, थुप्कातुम्बालगायत विभिन्न

कोदोका फाइदा

कोदोबाट हलुवा, रोटी, ढिँडो, सातु, लिटो, खोले, पुवालगायत विभिन्न परिकार बन्छन्। कोदोमा क्याल्सियम, आइरन, जिंक, फोस्फोरस, म्याग्नेसियम, पोटासियम, फाइबर, भिटामिन बी-६ लगायत हुन्छ।

कोदो सेवन एसिडिटीको समस्या कम गर्नका लागि लाभदायक हुने विज्ञहरू बताउँछन्। यसले रोगप्रतिरोधी क्षमता बढाउँछ। यसमा रहेको भिटामिन बी-३ ले शरीरको मेटाबोलिजमलाई सन्तुलित राख्ने काम गर्छ।

टाइप १ र टाइप २ डायबिटिजको समस्याका लागि पनि कोदो फाइदाजनक छ। आस्थमाका बिरामीका लागि पनि कोदो लाभदायक छ। यसले शरीरलाई डिटक्सिफाई गर्ने काम गर्छ। यसमा एन्टिअक्सिडेन्ट गुण प्रचुर हुन्छ।

यसले शरीरलाई ततााउने काम गर्छ। त्यसैले चिसो समयमा यसको सेवन निकै लाभदायक छ। यसमा रहेका फाइबर, प्रोटिन, मिनरल्स र भिटामिनले शरीरमा स्फूर्ति बढाउँछ।

क्यानभासमा खोटाङ

खोटाङ/ दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका, खोटाङ र धनु आर्ट स्टुडियो, काठमाडौंले आयोजना गरेको 'मुन्दुम अन्तर्राष्ट्रिय प्लेन एयर चित्रकला कार्यशाला तथा कला प्रदर्शनी-२०८०' मा सहभागी स्वदेशी/विदेशी चित्रकारहरूले खोटाङलाई क्यानभासमा उतारेका छन्। असोज १७ गतेदेखि सुरु भएको कार्यशाला तथा प्रदर्शनी शनिबार सम्पन्न भएको हो।



यस दौरान ख्यातिप्राप्त चित्रकारले मझुवागढी, किराँतचोक, भवनगैरा, हाटडाँडा, शंखधर शाख्वाचोक, शुभम् फाउन्डेसन र जालपा पुगेर फरक-फरक दृश्यका प्रत्यक्ष चित्र कोरेका छन्।

स्वदेश तथा विदेशबाट आएका ख्यातिप्राप्त चित्रकारले उतारेका चित्रमा समग्र खोटाङको तस्बिर झल्किएको नगर प्रमुख तीर्थराज भट्टराईले प्रतिक्रिया दिए। 'खोटाङको ऐतिहासिक, धार्मिक तथा पर्यटकीय स्थलहरूलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा परिचित गराउँदै यहाँको संस्कृति, सभ्यता, धार्मिक तथा पर्यटकीय क्षेत्रको प्रवर्द्धनमा टेवा पुऱ्याउने हाम्रो प्रमुख उद्देश्य हो,' उनले भने। चित्रकला कार्यशाला तथा कला प्रदर्शनीमा नेपालसहित अस्ट्रेलिया, बंगलादेश, भुटान, चीन, जापान, इजिप्ट, भारत, लातभिया, लिथुआनिया, दक्षिण कोरिया, अमेरिका, युक्रेन र भियतनामका गरी ४३ जना चित्रकार सहभागी थिए।

BEST FINANCE COMPANY LTD.
बेष्ट फाइनान्स कम्पनी लि.
नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतप्राप्त वित्तीय संस्था
BFC
प्रधान कार्यालय बेष्ट भवन, कमलादी, काठमाण्डौं
फोन: ०१-४५४२४६१/२/३

VACANCY ANNOUNCEMENT

Best Finance Company Ltd., a leading "C" class National Level Finance Company invites application from self-motivated, skilled, dynamic and result oriented Nepalese individuals who have passion to excel in banking sector for the following position:

1. Branch Manager: 1
(Narayangadh, Chitwan)
- Position: Negotiable (Based on Competency & Experience)
- Qualification: Bachelor's Degree in Management/Economics or Equivalent Degree from recognized University.
- Experience: Minimum 2 years' experience in banking sector, Preference will be given to candidates having experience in Credit, Business Development and Branch Management.

2. Assistant level staff: Few
(Kathmandu, Lalitpur, Narayangadh, Butwal region)
- Qualification: Should have Intermediate degree in management or Equivalent Degree from recognized University. Preference will be given for Bachelor's degree.
- Experience: Minimum 1 years' experience in banking sector, Preference will be given to candidates having experience in Co-operatives/ Finance Company.

The applicant should possess excellent communication skills, smart personality, pleasant and cheerful nature with excellent interpersonal skills, leadership ability and positive attitude.

TO APPLY
Interested candidates meeting the above criteria are encouraged to e-mail their application, updated CV and recent photograph at vacancy2080@outlook.com within 15 days from notice published date.

Only shortlisted candidates will be called for the further selection process. Finance Company reserves the right to reject any/all applications without assigning any reason whatsoever.

Salaries and perks: As Per Company's Employees Service By-laws

कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा राखिनेबारे
कृषि विकास बैंक लि., शाखा कार्यालय, आमबारी, मोरङको ३५ दिने सूचना

यस बैंकबाट तपशिलबमोजिमका व्यक्ति/फर्म/कम्पनीहरूले निम्न उद्देश्यका लागि विभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिएबमोजिमअनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले बारम्बार मौखिक, लिखित तथा कर्जा बुझाउनेबारेको २१ (एक्काइस) दिने सूचना पत्रपत्रिकामा प्रकाशन गरी ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, ब्याजलगायतका रकम समेत नबुझाएको हुँदा सूचना प्रकाशित भएको मितिले ३५(पैंतीस) दिनभित्र बुझाउन यो सूचना प्रकाशन गरिएको छ। उल्लेखित मितिभित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ को दफा ५७ तथा नेपाल राष्ट्र बैंकबाट जारी कालोसूचीसम्बन्धी निर्देशन र कृषि विकास बैंक लि.को प्रचलित कर्जा असुली कार्यविधिबमोजिम ऋणी व्यक्ति/फर्म/कम्पनी र सोको प्रोप्राइटर/साझेदार/सञ्चालकहरू तथा बैंकबाट कर्जा लिन धितो मञ्जुरीनामा/व्यक्तिगत जमानत दिनेहरू समेतलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गरी अन्य आवश्यक कानुनी कारबाही अगाडि बढाइने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइएको छ।

१. कर्जा ग्राहकको नाम	रजिष्टर्ड ठेगाना	दर्ता नं.,पान नं. र मिति	दर्ता भएको कार्यालय	लगानीमा रहिरहेको रकम	बाँकी ब्याज (मिति २०८० भदौ मसान्तसम्मको)
ढकाल खुद्रा मदिरा होटल	रतुवामाई ०६, मोरङ	३०५३४०३७५, मिति २०६८।०४।०१	आ.रा.का., विराटनगर	९४३७७३।००	१३६५५३।००
सञ्चालक/प्रोपाइटर/मञ्जुरीनामावाला/जमानतकर्ताहरूको विवरण					
नाम, थर	**ठेगाना**	**ना.प्र.नं./मिति**	**जिल्ला**	**बाबुको नाम**	**बाजेको नाम**
प्रो. केदार ढकाल	रतुवामाई ०६, मोरङ	२६०६०/४३८ मिति २०५२।११।१५	तेह्रथुम	भुवानी प्रसाद ढकाल	पूर्णानन्द खतिवडा
चन्द्रा खतिवडा ढकाल	रतुवामाई ०६, मोरङ	०५२०५५/१२४०४, मिति २०६९।११।०६	मोरङ	पूर्णानन्द खतिवडा	केदार ढकाल
२. कर्जा ग्राहकको नाम	**रजिष्टर्ड ठेगाना**	**दर्ता नं.,पान नं. र मिति**	**दर्ता भएको कार्यालय**	**लगानीमा रहिरहेको रकम**	**बाँकी ब्याज (मिति २०८० भदौ मसान्तसम्मको)**
शोभित नारायण ताजपुरिया	रतुवामाई ०४, मोरङ			९५०००।००	१५४८२३।५८
सञ्चालक/प्रोपाइटर/मञ्जुरीनामावाला/जमानतकर्ताहरूको विवरण					
नाम, थर	**ठेगाना**	**ना.प्र.नं./मिति**	**जिल्ला**	**बाबुको नाम**	**बाजेको नाम**
सोभित नारायण ताजपुरिया	रतुवामाई ०४, मोरङ	४०३०/८४२, मिति २०४६।०२।१२	मोरङ	चन्दन ताजपुरिया	रतनलाल ताजपुरिया
शुशिला देवी ताजपुरिया	रतुवामाई ०४, मोरङ	१३१८९, मिति २०५९।०२।०९	मोरङ	किलाल ताजपुरिया	सोभित नारायण ताजपुरिया
३. कर्जा ग्राहकको नाम	**रजिष्टर्ड ठेगाना**	**दर्ता नं.,पान नं. र मिति**	**दर्ता भएको कार्यालय**	**लगानीमा रहिरहेको रकम**	**बाँकी ब्याज (मिति २०८० भदौ मसान्तसम्मको)**
पूर्ण कुमारी ताजपुरिया	रतुवामाई ०७, मोरङ			४०००००।००	४१६८४३।७६
सञ्चालक/प्रोपाइटर/मञ्जुरीनामावाला /जमानतकर्ताहरूको विवरण					
नाम, मथर	**ठेगाना**	**ना.प्र.नं./मिति**	**जिल्ला**	**बाबुको नाम**	**पतिको नाम**
पूर्ण कुमारी ताजपुरिया	रतुवामाई ०७, मोरङ	२३११२०४९७, मिति २०४४।११।३०	मोरङ	अमृत लाल ताजपुरिया	बंशी लाल ताजपुरिया
बंशी लाल ताजपुरिया	रतुवामाई ०७, मोरङ	६५५, मिति २०४४।११।०३	मोरङ	महाविर ताजपुरिया	पूर्णकुमारी ताजपुरिया
४. कर्जा ग्राहकको नाम	**रजिष्टर्ड ठेगाना**	**दर्ता नं.,पान नं. र मिति**	**दर्ता भएको कार्यालय**	**लगानीमा रहिरहेको रकम**	**बाँकी ब्याज (मिति २०८० भदौ मसान्तसम्मको)**
प्रदिप कुमार साह	रतुवामाई ०२, मोरङ			६००००।००	७७४०२।४२
सञ्चालक/प्रोपाइटर/मञ्जुरीनामावाला/जमानतकर्ताहरूको विवरण					
नाम, थर	**ठेगाना**	**ना.प्र.नं./मिति**	**जिल्ला**	**बाबुको नाम**	**बाजेको नाम**
प्रदिप कुमार साह	रतुवामाई ०२, मोरङ	१७९३, मिति २०४४।१२।०५	मोरङ	सरजुग साह	गेना लाल साह
प्रमिला देवी साह	रतुवामाई ०२, मोरङ	०५३०१४/२२, मिति २०६३।१२।०५	मोरङ	प्रदिप कुमार साह	धनी लाल शाह
५. कर्जा ग्राहकको नाम	**रजिष्टर्ड ठेगाना**	**दर्ता नं.,पान नं. र मिति**	**दर्ता भएको कार्यालय**	**लगानीमा रहिरहेको रकम**	**बाँकी ब्याज (मिति २०८० भदौ मसान्तसम्मको)**
पवित्रा देवी सिंह	रतुवामाई ०१, मोरङ			६००००।००	९५०१३।४२
सञ्चालक/प्रोपाइटर/मञ्जुरीनामावाला/जमानतकर्ताहरूको विवरण					
नाम, थर	**ठेगाना**	**ना.प्र.नं./मिति**	**जिल्ला**	**पतिको नाम**	**बुवाको नाम**
पवित्रा देवी सिंह	रतुवामाई ०२, मोरङ	१२९, मिति २०४३।०९।१४	मोरङ	स्व.कपिलदेव सिंह राजपुत	गयानन्द सिंह राजपुत
सन्तोष कुमार सिंह	रतुवामाई ०२, मोरङ	२०३४/८४१६, मिति २०६८।०७।२९	मोरङ	स्व.कपिलदेव सिंह राजपुत	पवित्रा देवी सिंह
६. कर्जा ग्राहकको नाम	**रजिष्टर्ड ठेगाना**	**दर्ता नं.,पान नं. र मिति**	**दर्ता भएको कार्यालय**	**लगानीमा रहिरहेको रकम**	**बाँकी ब्याज (मिति २०८० भदौ मसान्तसम्मको)**
शान्ति देवी साह	सुनबर्षी, ०७ मोरङ		_	७००००।००	१०४५८८।३२
सञ्चालक/प्रोपाइटर/मञ्जुरीनामावाला/जमानतकर्ताहरूको विवरण					
नाम, थर	**ठेगाना**	**ना.प्र.नं./मिति**	**जिल्ला**	**बाबुको नाम**	**पतिको नाम**
शान्ति देवी साह	सुनबर्षी ०७, मोरङ	३४०००/०३५ मिति २०३५।०१।१२	मोरङ	सौखी साह	महेश लाल साह
महेश लाल साह	सुनबर्षी ०७, मोरङ	३४०००/०३५ मिति २०३५।०९।३०	मोरङ	रित लाल साह	शान्ति देवी साह

कृषि विकास बैंक लिमिटेड
कोशी प्रदेश कार्यालय, विराटनगर

चाडपर्वमा सार्वजनिक सवारीको सकस

सानो त्रुटि र थोरै समयको हतारले मान्छेको ज्यान नै जोखिममा पर्न सक्ने स्थितिको आकलन गरेर सचेत भई सवारीसाधन सञ्चालन गर्नुपर्छ



● सञ्जीव कार्की

अग्रलेख



हामी नेपाली हाम्रा महत्त्वपूर्ण र ठूला चाडबाडको सँघारमा छौं । २८ गते घटस्थापनादेखि दसैं विधिवत् सुरु हुनेछ । दसैंलगत्तै तिहार र छठजस्ता थप महत्त्वपूर्ण चाड पनि क्रमशः आइ नै हाल्छन् । कुनै पनि चाडपर्व कसैका लागि पनि रमाइला र स्मरणीय हुन्छन् । आ-आफ्नो गच्छेअनुसार हरेक पर्व सबैले खुसीसाथ मनाउने वातावरण सिर्जना गर्नु हामी सबैको कर्तव्य हो । दसैंमा विभिन्न पेसा, व्यवसाय र शिक्षादीक्षाका क्रममा देश तथा विदेशका विभिन्न भागमा पुगेका नेपाली घर फर्किन्छन् । घर फर्किने क्रममा उनीहरूले स्थल तथा हवाई यातायातका साधन प्रयोग गर्छन् । यसर्थ, दसैं हाँसोखुसीका साथ मनाउन सवारीसाधनका चालक, यात्रु र सवारीसम्बद्ध सबैले आआफ्नो स्थानबाट सजग, सचेत र इमानदारीसाथ काम गर्नुपर्छ । दसैंलाई भव्य, सभ्य र सुसंस्कृत बनाउन सबैले आ-आफ्नो आचरण र व्यवहार अनि शैलीमा रूपान्तरण गर्नु जरुरी छ । यसका लागि सबैका तर्फबाट केही सचेतता, होसियारी, विवेक र निष्ठाको प्रयोग आवश्यक देखिन्छ । यात्रुको असहजताको फाइदा उठाएर चर्को भाडा असुल्ने अनैतिकताको नियमन जरुरी छ ।

सरकारदेखि सामान्य मान्छेसम्मका फरक-फरक दायित्व छन्, जसले पर्व उल्लासमय बन्न सहयोग गर्छ । दसैंमा धेरै मान्छे गाउँघर फर्किन्छन् । जसले गर्दा देशभरका सानाठूला सडक या राजमार्गमा सवारी चाप निकै बढ्छ । त्यसैले सवारीसम्बद्ध चालक, सहचालक, बस व्यवसायी, यात्रु, कर्मचारी, सरकार सबैले सुझबुझसाथ आ-आफ्नो कर्तव्यमा खट्नुपर्ने हुन्छ । उसै पनि हाम्रा बाटाहरू मृत्युको धराप थापिएजस्ता छन् । अधिकांश सडक अव्यवस्थित छन् । अवैज्ञानिक र धरातलीय यथार्थ नबुझी खनिएका सडक सवारीसाधनमा यात्रायोग्य नै छैनन् । त्यहीं माथि यातायात व्यवसायीको चर्को सिन्डिकेट छ । तर, जतिसुकै अप्ठ्यारो र चुनौतीपूर्ण भए पनि हामीले तिनै सडक र तिनै सवारीसाधनबाटै यात्रा नगरी धरै छैन ।

प्राविधिक रूपमा अडिट नभएका गुणस्तरहीन सडक, लामो रुटमा एकजना मात्र चालकले सवारीसाधन हाँक्नुपर्ने चुनौती, साँघुरा र घुम्तीयुक्त सडक, विशेष ठाउँमा ट्राफिक संकेत र सूचनाको अभाव, बढी पैसा कमाउने लोभमा यात्री तान्ने होडमा अनियन्त्रित गतिमा हाँकिने सवारीसाधन, सवारीसाधनले थेग्नै नसक्ने यात्रुको चाप आदिलाई सवारी दुर्घटना हुने सम्भावित कारण मान्ने गरिन्छ । विभिन्न अनुसन्धान र अध्ययनले औंल्याएका र हरेक दिनजसो दोहोरिइरहने यस्ता कमीकमजोरीका कारण हाम्रा चाडपर्व कहिलेकाहीं निकै खल्ला हुने गरेका छन् । दसैंलगायत चाडपर्व र चुनावका वेलामा सडक दुर्घटनाको ग्राफ अरू वेलाभन्दा बढी नै उकालिएको देखिन्छ । सवारीसाधनको यात्रामा चालकदेखि यात्रुसम्म सबैमा जहिल्यै संवेदनशीलता चाहिन्छ, तर यस्ता विशेष अवसरमा झनै बढी गम्भीरताको खाँचो पर्छ ।

चालक पेसा आफैंमा संवेदनशील र धेरै मान्छेको जीवन हत्केलामा बोकेर हिंड्ने गहन जिम्मेवारी बोकेको पेसा हो । सधैं जोखिम मोलेर मान्छेको ज्यान बोकेर हिंड्ने पेसा आमपेसाभन्दा संवेदनशील धेरै महत्त्वपूर्ण हुन्छ । सबैभन्दा सम्मानित पेसा पनि हो यो । तर, हामी यही पेसालाई हेलाहोचो पनि गर्छौं । कतिपय यस पेसासँग सम्बद्ध मान्छेले पनि यसको गरिमा गिराएका छन् । सधैं सम्मानपूर्वक राख्नुपर्ने र मानसिक, शारीरिक, भावनात्मक सबै किसिमले स्वस्थ मान्छेले गर्नुपर्ने पेसा हो यो । तर, हामीकहाँ सबैभन्दा तनावमा यदि कुनै पेसाकर्मी देखिन्छ भने त्यो सवारीचालक नै हुन्छ । सवारीचालक सधैं चनाखो, भद्र र शालीन हुनुपर्छ । चालक जहिल्यै मानसिक र शारीरिक रूपमा स्वस्थ रहनुपर्छ । उसले आफ्नो सवारीसाधन जहिल्यै सही हालतमा राख्न सक्नुपर्छ । चालक धैर्यवान् पनि हुनुपर्छ । यस्ता अनेकन गुण र सामर्थ्यले चालक समृद्ध हुनुपर्छ । चालक सामान्य, तर असामान्य क्षमताको हुनु अपरिहार्य छ । त्यसका अतिरक्त चालक कुनै पनि लागुपदार्थ तथा मादक पदार्थको दुर्व्यसनबाट टाढै रहन सक्नुपर्छ । धेरै मान्छेको जीवन एकसाथ लिएर हिँडने चालकको धैर्य, संयम र सुझबुझमा सम्भावित दुर्घटना टार्ने ल्याकत हुन्छ । उसको आँखाको ज्योतिसमेत स्पष्ट हुनुपर्छ । विशेषतः सवारी तथा यातायात व्यवस्था ऐन २०४९ को परिच्छेद ४ को चालक अनुमतिपत्रसम्बन्धी व्यवस्थाको दफा ४७ बमोजिम योग्यता र गुणले युक्त हुनुपर्छ । सवारी चलाउन जानेको छ भन्दैमा सहचालकलाई सवारी चलाउन दिनुहुँदैन । नयाँ ठाउँमा पहिलोपटक गाडी लिएर जाँदा त्यहाँको भूगोल, हावापानी आदि सबै पक्ष जानकारीमा लिनुपर्छ । केही यस्ता ठाउँ पनि हुन्छन्, जहाँ पानी पर्ने, हुस्सु लाग्ने र पहिरो जाने सम्भावना जतिसुकै वेला रहन्छ । मौसमको अनुकूलता र प्रतिकूलताबारे जानकार चालक हुँदा दुर्घटनाबाट हुन सक्ने सम्भावित क्षति रोक्न सकिन्छ ।

> प्राविधिक रूपमा अडिट नभएका गुणस्तरहीन साँघुरा र घुम्तीयुक्त सडक, लामो रुटमा एकजना मात्र चालकले सवारीसाधन हाँक्नुपर्ने चुनौती, ट्राफिक संकेत र सूचनाको कमी, यात्री तान्ने होड, अनियन्त्रित गति, यात्रुको थेग्नै नसक्ने चाप आदि सवारी दुर्घटनाका सम्भावित कारण हुन्

दसैं धेरैलाई आफ्नो माटो छुने अवसर पनि हो । आफ्नो नाभी गाडिएको माटोको स्पर्शले मातृभूमिप्रतिको प्रेम गाढा गराउँछ । यही प्रेममा द्रविभुत भई दसैं, तिहार र छठजस्ता पर्व पारेर बिदेसिएका नेपाली स्वदेश फर्कने र सहरकेन्द्रित बसोवास व्यवसाय, अध्ययन गर्ने मान्छेहरू गाउँ फर्कने गर्छन् । तसर्थ, यस्ता पर्वमा गाउँ जानेको भिड धेरै हुने र यातायातका साधन, यातायात मजदुर र व्यवसायीले धेरै लोड वहन गर्ने समय हो । धेरै धपेडी, अनिद्रा थकाइजस्ता समस्या मजदुरहरू देखिन्छन् । अत्यधिक भार बोकेर निरन्तर गुड्दा सवारीसाधनको भारवहन क्षमतामा ह्रास आई उपकरणमा प्राविधिक समस्या आउन सक्ने अवस्था हुन्छ । त्यसैले, यस्तो गम्भीर र संवेदनशील घडी र सबैलाई हतार भएको वेलामा यातायातका साधनको चेकजाँचमा ध्यान खासै गएको हुँदैन । सानो त्रुटि र थोरै समयको हतारले मान्छेको ज्यान नै जोखिममा पर्न सक्ने स्थितिको आकलन गरेर सचेत भई सवारीसाधन सञ्चालन गर्नु बुद्धिमानी हुन्छ ।

भौतिक मन्त्रालयका सचिव केशवकुमार शर्मा भन्छन्- 'सडक दुर्घटनाका मूलतः तीन कारण हुन्छन्- नेपालको जटिल भूभागमा सवारी पुऱ्याउनुपर्ने बाध्यता, चालक, यात्रु तथा कुनै पनि मानिसको लापरबाही र डोजर अपरेटरको डिजाइनमा खनिएका गुणस्तरहीन सडक । दक्ष इन्जिनियरको साटो स्थानीय जनप्रतिनिधि र डोजर अपरेटरले डिजाइन गरेको सडकमा वर्कसपका सामान्य प्राविधिकले मर्मत गरेका सवारीसाधनले सडकको 'ग्रेभिटी' सन्तुलित गर्न सक्दैनन् र दुर्घटना हुन्छ । अनि, अनाहकमा नागरिक मारिन्छन् ।

प्राविधिक र दक्ष मान्छेले औंल्याएको पक्षमा ध्यान दिनु, नियामक निकायले विनाप्रलोभन नियमन गर्नु र यातायात व्यवसायी र यातायात मजदुरले अनुशासित र नैतिक बन्नु, यात्रुले चालक र सवारी मजदुरलाई भाडालगायत विषयमा अनावश्यक विवादमा नपार्नु पनि दुर्घटना न्यून गर्न सकिने आधार हुन् ।

सडक दुर्घटना रोक्नका लागि विभिन्न देशले 'रोड सेफ्टी काउन्सिल' स्थापना गरेर काम गरेका छन् । नेपालमा पनि रोड सेफ्टी काउन्सिलको आवश्यकता परेको महानगरीय ट्राफिक प्रहरी कार्यालयका अधिकारी र यातायातविज्ञहरूको बुझाइ छ ।

चालकले तीव्र गतिमा बस हुइँक्याउने, ओभरटेक गर्ने, सवारीसाधन हाँक्दै मोबाइल फोनमा कुरा गर्ने, ओभरलोड यात्रु राख्नेजस्ता विषयले पनि दुर्घटना निम्तिने खतरा रहेको ट्राफिक प्रहरीको निष्कर्ष छ । चालकले सामान्य गल्ती गर्दा उसलाई दण्ड गर्ने महसुस गराएर हो, थर्काएर तनाव दिएर र बेइज्जत गराएर होइन । चालक तनावरहित, नशालु पदार्थबाट पर, अनिद्रा भोक र त्रासरहित अवस्थामा रहनुपर्छ । चालकको दिमागमा सुरक्षित यात्रा र ट्राफिक नियमको पालना मात्र हुनुपर्छ । चालक प्राविधिक रूपमा दक्ष र आचरणमा पनि अब्बल हुनु अनिवार्य छ । गाडी चलाउने चालक त हो नि भनेर जसलाई पनि लाइसेन्स दिन बन्द गरिनुपर्छ । यो आममान्छेको जिन्दगी बोकेर हिंड्ने पेसा हो । चाहँदैमा जोकोही सहजै चालक बन्न सक्तैनन् । सवारीचालकलाई व्यवस्थित, मर्यादित र अनुशासित बनाउन लिखित र प्रयोगात्मक परीक्षा मात्र होइन, उसको आनीबानीको समेत मूल्यांकन परीक्षा लिने व्यवस्था हुनुपर्छ । सवारीचालकले सवारीमा यात्रुको स्वास्थ्य, सुरक्षा, खानपान, दिसापिसाबजस्ता सबै पक्षलाई पनि ध्यानमा राखेर यात्रुको सुविधा, असुविधा सोधखोज गर्दै गाडी रोक्ने र हाँक्ने गर्नुपर्छ । चालक र सहचालकका लागि मनोवैज्ञानिक काउन्सिलिङ बारम्बार दिने व्यवस्था हुनुपर्छ । सबैभन्दा ठूलो कुरा, यात्रुप्रतिको गहन अभिभारा सदैव महसुस गर्ने सवारी कर्मचारी, चालकको व्यवस्था गर्ने परिपाटी निर्माण गर्नुपर्छ ।

(कार्की अनुसन्धाता हुन्)

---

३ प्रश्न

संघीयताविज्ञ **खिमलाल देवकोटा**लाई तीन प्रश्न



कोशी प्रदेशको १० महिनाको राजनीतिक खिचातानीको संकेत के हो ?

यसले राम्रो संकेत दिएको छैन । प्रदेश र स्थानीय तहमा पनि संघमा भएकै गठबन्धन हुनुपर्छ भन्नु गलत हो । माथि जुन गठबन्धनको सरकार छ, प्रदेशमा त्योभन्दा भिन्न दल या गठबन्धनको सरकार पनि हुन सक्छ । प्रदेश र स्थानीय तहले आआफ्नो आवश्यकता र औचित्यअनुसार निर्णय लिन सक्छन् र उनीहरूलाई त्यो छुट दिनु पनि पर्छ । दलहरूका आआफ्नै प्रदेश कमिटीहरू छन् । तिनैलाई निर्णय गर्न दिए पनि हुन्छ । तर, दलहरूले माथिबाटै लादिरहँदा संघीयता र प्रदेश संरचनामाथि नै गलत सन्देश प्रवाहित भइरहेको छ ।

कोशीमा मध्यावधि निर्वाचनको जोखिम कति देख्नुहुन्छ ?

हामीकहाँ मिलिजुली सरकार बनाउने कल्चर बनिसकेकै छैन । तलका संरचनालाई आफैंले निर्णय गर्न दिनुपर्छ । एउटा निर्वाचन भएको यति छोटो समयमै पुनः निर्वाचनमा गइयो भने त्यसबाट नागरिकमा यो प्रणालीप्रति नै वितृष्णा बढ्न सक्छ । त्यसैले पनि मध्यावधिमा जानु हुँदैन । प्रदेश आफैंले निर्णय गरेर यस संकटको समाधान खोज्नुपर्छ ।

संघीयता पक्षधर नेतृत्वले कोशीबाट सिक्नुपर्ने पाठ के हो ?

प्रदेश संरचना खर्चिलो भयो भन्ने प्रश्न बारम्बार उठिरहेको छ । त्यसैले, प्रदेश सांसदको संख्या ३३० मा झार्नुपर्छ । प्रदेशमा समानुपातिक व्यवस्था नभए पनि हुन्छ । निर्वाचन प्रणालीमा सुधार गरेर जान सक्नुपर्छ । प्रणाली सुधार नगरी निर्वाचनमा जाँदा फेरि पनि उही नतिजा आउँछ भन्ने पाठ नेतृत्वले समयमै सिक्नु जरुरी छ ।

प्रेरक प्रसंग

कसरी गर्ने सुखानुभूति ?

एकपटक स्वामी रामतीर्थ अमेरिकाको सन्फ्रान्सिस्कोमा थिए । उनको नामवरपर निकै फैलिसकेको थियो । एक दिन एनी नामकी एक महिला उनको निवासमा आइन् र रुँदै भनिन्– स्वामीजी, प्राणघातक रोगका कारण मेरो एक मात्र छोराको ज्यान गयो । हजुर सिद्धपुरुष हुनुहुन्छ । मेरो छोरालाई पुनर्जीवन दिनुहोस्, प्रभु !

स्वामीजीले भने– माता, धैर्य गर्नुस्, म तपाईंको छोरालाई फिर्ता ल्याइदिन्छु । र, जीवनमा दुःख भगाएर सुख प्राप्त गर्ने मूल मन्त्र पनि दिनेछु । तर, त्यसका लागि तपाईंले केही मूल्य चुकाउनुपर्नेछ । एनीले भनिन्– मसँग धनसम्पत्तिको कमी छैन । हजुरले जति भन्नुहुन्छ, म त्यति मूल्य तिर्न तयार छु ।

स्वामीले भने- रामको परमानन्द साम्राज्यमा धनसम्पत्तिको कुनै कमी छैन । राम योभन्दा पनि ठूलो मूल्य चाहन्छन् ।

एनीले हात जोडेर भनिन्- स्वामीजी, म जस्तोसुकै मूल्य चुकाएर पनि त्यो आनन्द हासिल गर्न चाहन्छु । स्वामीले 'रामको साम्राज्यमा आनन्दको कमी कहाँ छ ?' भन्दै ती महिलालाई एक गरिब बस्तीमा लिएर गए । त्यहाँको अनाथ अश्वेत बालकको हात ती महिलाको हातमा दिँदै भने- ल लिनुहोस् माता, तपाईंको छोरा । यसलाई आफ्नो काखमा लिएर ममता खन्याउनुहोस् । यसैलाई छोरा ठानेर आफ्नो प्रेम दिनुहोस् । तपाईंले यसलाई जति माया ममता दिनुहुनेछ, तपाईंको आनन्द उति नै बढ्दै जानेछ ।



स्वामीजीका शब्दमा विश्वका समस्त उपेक्षित, मातृहीन र भोकानांगाप्रति अपार स्नेह प्रकट भइरहेको थियो । अर्काको दुःख अपनाएर त्यसैबाट सुखानुभूति गर्ने उनको महान् भावना बुझेर ती महिला दंग परिन् । धुलोमैलो अश्वेत बालकलाई आफ्नो छातीमा टाँसेर स्वामीजीलाई धन्यवाद दिँदै खुसीसाथ ती महिला बिदा भइन् ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

नेपालीको उद्धारमा ध्यान देऊ

नेपालीहरूको महत्त्वपूर्ण श्रम गन्तव्य मुलुक इजरायलमा हमास विद्रोहीको हमलापछि कैयौं नेपाली घाइते भएको समाचार पढ्दा दुःख लाग्यो । आखिर जहाँ बसे पनि र जहाँ पुगे पनि नेपाली जनता हाम्रै बन्धुबान्धव हुन् । त्यसैले, अहिले इजरायलमा घाइते हुने नेपालीको तत्काल उद्धार या उतै सुरक्षित स्थानमा उपचार र बसोवासको व्यवस्थाका लागि राज्यले तत्काल पहल गर्नुपर्छ । साथै, जोखिमका बीचमा सुरक्षित अवस्थामा रहेका नेपालीलाई घर फर्काउनुपर्ने भएमा त्यसको व्यवस्था मिलाउने र उतै सुरक्षित बसोवासको व्यवस्था मिलाउन सकिन्छ भने त्यसका लागि पनि पहल गर्नेतर्फ सरकारको ध्यान जाओस् ।

● **अमृता नेपाली**, सतुंगल, काठमाडौं,

एरिका गुरुङलाई बधाई

नेपालकी कराते खेलाडी एरिका गुरुङले देशलाई २५ वर्षपछि एसियाडमा नेपाललाई रजत पदक दिलाएकी छिन् । गुरुङलाई हार्दिक बधाई छ । यस वर्षको एसियाडमा महिला कबड्डी खेलाडीले पनि पहिलो सहभागितामै देशलाई कांस्य पदक दिलाएका छन् । उनीहरूलाई पनि धेरैधेरै बधाई छ । अब राज्यले खेल क्षेत्रमा लगानी बढाएर खेलाडीलाई हौसला प्रदान गर्न सक्नुपर्छ । यसका लागि राज्यले अनुभवी प्रशिक्षक, प्रशिक्षणस्थल र खेलाडीलाई प्रोत्साहन भत्तालगायतको व्यवस्था गर्न ढिलो गर्नुहुँदैन ।

● **सुरम्य पाखिन**
वसुन्धरा, काठमाडौं

ट्राफिक प्रहरीको ध्यान कता ?

कुनै वेला बालाजुस्थित माछापोखरी चोकदेखि बाइपाससम्मको करिब दुई सय मिटर सडक खण्डमा दुईपांग्रे या चारपांग्रे सवारीसाधन यसो दुई-चार मिनेटका लागि रोक्दा पनि ट्राफिक प्रहरीले तत्कालै चिट काटिहाल्थे । ठीकै छ, गल्ती गरेपछि सजाय भोग्नुपर्छ । तर, अधिकांश समय सो सडकको दुवैतिर टनाटन सवारीसाधन पार्किङ गरिराखेको अवस्थामा देखिन्छन् । तैपनि, माछापोखरी र बाइपास चोकमा बस्ने ट्राफिक प्रहरीले नदेखेजस्तो गरिरहेका हुन्छन् । उनीहरूको ध्यान कता गइरहेको छ ?

● **सुम्निमा राई**
गुणस्तरफाँट, काठमाडौं

युद्धको विकल्प खोज्नुपर्दैन ?

रुस-युक्रेन युद्ध नटुंगिँदै फेरि इजरायल र प्यालेस्टाइनबीच अर्को युद्धको थालनी भएको छ । यो युद्ध कहाँ पुगेर टुंगिने हो, ठेगान छैन । यसले कति क्षति पुऱ्याउँछ, कति जनधनको नोक्सान गर्छ ? त्यो अहिल्यै भन्न नसकिए पनि यदि यो युद्ध लम्बिए यसबाट हजारौंको मृत्यु निश्चित छ । युद्धमा धेरैले आ-आफ्नो स्वार्थको रोटी सेकाउँछन् ।

बाह्य मुलुकले आफ्नो स्वार्थ र हतियार बिक्री गर्ने उद्देश्यले युद्धरत पक्षलाई आ-आफ्नै तरिकाले उक्साउँछन् पनि । त्यसैको पछिल्लो उदाहरण हो, रसिया-युक्रेन युद्ध । जो वर्ष दिन बित्दासमेत न रोकिएको छ न त रोकिने संकेत नै छ । फलस्वरूप आज हजारौं मानिसको मृत्यु र लाखौं मानिस विस्थापित भएका छन् । उता सिरियामा पनि त्यस्तै हालत छ । बाह्य मुलुकको स्वार्थले सिरिया र युक्रेन ध्वस्त भएका छन् । आज युक्रेनको राजधानी किभ र खारकिब खरानी भएका छन् । तैपनि युद्ध रोक्ने पहल कतैबाट भइरहेको छैन ।

कमसेकम हमास र इजरायलले त युक्रेन र सिरियाबाट शिक्षा लिनुपर्थ्यो । आफ्ना नागरिकलाई युद्धको भुंग्रोमा होम्नु बहादुरी होइन । यो कुरा जेलेन्स्की र पुटिनले त बुझ्केनन् नै हमास र इजरायलका नेताले पनि बुझ्न सकेनन् । उनीहरूले कुरा बुझ्केनन् भन्दैमा विश्व समुदायले कुनै पहल नै नगर्ने त ? पहल मात्र होइन, तत्कालै युद्ध रोक्न संयुक्त राष्ट्रसंघले शान्तिसेनालाई सीमावर्ती क्षेत्रमा पठाउनुपर्छ ।

● **गोपाल देवकोटा**, गोकर्णेश्वर- ८, काठमाडौं
gopaldevkota@gmail.com

इजरायलमाथि हमास हमला : अहंकारदेखि अपमानसम्म

प्यालेस्टिनी जनताले अपमान सहनुभन्दा न्याय र स्वतन्त्रताका लागि प्राणको आहुति दिन तयार रहेको जनाएका छन्



देश / विदेश

● मरवान बिसारा

केही दिनअघि इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहुले राष्ट्रसंघमा नयाँ अरब साझेदारसहितको नयाँ मध्यपूर्व स्थापना गर्ने डिङ हाँक्दै भाषण गरेका थिए । यो स्वैरकल्पनाको नयाँ मध्यपूर्वमा पूर्णतः बहिष्करणमा परेको प्यालेस्टाइनले इजरायललाई राजनीतिक एवं सामरिक रूपमा गम्भीर हमला गरेको छ । प्यालेस्टिनी प्रतिरोध आन्दोलन हमासले सुनियोजित ढंगले गाजादेखि इजरायलमा वायु, समुद्र र जमिनबाट धावा बोलेको छ । एकपछि अर्को गरी इजरायली निसानामा हजारौं क्षेप्यास्त्र प्रहार गरिएका छन्, इजरायलको दक्षिणी हिस्सामा सर्यौं प्यालेस्टिनी लडाकुले इजरायली सेना र गैरसनिक नागरिक क्षेत्रमा आक्रमण गरेका छन् । नतिजा सयभन्दा बढी इजरायली मारिएका छन् र दर्जनौं इजरायली सेना र नागरिक बन्दी बनाइएका छन् ।

यस आक्रमणमा हमासको उद्देश्य लुकेको छैन । पहिलो- अतिक्रमण, दमन, अवैधानिक बस्ती निर्माण र अल-अक्सा मस्जिदजस्ता प्यालेस्टिनी धार्मिक प्रतीक तहसनहस बनाइनुको बदला लिँदै इजरायललाई दण्ड दिनु रहेको छ । दोस्रो, हमासले इजरायलको अपर्थाइड (नश्लभेद)लाई अरब जगत्ले दिएको वैधानिकताको विरोध गर्नु रहेको छ । र, इजरायलमा रहेका धेरैभन्दा धेरै प्यालेस्टिनी राजनीतिक बन्दीलाई रिहा गर्ने गरी बन्दी आदानप्रदान गर्नु अन्तिम उद्देश्य देखिन्छ । गाजापट्टीका हमासका नेता यह्या अल-सिनवार दुई दशकभन्दा बढी समय इजरायली जेलमा बसेर बन्दी आदानप्रदानमा रिहा भएको तथ्य सम्झिनु आवश्यक छ । त्यसैगरी, हमासको सैन्य शाखा प्रमुख मोहम्मद दइफले अन्य प्यालेस्टिनीले झैं इजरायली हिंसामा नवजात छोरा, तीन वर्षकी छोरी र श्रीमती गुमाएका थिए । यस अर्थमा हमासको कारबाहीमा प्रस्टै दण्ड दिने र प्रतिशोध साँध्ने नियत देखिन्छ । तसर्थ, कारबाही आकस्मिक लागे पनि आश्चर्यजनक भने थिएन ।

इजरायल र यसका अहंकारी नेता जो आफूलाई अजेय ठान्थे र शत्रुलाई गन्दैनथे, तिनलाई तिनकै अहंकारले अन्ततः गाँजेको छ । अक्टुबर १९७३ को 'आश्चर्यजनक' अरब आक्रमणपछि इजरायली नेता आफ्ना अधिन र दमनमा परेका जनताको प्रतिरोधबाट बारम्बार चकित एवं बिलखबन्दमा पर्दै आएका छन् । सन् १९८२ को लेबनान अतिक्रमणका वेला लेबनानको प्रतिरोध, सन् १९८० र सन् २०००को दशकमा प्यालेस्टेनियन इन्टिफडास र पाँच दशकको बलात अधिग्रहणका क्रममा भएका प्यालेस्टिनी प्रतिरोध र चार युद्धका क्रममा इजरायल र इजरायली नेता कहिल्यै तयार नभएको देखिन्छ । इजरायली सेना र नागरिक नेतृत्वले हमासको कारबाहीको अपेक्षा गरेका थिएनन् भन्ने स्पष्ट छ र यो कारबाहीले इजरायली गुप्तचरी र सैन्य असफलता दर्साउँछ । इजरायलले आधुनिक गुप्तचरी, ड्रोन र निगरानी प्रविधिका बाबजुद हमलाबारे जानकारी पाउन सकेन र यसलाई रोक्न सकेन ।

हमलाले गरेको क्षति इजरायली गुप्तचरी र सैन्य असफलतामा मात्रै सीमित छैन, वास्तवमा हमला एक राजनीतिक एवं मनोवैज्ञानिक असफलता हो । हमलाले अजेय राज्य इजरायलको जोखिम, कमजोरी र चरम अक्षमता दर्साएको छ र नयाँ मध्यपूर्वको नेतृत्व लिने आकांक्षामाथि ठूलो धक्का पुगेको छ ।

भयका कारण आफ्ना घर र सहर छोडेर पलायन भइरहेका दृश्यले निश्चय नै इजरायलीमाझ एक त्रासद सामूहिक स्मृति निर्माण गर्नेछ । हमलाको दिन अर्थात् ७ अक्टुबर शनिबार इजरायली इतिहासको सबैभन्दा निकृष्ट दिनका रूपमा अंकित हुनेछ । यो एक चरम अपमानको दिन हुनेछ । भाष्य आफूअनुकूल बनाउन जान्ने नेतन्याहु पनि यो हमलाका मामिलामा सफल देखिएनन् । इजरायलले शनिबारका दिन जे भएको थियो,



तस्बिर : हैथम इमाद/इपिए

त्यसलाई बदल्न सक्नेछैन, अर्थात् एक उन्मत्त राज्य आफ्नो स्वैरकल्पनासँग पराजित भएको छ । निश्चय नै इजरायलले पहिलेझैं बमबारी र हत्याको शृंखला चलाएर प्यालेस्टिनी जनतामाथि अत्याचारको कहर बर्साएर बदला लिने नै छ । तर, यसका बाबजुद इतिहासले देखाएझैं प्यालेस्टिनी प्रतिरोध भने मत्थर हुनेछैन । इजरायलले गाजापट्टी र वेस्ट बेंकका प्यालेस्टिनी सहर, बस्ती र शरणार्थी शिविरमा पुनः सेना परिचालन गरेर हमासलगायत प्यालेस्टेनी विद्रोही समूहलाई नामेट पार्ने कोसिस गर्न सक्छ । प्यालेस्टिनी प्राधिकरणलाई नामेट पारेर ऐतिहासिक प्यालेस्टाइन वा इजरायलीको भाषामा 'महान् इजरायली भूमि'मा प्रत्यक्ष नियन्त्रण लिन इजरायली सत्तागठबन्धनका उन्मादी सदस्य उद्यत हुनेछन् । यदि यसो गरिन्छ भने यो ठूलो भुल साबित हुनेछ । यसले पूर्ण विषम युद्ध निम्त्याउनेछ र यस क्रममा इजरायल इतिहासमै सबैभन्दा बढी अलगावमा पर्नेछ । अपर्थाइडलाई पाखण्डयुक्त ऐक्यबद्धता जनाएर नेतन्याहुलाई समर्थन गरिरहेका पश्चिमा नेता पनि पछि हट्नेछन् ।

मध्यपूर्व क्षेत्रमा इजरायलको अहिलेकै अपमानले यसको सामरिक एवं राजनीतिक अवस्थितिलाई अवमूल्यन गरिरहेको छ । नेतन्याहुसँग हात मिलाएका र साझेदारी गरिरहेका अरबका सत्ता मूर्ख ठहरिन थालिसकेका छन् । आफ्नो व्यक्तिगत असफलतालाई उल्ट्याउन र कमजोर गठबन्धनलाई जोगाउन नेतन्याहुले निःसन्देह प्रतिक्रिया जनाउनेछन्, जसले उनका नयाँ एवं सम्भावित क्षेत्रीय साझेदारलाई बिच्काउनेछ । नेतन्याहुले जुनसुकै मार्ग रोजे पनि उनको विरासतमा असफलताको धब्बा लाग्नेछ । यसका साथै नेतन्याहु आफ्ना वयोवृद्ध प्यालेस्टिनी समकक्षी महमुद अब्बासलाई पनि आफ्नो असफलतासँगै घिसार्नेछन् । अब्बास पनि राजनीतिक रूपमा असफल भइरहेका छन्, अर्थात् इजरायली अतिक्रमणको विरोध गरे पनि सुरक्षाका मामिलामा इजरायलसँगै साझेदारी गरिरहेका छन् । यो सन्तुलनको राजनीति धेरै टिकेनेवाला छैन ।

अब आउने परिवर्तन यी व्यक्तित्वभन्दा माथि जानेछ, अर्थात् यो परिवर्तनले जनताका दुई समूह सहअस्तित्वमा बाँच्न चाहन्छन् वा एकअर्कालाई सिध्याउन लागिपर्नेछन् भन्ने तय गर्नेछ । शनिबार प्यालेस्टिनी जनताले अपमान सहनुभन्दा न्याय र स्वतन्त्रताका लागि प्राणको आहुति दिन तयार रहेको जनाएका छन् । इजरायलले इतिहासबाट पाठ सिक्न अपरिहार्य छ ।

(बिसारा अलजजिराका वरिष्ठ राजनीतिक विश्लेषक हुन्)
अलजजिराबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

हमासको आक्रमणले इजरायल–साउदी सम्बन्ध सुधार्ने बाइडेनको प्रयासमा धक्का

प्यालेस्टाइन मुद्दा केही वर्षदेखि विश्वव्यापी एजेन्डाबाट ओझेलमा परेको थियो

अमेरिकी सरकारले महिनौँदेखि मध्यपूर्वको नयाँ भावी मार्ग तय गर्ने महत्त्वाकांक्षी कूटनीतिक परियोजनामा काम गरिरहेको थियो। हमासले इजरायलमाथि आकस्मिक आक्रमण गरेपछि उक्त परियोजना प्रभावित हुने डर छ। यसले प्यालेस्टाइन-इजरायलबीचको दशकौँ पुरानो द्वन्द्व नसुल्झिई यस क्षेत्रको नयाँ मार्ग कठिन भएको पुष्टि गरेको विश्लेषण गरिँदै छ। हमासको आक्रमण इजरायल र साउदी अरबबीचको ऐतिहासिक सम्झौता भाँड्ने उद्देश्यले प्रेरित रहेको बताउन हतार हुने अमेरिकी अधिकारीहरूले बताए। तथापि, पछिल्लो हिंसाले सुरुदेखि नै जटिल यस वार्तालाई थप जटिल बनाउन सक्ने तिनले स्विकारे।



● पिटर बेकर

(बेकर 'द न्युयोर्क टाइम्स'का संवाददाता हुन्।)

'यसले सम्झौताको सम्भावनालाई पूरै अन्त्य नगरे पनि त्यसमा उल्लेख्य सुस्तता ल्याउनेछ,' पूर्वराष्ट्रपति बाराक ओबामाको शासनमा मध्य-पूर्व क्षेत्रकी कूटनीतिज्ञ रहिसकेकी मारा रुडम्यानले भनिन्। साउदी अरबको चासोमा पश्चिम किनारा र गाजापट्टीका प्यालेस्टिनीहरूको भावी बाटो सम्बोधन गर्नुपर्ने विषय पनि समावेश छ। पछिल्लो हिंसाले सो मुद्दा गिजोलिएको छ। विशेषतः हमासको आक्रमणपछि इजरायलका कुनै पनि राजनीतिक दल प्यालेस्टिनीहरूलाई कुनै पनि प्रकारको सहुलियत प्रदान गर्न अनिच्छुक हुनेछन्। भलै प्यालेस्टाइनीहरूको व्यवस्थापनले इजरायली सुरक्षालाई सुदृढ बनाउन किन नसघाओस्।

पछिल्लो हिंसा इजरायल र गाजाका छापामारबीच विभिन्न अवसरमा भड्किरहने झडपजस्तो छिट्टै समाधान हुने छाँटकाँट छैन। हिंसा नरोकिएसम्म बाइडेनले उनको महत्त्वाकांक्षी योजना अगाडि बढाउन सक्दैनन्। हमासले यसपटक इजरायलभित्र दशकौँ यताकै ठूलो आक्रमण गऱ्यो। साथमा उसले सयभन्दा माथि इजरायलीहरूलाई गाजातर्फ अपहरण गरेर लगेको छ। इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहुले बन्धकहरूको उद्धार गर्न र बदला लिएको देखाउन गाजाभित्र इजरायली सेना पठाउन सक्छन्। यसले मध्यपूर्वको माहोल निकै तनावपूर्ण बनाउनेछ।

शनिबार एक संक्षिप्त टेलिभिजन सम्बोधनमा बाइडेनले हमासको आक्रमणलाई 'असंवेदनशील' भनी निन्दा गरे। उनले सधैँझैँ इजरायलको 'आत्मरक्षा गर्ने अधिकार'प्रति दृढ समर्थन जताए। नाम उल्लेख नगरी कुनै अर्को पक्षलाई अहिलेको तरल अवस्थामा इजरायलविरुद्धको कुनै गतिविधि गर्ने अवसरको रूपमा नलिन चेतावनी दिए। बाइडेनको संकेत इरानतर्फ भएको धेरैको संकेत छ। 'यो आक्रमणलाई इजरायलप्रति शत्रुभाव राखेका कुनै पनि पक्षले अवसरका रूपमा उपभोग गर्ने वेला होइन,' बाइडेनले भने।



चुनाव नजिकिएकाले रिपब्लिकन नेताहरूले हमास आक्रमणलाई बाइडेनका नीतिसँग जोड्न ढिला गरेनन्। पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्पको नेतृत्वमा रिपब्लिकनहरूले इरानसँग बाइडेन सरकारले हालै गरेको एक बन्धक सम्झौताले हमासका कारबाहीलाई सक्षम बनाएको दाबी गरे। 'दुःखको कुरा, अमेरिकी करदाताकै पैसा यस आक्रमणलाई कार्यान्वयन गर्न सहयोगी भयो, जुन बाइडेन प्रशासनले दिएको थियो,' ट्रम्पले एक विज्ञप्तिमा भने।

तर, ट्रम्पको आरोपविपरीत इरानसँगको 'बन्धक सम्झौता'मा कुनै पनि अमेरिकी करदाताको रकम प्रयोग गरिएको छैन। सम्झौताका लागि बाइडेन सरकारले दक्षिण कोरियाली बैंकमा फ्रिज भएको इरानी रकमलाई कतारको एक बैंकको इरानी सरकारको खातामा स्थानान्तरण गरेको थियो। र, अमेरिकाले सो रकम मानवीय सहायताको काममा मात्र निकाल्न मिल्ने प्रावधान पनि राखेको छ। र, हालसम्म सो खाताबाट रकम ननिकालिएको अधिकारीहरूले जानकारी दिएका छन्।

हमासको आक्रमणले मध्य-पूर्वको अस्थिर क्षेत्र परिस्थिति कत्तिको चाँडो बदलिन सक्छ भन्ने औँल्याएको छ। एक हप्ताअघि मात्र अमेरिकी राष्ट्रपतिका राष्ट्रिय सुरक्षा सल्लाहकार जेक सुलिवानले 'आज मध्य-पूर्व दुई दशकयताकै सबैभन्दा शान्त रहेको,' भनेका थिए। रिपब्लिकनहरूले शनिबारको आक्रमणपछि यो भनाइलाई सेयर गर्दै बाइडेन प्रशासनका अधिकारीको कमजोरी पहिल्याउने प्रयास गरे। तथापि, रिपब्लिकनहरूले सुलिभ्यानको भनाइको पछिल्लो अंश कटाएका छन् जसमा उनले भनेका थिए- 'यसो भन्दै गर्दा म 'अहिलेका लागि' भन्ने कुरामा जोड दिन चाहन्छु किनभने अहिलेको स्थिति जुनसुकै वेला परिवर्तन हुन सक्छ।' नभन्दै शनिबार स्थिति बदलियो।

> पछिल्लो हिंसा इजरायल र गाजाका छापामारबीच विभिन्न अवसरमा भड्किरहने झडपजस्तो छिट्टै समाधान हुने छाँटकाँट छैन। हिंसा नरोकिएसम्म बाइडेनले उनको महत्त्वाकांक्षी योजना अगाडि बढाउन सक्दैनन्। हमासले यसपटक इजरायलभित्र दशकौँयताकै ठूलो आक्रमण गऱ्यो। साथै, उसले सयभन्दा माथि इजरायलीहरूलाई गाजातर्फ अपहरण गरेर लगेको छ।

केही वर्षदेखि प्यालेस्टाइन मुद्दा विश्वव्यापी एजेन्डाबाट ओझेलमा परेको थियो। भलै मुद्दा ओझेलमा परेको भए पनि गाजापट्टी र वेस्ट बैंकमा बसोवास गर्ने लाखौँ बासिन्दाको पीडा कम भएको थिएन। त्यहाँ इजरायली अतिक्रमण र दुर्व्यवहारविरुद्ध क्रोध र आक्रोश यथावत् छ। मुद्दा आझेलमा रहेकाले नै बाइडेनका दूतले साउदी अरबसँगका वार्तामा प्यालेस्टाइनी मुद्दा प्रमुख मुद्दा मानिएका थिएनन्। युवराज मोहम्मद बिन सलमानलाई प्यालेस्टिनीहरूको अवस्थाबारे खासै मतलब नभए पनि उनका पिता र साउदी राजा सलमानले यसलाई महत्त्वपूर्ण मानेका छन्। पिताको मन राखिदिन इजरायलले सम्झौताअन्तर्गत प्यालेस्टाइनलाई सहुलियत दिनुपर्ने सलमानको राय राख्ने गरेका छन्।

वार्ता मुख्यतः इरानविरुद्ध गठबन्धन बनाउने र चीनलाई यस क्षेत्रमा थप प्रवेश नदिने गरी साउदी-अमेरिकी गठबन्धनलाई मजबुत बनाउने कुराले निर्देशित देखिन्छ। साउदी युवराज मोहम्मद बिन सलमानले अमेरिकासँग पारस्परिक रक्षा सन्धि र नागरिक आणविक ऊर्जा विकासमा सहयोग चाहेका छन्। नेतन्याहुले साउदी अरबजस्तो प्रमुख अरब शक्तिसँगको सम्बन्ध सामान्यीकरणले यस भेगमा उसको स्थिति मजबुत हुने अपेक्षा लिएका छन्।

शनिबारको आक्रमणमा इरानको भूमिकाको सम्भावनाबारे पनि शंका-उपशंका उत्पन्न भएका छन्। बाइडेन प्रशासनका एक वरिष्ठ अधिकारीले अमेरिकासँग इरान आक्रमणमा संलग्न भएको संकेत गर्ने कुनै आधार नभएको बताए। तथापि, उनले इरानी समर्थनविना हमासको अस्तित्व नहुने कुरामा पनि जोड दिए। काउन्सिल अन फरेन पोलिसीका वरिष्ठ फेलो रे ताकेयले 'हमास आफ्नै एजेन्डा भएको स्वतन्त्र शक्ति भए तापनि पछिल्लो समय इरानसँग नजिकिँदै गएको,' बताए। 'पछिल्लो आक्रमण जुन स्तरको थियो त्यस आधारमा इरानको सहयोगविना यति ठूलो आक्रमण हमास एक्लैले गऱ्यो होला भन्ने म निश्चिन्त छैन,' ताकेयले भने।

हमासको आक्रमणपछि साउदी अरबले दिएको प्रतिक्रियाबाट इजरायल र उसका समर्थकहरूलाई निराश बने। साउदी विदेश मन्त्रालयले जारी गरेको विज्ञप्तिमा आक्रमणको निन्दा गरिएको छैन। त्यसको सट्टा आफूहरूले 'निरन्तरको अतिक्रमण, प्यालेस्टिनी जनतालाई तिनको वैध अधिकारबाट वञ्चित गरेका कारण विस्फोटको स्थिति आउन सक्ने जोखिमबारे पहिलेदेखि सचेत गराउँदै आएको' स्मरण गराएको छ।

यदि युद्ध लामो समयसम्म साबित भयो भने यसले साउदी र इजरायलीबीच सम्झौताको सम्भावना साँघुरो बनाउँदै लान्छ। इजरायलीहरूले गाजामा ठूलो बल प्रयोग गरे भने साउदी सरकारले कठोर अभिव्यक्ति दिनुपर्ने दबाब झेल्नेछ। जसले इजरायललाई चिड्याउनेछ र सम्झौताको सम्भावना झन् टर्दै जानेछ। त्यस्तै युद्धले नेतन्याहुको सरकारमा पनि प्यालेस्टिनीहरूलाई कुनै राहत दिन नहुने माग गर्दै आएका कट्टरपन्थीहरूलाई बल प्रदान गर्नेछ।

तर, वार्तामा संलग्न अधिकारीहरूले वार्ता निर्णायक चरणबाट अझै महिनौँ टाढा रहेकाले त्यसको असफलको अनुमान गर्नु हतार हुनेछ। जेविस इन्स्टिच्युट फर नेसनल सेक्युरिटी अफ अमेरिकाका वरिष्ठ फेलो हन्ना पनि यसमा सहमत छन्। साउदी युवराज मोहम्मद बिन सलमानले हमासलाई घृणा गर्ने र सहयोगीसँगको कुराकानीमा अमेरिका र इजरायलबीचको वार्ता प्रगति रोक्न हिंसा बढ्न सक्नेमा सचेत गराएका हन्नाले भने। 'यसले इजरायल र साउदी अरबबीचको कूटनीतिक प्रयासमा केही अड्चन ल्याउन सक्छ। तर, मोहम्मद बिन सलमानले उनको देशको हित गर्ने ठानेका प्रक्रिया अवरुद्ध हुँदैन,' हन्नाले भने।

- द न्युयोर्क टाइम्सबाट

मुइज्जुले सोचेजस्तो माल्दिभ्सले भारतलाई चिढ्याउन कठिन छ

हिन्द महासागरीय द्वीप राष्ट्र माल्दिभ्सका मतदाताले विपक्षी नेता मोहम्मद मुइज्जुलाई देशको राष्ट्रपतिमा चुने। मुइज्जुले कुल खसेको मतमा ५४ प्रतिशत मत पाए। चुनावअघि भिनोअन्तरको प्रतिफलको अनुमान गरिए पनि 'प्रोग्रेसिभ पार्टी अफ माल्दिभ्स (पिपिएम)'का उम्मेदवार मुइज्जुले सत्तासीन राष्ट्रपति तथा माल्दिभियन 'डेमोक्रेटिक पार्टी (एमडिपी)'का नेता इब्राहिम मोहम्मद सोलिहलाई सहजै हराए। विजयी मुइज्जुको अब नोभेम्बर १७ मा शपथ ग्रहण गर्ने छन्।

भारत समर्थकका रूपमा हेरिने निवर्तमान राष्ट्रपति सोलिहले निर्वाचन मतपरिणाम सहज स्वीकारेका छन्। 'राष्ट्रपति पदका विजयी मुइज्जुलाई बधाई छ,' सोलिहले ट्विटरमा लेखेर आफ्ना प्रतिद्वन्द्वीलाई शुभकामना दिइसकेका छन्। सोलिहले सोही ट्विट्मा अगाडि लेखेका छन्, 'म शान्तिपूर्ण र लोकतान्त्रिक प्रक्रिया देखाउने आमजनतालाई पनि बधाई दिन चाहन्छु।' नवनिर्वाचित राष्ट्रपति मुइज्जुलाई चिनियाँ हितप्रति सहानुभूति राख्ने र आफ्नो देशको विशाल छिमेकी र परम्परागत सुरक्षा तथा आर्थिक साझेदार भारतप्रति भने कम अनुकूल नेताका रूपमा व्याख्या गरिँदै छ। त्यसैले पाँच वर्षअघि सोलिहले पदभार ग्रहण गरेदेखि नयाँदिल्लीनजिक रहेको माल्दिभ्सको राजनीति अब उल्टिने विश्वास गरिएको छ।

बेलायतमा पढेका मुइज्जु देशको राजधानी मालेका वर्तमान मेयरसमेत हुन्। राजनीतिमा आउनुअघि पेसाले सिभिल इन्जिनियर रहेका ४५ वर्षीय मुइज्जु उनका राजनीतिक गुरु अब्दुल्ला यामिनको सरकारमा निर्माणमन्त्री थिए। केहीअघिसम्म पनि उनी राष्ट्रपतिको उम्मेदवारीका रूपमा समेत हेरिएका थिएनन्। तर, उनका गुरु यामिन भ्रष्टाचार मुद्दामा जेल परेपछि (जसलाई उनको पार्टीले राजनीतिक रूपमा प्रेरित मुद्दा भएको आरोप लगाएको छ) एकाएक मुइज्जु उनको पार्टीका राष्ट्रपति उम्मेदवारका रूपमा उम्दा पात्रका रूपमा देखिए। भूराजनीतिक रूपमा महत्त्वपूर्ण स्थानमा रहेको माल्दिभ्सको पछिल्लो निर्वाचन चीन र भारतमध्ये दुई नेताबीचको प्रतिस्पर्धाका रूपमा हेरिएको थियो, जसमा मुइज्जु चीन परस्त उम्मेदवार थिए।



माल्दिभ्सका नवनिर्वाचित राष्ट्रपति मोहम्मद मुइज्जु

कति सहज छ भारतलाई अलग्याउन ?

सन् २०१८ अघि यामिनको नेतृत्वमा रहेको सरकारमा मुइज्जुले निर्माणमन्त्रीको रूपमा कैयौँ चिनियाँ लगानीका पूर्वाधार परियोजनालाई कार्यान्वयन गरेका थिए। जसमा यो १० लाखभन्दा कम जनसंख्या भएको द्वीप राष्ट्रको राजधानी मालेलाई देशको मुख्य अन्तर्राष्ट्रिय विमानस्थलसँग जोड्ने २० करोड डलरको पुल मुख्य मानिन्छ। गत वर्ष मुइज्जुले चिनियाँ कम्युनिस्ट पार्टीका अधिकारीहरूसँग सम्मिलित एक अनलाइन बैठकमा बोल्ने क्रममा उनको पार्टी सत्तामा फर्किए 'दुई देशबीचको सम्बन्ध' विस्तार गर्ने विश्वस्त बनाएका थिए। तथापि मुइज्जुले चुनाव प्रचारका क्रममा गरेका सबै वाचा कार्यान्वयन गर्न कठिन हुन सक्ने विश्लेषकहरूले बताएका छन्।

'माल्दिभ्सको वित्तीय क्षेत्र, व्यापार, पूर्वाधार विकासमा भारत गहिरो रूपमा जोडिएको छ। यस्तोमा कुनै एक नेताले चाहँदैमा भारतसँगको सम्पूर्ण कारोबार रोक्न धेरै गाह्रो हुनेछ। उनले सार्वजनिक रूपमा आफू चीनको पक्षमा रहेको बताएका छन्। र, चीन माल्दिभ्सका कैयौँ पूर्वाधार विकासमा लगानीकर्ताका रूपमा संलग्न पनि छ। तथापि माल्दिभ्सले चीनलाई धेरै ऋण तिर्न बाँकी भएकाले दुई देशको सम्बन्धमा केही जटिलता कायम छ,' अलजजिराका लागि माल्दिभ्सका रिपोर्टर टोनी चेडले भने।

> माल्दिभ्सको वित्तीय क्षेत्र, व्यापार, पूर्वाधार विकासमा भारत गहिरो रूपमा जोडिएको छ। यस्तो अवस्थामा कुनै एक नेताले चाहँदैमा भारतसँगको सम्पूर्ण कारोबार रोक्न धेरै गाह्रो हुनेछ।

मुइज्जुको चुनावी सफलतामा उनको पार्टीले देशमा भारतको बढ्दो राजनीतिक तथा आर्थिक प्रभावविरुद्ध निरन्तर चलाएको अभियानले काम गरेको थियो। माल्दिभ्सभित्र भारतको उच्च प्रभाव यस मुस्लिम बहुल राष्ट्रमा समय-समयमा असन्तुष्टिको कारण हुने गरेको छ। नयाँदिल्लीको माल्दिभ्सको आन्तरिक मामिलामा हस्तक्षेपको इतिहास छ। सन् १९८८ मा देशका राष्ट्रपति मौमुन अब्दुल गयुमविरुद्ध कू प्रयास हुँदा, त्यसलाई दबाउन भारतले आफ्नो सैनिक बढाएको थियो। भारतको त्यस सैन्य अभियानलाई 'अपरेसन क्याक्टस' भनिएको थियो। केही राजनीतिज्ञले देशभित्र भारतको प्रभाव काउन्टर दिने एक विकल्पका रूपमा चीनलाई मान्छन्।

माल्दिभ्स हिन्द महासागरको रणनीतिक रूपमा अत्यन्त महत्त्वपूर्ण स्थानमा विराजमान छ। माल्दिभ्स अवस्थित समुद्री भाग विश्वको सबैभन्दा व्यस्त पूर्व-पश्चिम ढुवानी मार्ग पर्छ। सो मार्गबाट हुने व्यापारमा अवरोध नआओस् भन्नका लागि यस भेगका दुई ठूला अर्थतन्त्र भारत र चीन दुवै माल्दिभ्समा आफूप्रति सकारात्मक सरकार चाहन्छन्। सन् २०१८ मा यामिन देशमा निकै अलोकप्रिय थिए। विपक्षीप्रति अन्त्य असहिष्णु रहेका यामिनको शासनमा कैयौँ विपक्षी नेताहरू एउटै जेलमा बन्दी थिए। (अहिले विपक्षी नेता बन्दी बनाउन प्रयोग गरिएको जेलमै यामिन कैद छन्।) त्यस्तै, यामिनको सरकार विभिन्न भ्रष्टाचार काण्डमा मुछिएको थियो। यामिनको कठोर तथा भ्रष्ट शासनले उब्जिएको असन्तुष्टिको माहोलमा त्यसवेलाका विपक्षी नेता सोलिह निर्वाचित हुन सफल भएका थिए।

यामिनमाथि अर्को आरोप उनले देशलाई चिनियाँ ऋणमाथि अत्यधिक निर्भर बनाए भन्ने पनि थियो। त्यसवेला माल्दिभ्सको चीन परस्त नीतिबाट नयाँदिल्ली पनि झस्केको थियो। माल्दिभ्समा प्रभावका लागि भारत र चीनबीच खुला प्रतिस्पर्धा देखिन थालेको पनि त्यही वेलादेखि हो। भारतजस्तै अमेरिका तथा अन्य पश्चिमी मुलुक पनि हिन्द महासागरमा चीनको बढ्दो उपस्थितिलाई लिएर चिन्तित छन्। हिन्द महासागरमा चीनको प्रभुत्व स्थापना हुन नदिने विषयमा चासो मिलेको कारण भारत अहिले अमेरिका, अस्ट्रेलिया र जापान सम्मिलित चार सदस्यीय रणनीतिक समूह 'क्वाड'मा सहभागी भएको छ।

-अलजजिराबाट

इतिहासमा आज



सन् २०१२ : पाकिस्तानी किशोरी मलला युसफजायीको हत्या प्रयास। पाकिस्तानका तालिवानले शैक्षिक अभियन्ता युसफजाईको हत्या प्रयास गरेका थिए। विद्यालयबाट घर फर्किने क्रममा तालिवानले उनीमाथि गोली हानेका थिए। गम्भीर घाइते बनेकी उनको बेलायतमा उपचार भएको थियो। सन् २०१४ मा १७ वर्षको उमेरमा उनले नोवेल शान्ति पुरस्कार प्राप्त गरेकी थिइन्।

● **सन् १८७४** : राष्ट्रसंघको विशेष निकायका रूपमा युनिभर्सल पोस्टल युनियनको स्थापना भयो। २२ देशले ट्रिटी अफ वर्नमा हस्ताक्षर गरेपछि युनियन स्थापना गर्ने बाटो खुलेको थियो।

● **सन् १९६२** : युगान्डाले बेलायतबाट स्वतन्त्र पाएको थियो। युगान्डा सन् १८९४ देखि बेलायतको अधीनम-ा थियो। मिल्टन ओबोटे स्वतन्त्र युगान्डाको पहिलो प्रधानमन्त्री बने।

● **सन् १९७०** : खमेर गणतन्त्र स्थापना भयो। जनरल लन नोल र राजकुमार सिसोवाथ सिरिक मातकको नेतृत्वमा खमेर गणतन्त्र स्थापना भयो। यसअघि राजकुमार नरोद्दोम सिहानुकविरुद्धको कुमा पनि यी दुई नेताले नेतृत्व गरेका थिए।

● **२००६** : उत्तर कोरियाले पहिलो आणविक हतियार परीक्षण गऱ्यो।

अफगानिस्तानमा भूकम्प मृत्यु हुने दुई हजार नाघे



काबुल/ पश्चिमी अफगानिस्तानमा गएको भूकम्पमा परी मृत्यु हुनेको संख्या दुई हजार नाघेको छ। शनिबार गएको ६.३ म्याग्निच्युडको भूकम्पमा परेर दुई हजार ५३ जनाको मृत्यु भएको हो। प्रान्तीय राजधानी हेरातबाट ३० किलोमिटर उत्तर-पश्चिममा रहेको दुर्गम क्षेत्रमा भूकम्प गएको थियो। 'हताहतको संख्या धेरै देखिएको छ' सरकारका उपप्रवक्ता बिलाल करिमीले भने, 'मृत्यु हुनेको संख्या एक हजारभन्दा बढी छ। उद्धारको धेरै प्रयास भइरहेका छन्।' भूकम्पमा १२ सयभन्दा बढी मानिस घाइते भएका र १३ सय घर भत्किएका छन्।

विश्व स्वास्थ्य संगठन (डब्लुएचओ)का अनुसार हेरात प्रान्तका कम्तीमा १२ गाउँका ६०० भन्दा बढी घर पूर्ण वा आंशिक रूपमा क्षतिग्रस्त भएका छन्। प्रत्यक्षदर्शी स्थानीय ४२ वर्षीय बसिर अहमदले भूकम्पको पहिलो झट्कामा सबै घर भत्किएका र घरभित्र रहेकाहरू पुरिएका थिए। स्थानीय नेक मोहम्मदले स्थानीय समयअनुसार बिहान ११:०० बजे पहिलो भूकम्प आउँदा आफू काममा रहेको, तर भूकम्पपछि घर फर्किँदा त्यहाँ केही पनि बाँकी नदेखेको बताए।

भूकम्पपछि स्थानीयले रातभर खुला आकाशमा रात बिताएको बताए। मोहम्मदले भने, 'अहिलेसम्म हामीसँग ओढ्ने कम्बल वा खानेकुरा केही पनि छैन। यहाँ हामी आफन्तहरू गुमाएको शोकमा छौँ र खाना पनि खान पाएका छैनौँ।' डब्लुएचओले शनिबार राति क्षतिको विवरण आउने क्रम जारी रहेकाले तत्काल यति नै हताहत भएको भन्ने अनुमान गर्नु हतार हुने बताएको थियो।

बहुराष्ट्रिय कम्पनी पलायनको जोखिम

नेपालबाट बहुराष्ट्रिय कम्पनीलाई पलायन हुन बाध्य पार्ने कारणमा परम्परागत, भूराजनीतिक र राजनीतिक समस्या छन्



अर्थ संवाद

• डा. गणेश रेग्मी

सबै नेता वैदेशिक लगानी भित्र्याउने कुरालाई प्राथमिकता दिएको बताउँछन् । बहुराष्ट्रिय कम्पनीलाई नेपालमा उद्योगधन्दा खोल्न निमन्त्रणा गर्छन् । सेवा, सुविधा र सहयोग दिने कुरा गर्छन् र 'रेड कार्पेट' ओच्छ्याएको कुरा गर्छन् । तर, व्यवहारमा नयाँ आउनु त परै भयो, भएका पनि निरन्तर पलायन हुने अवस्था छ ।

बहुराष्ट्रिय कम्पनी भनेको के हो ?

बहुराष्ट्रिय कम्पनी एकभन्दा बढी देशमा व्यवसाय सञ्चालन गर्ने व्यापारिक एजेन्सी हुन् । यस्ता कम्पनीको संसाधन, उत्पादन, सेवा वा स्थान एकभन्दा बढी देशमा रहन्छ वा वितरित हुन्छ । यो एक प्रकारको बहुराष्ट्रिय निगम वा व्यावसायिक संगठन हो । यस्ता कम्पनीका थुप्रै देशमा सहायक शाखा वा सहयोगी संस्था हुन्छन् र तिनले सीमापार व्यापार र अन्तर्राष्ट्रिय कारोबार गर्छन् ।

बहुराष्ट्रिय कम्पनीका फाइदा

देशले बहुराष्ट्रिय कम्पनी भित्र्यायो भने यसले सम्बन्धित मुलुकको अर्थतन्त्रलाई सहयोग गर्छ र फाइदा दिन सक्छ । उत्पादन लागत घटाउन सक्छ । धेरै देशमा व्यवसाय सञ्चालन गरेर देशकै नाफा बढाउन सक्छ । सम्बन्धित देशले नयाँ बजार, प्रविधि र स्रोतमा पहुँचबाट पर्याप्त फाइदा लिन सक्छ, जुन आफ्नो देशमा उपलब्ध नहुन सक्छ ।

खुला अर्थनीतिलाई आत्मसात् गरेपछि नेपालमा विदेशी लगानीमा नयाँ उद्योग खुल्ने तथा नेपालीलाई साझेदार बनाएर भित्रिने काम भयो । सुरुसुरुमा बहुराष्ट्रिय कम्पनीको उत्पादन ल्याएर नेपालमा बिक्री हुन्थ्यो, तर पछिल्लो समयमा नेपालमा उद्योग स्थापना भएका छन् । यसैबाट अल्पविकसित मुलुकका उत्पादन विकसित मुलुकले आयात गर्ने वातावरण बन्छ । रोजगारी विस्तार हुँदा अल्पविकसित मुलुकको बेरोजगारी घट्छ र स्थानीय पूर्वाधार विकासमा सहयोग पुग्छ । उत्पादन विविधता, बजार विविधता र लागत संरचना परिवर्तन गरी अर्थतन्त्रको विविधता विस्तार हुन्छ । डिजिटल भुक्तानीलाई टेवा पुग्छ, जुन 'क्रस कल्चर' संस्कृति निर्माणको आधार हो । हाल बहुराष्ट्रिय कम्पनीहरू नै समग्र विश्वमा प्रत्यक्ष लगानीका माध्यम हुन् । यसले अल्पविकसित मुलुकमा व्यापार र लगानीका स्रोत दिन्छ र बाह्य ऋणको निर्भरतालाई घटाउँदै विदेशी पुँजी र लगानी भित्रिन्छ । विदेशी विनिमय सकारात्मक हुन्छ । उद्योग व्यापारको उन्नति, विदेशी व्यापार तथा बजारको एकीकरण, आधुनिक प्रविधि तथा व्यवस्थाको उपलब्धता हुन्छ ।

नेपालबाट पलायन हुँदै बहुराष्ट्रिय कम्पनी

नेपाल विश्वकै लागि एक लगानीयोग्य मुलुक हो । नेपालमा सामान्यतः हरेक स्रोत उपलब्ध छन् । नेपालको विद्युत्, श्रम संसारकै सस्तोमध्ये पर्छ । यस्तो विविधता र व्यापकता अन्यत्र छैन । छिमेकी भारत र चीन ठूलो बजार हो । तर, आर्थिक उन्नतिसँगै चीनमा श्रमिक महँगो भइरहेको छ । यसैले नेपाल संसारकै लागि लगानीयोग्य मुलुक बन्न सक्छ ।

एकातर्फ तुलनात्मक रूपमा नेपालमा एकदमै थोरै मात्रामा बहुराष्ट्रिय कम्पनी छन् । अर्कोतर्फ हाल यहाँ भएका कम्पनी घट्दै गएका छन् । क्रमशः पलायन हुने अवस्थामा छन् । नेपालमा बसेर कामै गर्न नसक्ने भएकाले उनीहरू यहाँबाट जाने अवस्था सिर्जना भएको हो । नेपालमा आउन खोज्ने अरू कम्पनी पनि 'रोक, हेर र फर्क'को अवस्थामा छन् । यसै कारणले पनि नेपालको अर्थतन्त्र, बजारमा आर्थिक गतिविधि क्रमशः कम हुँदै छन् ।

पलायन हुन सक्ने कारण

'कर्पोरेट कल्चर' बस्नै नसकेको देश नेपालमा भएका यस्ता कारणलाई विविध समस्या र पछिल्लो समयमा बढ्दै गइरहेको एक प्रमुख समस्या गरी दुई भागमा बाँड्न सकिन्छ ।



> 'गुड गभर्नेन्स'को कमीले बहुराष्ट्रिय ठूला कम्पनी नआई थोरै साना-साना कम्पनी मात्र आए पनि हाल नेपालमा सबैभन्दा बढी कर बुझाउने दश कम्पनीमध्ये आधा बहुराष्ट्रिय कम्पनी नै छन्

पहिलो विविध समस्यामा बहुराष्ट्रिय कम्पनीलाई नेपालबाट पलायन हुन बाध्य पार्ने परम्परागत, भूराजनीतिक र राजनीतिक समस्या पर्छन् । कम्पनी स्थापना वा दर्ता अवस्थादेखिका प्रशासनिक झमेला, भ्रष्टाचार गर्ने अपेक्षाले गरिने ढिलासुस्ती, मजदुर वा कर्मचारी नियुक्ति गर्दा हुने हस्तक्षेप, कामदारले काम नगर्ने वा ठग्ने संस्कार, मजदुर आन्दोलन नामका बेथिति, आगजनी, तोडफोडलगायत वातावरणीय समस्या वा 'कर्पोरेट सोसलायबिलिटी' भन्दै सरकारका तह र कर्मचारी र कथित नागरिक समाज, क्लब, विभिन्न संघसंस्थाका नाममा वा नामबाट गरिने चन्दा र अन्य जबरजस्ती असुली गरिने काम, स्थानीय गुन्डा, भूमिगत समूह वा आपराधिक समूहका धन्दाजस्ता कुरा पर्दछन् । यसमा केन्द्रीय र स्थानीय प्रशासनबाट पर्याप्त ध्यान नदिनु, तत्काल न्याय नमिल्नु, दियो भने त्यसबापत अनुचित लाभ वा लालच खोज्नु, कानुनबमोजिम पाउने सुविधा र उपचार लिन पनि प्रहरी प्रशासनको चाकडी गर्नुपर्ने पर्दछन् ।

यसबाहेक पछिल्लो समयमा मुख्य समस्याको रूपमा अर्को ठूलो व्यवधान आइपुगेको छ । नेपालमा हरेक बहुराष्ट्रिय कम्पनीले मुद्दा खेप्नु वा कानुनी झमेला बेहोर्नुपर्ने अवस्था सिर्जना भएको छ । कानुनको अपर्याप्तता र कानुनमा रहेका छिद्रका कारण कतिपय स्थानीय उद्योग, कम्पनी र एजेन्टले बहुराष्ट्रिय कम्पनीउपर मुद्दा हाल्ने र कानुनी विवाद पारिरहने अवस्था छ ।

तुलनात्मक रूपमा बहुराष्ट्रिय कम्पनीका काम पारदर्शी हुन्छन् । त्यसैले यस्ता कम्पनीमा कामदार, तलब, सुविधा, जग्गाजस्ता विषयमा मुद्दा त्यति पर्दैन । यहाँका हरेक बहुराष्ट्रिय कम्पनीले उत्पादन, 'ट्रेडमार्क', 'वेलनन मार्क' का विषयमा मुद्दा खेपिरहेका छन् ।

कानुनमा रहेका कमजोरी

हालै प्रधानमन्त्री पुष्पकमल दाहाल भारत भ्रमणका क्रममा दिल्लीमा व्यवसायीलाई नेपालमा आई लगानी गर्न निमन्त्रणा गरे । तत्काल व्यवसायीले प्रधानमन्त्रीलाई नेपालमा 'गुड गभर्नेन्स' र बलियो कानुन नभएको र उद्योग मन्त्रालयको लापरवाहीले अन्तर्राष्ट्रिय कानुन मिच्दा विदेशी लगानी आउन गाह्रो भएको जवाफ दिएका थिए । उनीहरूको मूल चासो नेपालमा उपयुक्त कानुन नै नभएको भन्ने कुरा थियो ।

विदेशी लगानी र बहुराष्ट्रिय कम्पनीसम्बन्धी नेपालको मुख्य कानुन भनेको 'पेटेन्ट डिजाइन र ट्रेडमार्क ऐन २०२२' हो, जुन अत्यन्त 'आउटडेटेड' छ । यसले आधा दशकअगाडि जारी भएको ऐनले नयाँ विज्ञान प्रविधि र कम्प्युटर जमाना, नयाँ युगको सबै कुरा सम्बोधन गर्न सक्दैन । नेपालले दस्तखत गरेका विदेशी कानुन नेपाली कानुनभन्दा ज्येष्ठ रहने भन्ने व्यवस्था गरिएको सन्धि ऐन २०४७ मा छ, तर सधैं पालना भएको छैन । नेपालले ट्रेडमार्कसम्बन्धी पेरिस सन्धिमा दस्तखत गरेको छ, तर पालना हुँदैन । त्यस्तै, दस्तखत गरेका डब्लुटिओ, बाइपोको निरन्तर उल्लंघन भएको छ । अदालतबाट पनि आफूखुसी व्याख्या र फरक-फरक निर्णय आएका छन् । बाध्यकारी अन्तर्राष्ट्रिय कानुनको पालना नहुने कारणबाट पनि बहुराष्ट्रिय कम्पनी नेपालबाट पलायन हुने अवस्था छ ।

मुद्दाका कारण पर्ने प्रतिकूल प्रभाव

हिजो नेपालमा बहुराष्ट्रिय कम्पनी स्थापना हुँदा कम्पनीको सम्बद्ध कागजातमा निर्क्योल भएका उत्पादन, ट्रेडमार्क, वेलनन मार्कजस्ता विषय स्पष्ट पार्न वकिल राखिरहनु, नियमित तारेख बोकिरहनु, त्यसका लागि कम्पनी आफैंले मानौं 'कानुन शाखा' नै खोल्नुपर्ने र कानुनी झमेला बेहोर्नुपर्ने कामले वकिल मोटाउनेबाहेक अन्य कसैलाई फाइदा हुँदैन । यद्यपि, यो पंक्तिकार वकिल नै हो । यसकारण पनि कम्पनीहरू नेपालबाट बाहिरिने सम्भावना बढ्छ ।

विश्वव्यापी महामारी, मन्दी र सुस्त आर्थिक कारोबारका कारण कतिपय बहुराष्ट्रिय कम्पनी आफ्नो कारोबार खुम्च्याउन चाहन्छन् । यसका लागि कुनै निश्चित देशको कारोबार बन्द गर्नुपर्छ । त्यस्ता कम्पनीले केही मापदण्ड बनाएका हुन्छन् । जुन देशमा ती मापदण्ड कमजोर हुन्छ, सो देशबाट फिर्ता हुन्छन् । कम्पनीउपर मुद्दा परेको भए/नभएको र सो देशमा भएको कारोबारको रेसियो (तुलना) मा कतिवटा मुद्दा परेको छ, सोको मिलान गर्ने गरी सो मापदण्ड कायम गरिएको हुन्छ । सामान्यतः कारोबारको 'रेसियो'मा मुद्दाको गणना गर्दा नाफा कम र मुद्दाको संख्या धेरै हुने भएकाले हाल नेपालमा रहेका धेरै बहुराष्ट्रिय कम्पनी नेपालबाट फिर्ता हुने अवस्थामा पुगेको यस क्षेत्रका विज्ञ बताउँछन् ।

उपसंहार

बहुराष्ट्रिय कम्पनीले स्थानीय र साना उद्योग किनारामा पार्छ, रैथाने सीप र कला सधैंका लागि हराउँछ भन्ने जस्ता कुरा पनि छन् । यदि बहुराष्ट्रिय कम्पनी चाहिँदैन भने नल्याऊ । यस्ता कम्पनी नाफाकै लागि आउने, लगानी गर्ने र नाफा कमाएर लैजाने पनि हुन् । सकिन्छ भने नभित्र्याऊ, देशको नीति पनि नल्याउने बनाऔं । तर, आफूलाई समाजवादी चित्रण गर्ने र उदार अर्थनीतिमा विश्वास नगर्ने नेताले पनि यस्ता कम्पनीलाई निमन्त्रणा गरेकै देखिन्छ । यथार्थ यो हो कि अबको शताब्दी बहुराष्ट्रिय कम्पनीको हुनेछ । हाम्रै छिमेकी चीन र भारतको आर्थिक विकासको आधार बहुराष्ट्रिय कम्पनी नै हुन् ।

'गुड गभर्नेन्स'को कमीले यस्ता ठूला कम्पनी नआई थोरै सानासाना कम्पनी मात्र आए तापनि हाल नेपालमा सबैभन्दा बढी कर बुझाउने दश कम्पनीमा आधा संख्या बहुराष्ट्रिय कम्पनी नै छन् ।

भर्खरैको विश्व बैंकको रिपोर्ट 'डुइङ बिजनेस' को मूल्यांकनमा संसारका १९० देशमा लगानी योग्यता मापनमा चीन ३१औं स्थानमा, भारत ६३औं स्थानमा रहँदा नेपाल १३५औं स्थानमा छ । नेपाललाई कम्तीमा सयभित्र पारियो भने पनि देशको मुहार फेरिनेछ । यस अवस्थामा नेपालका बहुराष्ट्रिय कम्पनीलाई नेपालमै राख्ने र थप कम्पनी भित्र्याउन सहज वातावरण बनाउने हो भने 'कर्पोरेट कल्चर' सिर्जना गर्नुपर्छ । यसका लागि सबैभन्दा पहिले २०२२ सालको ऐन खारेज गरी आधुनिक र समयानुकूल ऐन बनाउने, नेपालले दस्तखत गरेको पेरिस कन्भेन्सन (इन्डस्ट्रियल प्रोप्रर्टी)को उचित परिपालना हुने, विश्वासको वातावरण सिर्जना गर्नका लागि मन्त्रिपरिषद्को निर्णयले उद्योग मन्त्रालयको सक्रियतामा मुद्दामा सहजीकरण गर्नेजस्ता कुरामा ध्यान दिन जरुरी छ ।

(रेग्मी अधिवक्ता तथा प्राध्यापक हुन्)

अंक र अर्थ

धितोपत्रको सार्वजनिक निष्कासन किन गरिन्छ ?

धितोपत्रसम्बन्धी ऐन नियमको व्यवस्थाबमोजिम संगठित संस्थाले आफ्नो धितोपत्र एकपटकमा ५० जनाभन्दा बढी व्यक्ति तथा संस्थालाई निष्कासन तथा बिक्री प्रबन्धक व्यवसायीमार्फत बोर्डबाट स्वीकृत विवरणपत्रका आधारमा सार्वजनिक रूपमा सूचना प्रकाशन गरी बिक्री वितरण गर्ने कार्यलाई धितोपत्रको सार्वजनिक निष्कासनको रूपमा बुझ्न सकिन्छ । संगठित संस्थाहरूलाई आफ्नो व्यवसाय विस्तार गर्न पुँजीको आवश्यकता पर्दछ । उक्त पुँजीको आवश्यकता पूरा गर्न सर्वसाधारणमा छरिएर रहेको रकम संकलनका लागि यस्तो निष्कासन गरिन्छ । यसले सर्वसाधारण लगानीकर्तालाई लगानीको अवसर प्राप्त हुनुका साथै त्यसबाट प्राप्त नाफामा



सहभागी हुने अवसर प्रदान गर्दछ भने अर्कोतिर देशमा औद्योगीकरण तथा व्यापारीकरणका लागि आवश्यक पुँजीको पूर्ति भई समग्र देशको आर्थिक विकासमा टेवा पुग्दछ ।

धितोपत्र बोर्ड

बिजनेस @



महावीर पुन, वैज्ञानिक

हेलो ! नेपालमा धेरै युनिभर्सिटी खोल्न तम्सिने थुप्रै साथीहरू, नेपाली अर्थशास्त्री र युनिभर्सिटीका उपकुलपतिहरूले गएर एकपटक हेर्नुहोस् त ! नेपालमा धेरै उद्यमी उत्पादन गर्न नर्वेको युनिभर्सिटी अफ ओस्लोमा भएको साइन्स पार्क भन्ने अनुसन्धान केन्द्रजस्तै अनुसन्धान केन्द्र खोल्नुपर्छ । मैले संसारका ४० वटाजति प्रख्यात विश्वविद्यालयमा गएर त्यहाँ कसरी अनुसन्धान र इनोभेसन गर्दारहेछन् भनेर हेरेको छु । तीमध्ये नर्वेको त्यो अनुसन्धान केन्द्रले गरेको तरिका धेरै नै मन पऱ्यो । डिग्री दिने तर सीप नदिने विश्वविद्यालयहरू खोल्नुभन्दा नेपालमा त्यस्तै अनुसन्धान केन्द्र खोल्न प्रयास गर्नुहुन अनुरोध गर्दछु ।

त्यो घुमघाम गर्ने पार्क होइन रहेछ । म त्यहाँ जाँदा संसारभरिबाट आएका ६५ वटा देशका अनुसन्धानकर्ताले विभिन्न विषयका अनुसन्धान गरिरहेका थिए । २५० वटाभन्दा धेरै 'स्टार्टअप' र ठूला कम्पनीले विश्वविद्यालयका अनुसन्धानकर्ताहरूसँग मिलेर विभिन्न किसिमका अनुसन्धान गरिरहेका रहेछन् । त्यसरी त्यो केन्द्रले धेरै उद्यमी निकाल्ने रहेछ र उद्योगलाई सेवा दिँदोरहेछ । नेपाली अर्थशास्त्री र युनिभर्सिटीका उपकुलपतिहरूले सिक्नुपर्छ । त्यो 'साइन्स पार्क'मा खासगरी इन्डस्ट्रियल डेभलपमेन्ट कर्पोरेसन अफ नर्वे भन्ने सरकारी निकायले र उद्योगले सहयोग गर्दारहेछन् ।

अर्थ ज्ञान

वैदेशिक रोजगारीमा जानेले राज्यबाट के-के पाउँछन् सुविधा ?



वैदेशिक रोजगारीमा जाने श्रमिकलाई सरकारले विभिन्न खालको सुविधाको व्यवस्था गरेको छ । वैदेशिक रोजगार बचतपत्र, प्राथमिक सेयरमा कोटाको व्यवस्था, सामाजिक सुरक्षा कोष तथा सहुलियतपूर्ण कर्जाको पनि व्यवस्था गरेको छ ।

सरकारले वैदेशिक रोजगारीमा गएका श्रमिकलाई सेयर बजारमा समेट्नका लागि प्राथमिक सेयर निष्कासनमा १० प्रतिशत आरक्षणको व्यवस्था गरेको छ । धितोपत्र बोर्डले गत वर्षदेखि यो व्यवस्था लागू गरेको हो । जसअनुसार कुनै पनि कम्पनीले प्राथमिक सेयर निष्कासन गर्नुपूर्व १० प्रतिशत सेयर वैदेशिक रोजगारीमा गएका श्रमिकका लागि जारी गर्नुपर्नेछ । यसरी निष्कासन गरिएको सेयरमा वैदेशिक रोजगारीमा गएका श्रमिकले यथास्थानबाट आवेदन दिन सक्नेछन् । यसका लागि श्रमिकसँग श्रम स्वीकृतिको अवधि भएको हुनुपर्ने, रोजगारदातासँगको सम्झौता, डिपिआइपी तथा रेमिट्यान्स खाता अनिवार्य हुनुपर्नेछ । श्रमिक अनलाइनबाट नै सेयरका लागि आवेदन दिन सक्नेछन् ।

त्यस्तै, सरकारले वैदेशिक रोजगारीबाट फर्केका श्रमिकलाई सहुलियतपूर्ण कर्जाको व्यवस्था गरेको छ । वाणिज्य बैंकले प्रदान गर्ने सहुलियतपूर्ण कर्जाका लागि श्रमिकले परियोजनाको खाकासहित आवेदन दिनुपर्नेछ । तर, यस्तो कर्जामा भने श्रमिकले धेरै सास्ती भोग्नुपरेको श्रमिकहरूको गुनासो छ । श्रमिकका लागि बैंकले नै कर्जा दिन आनाकानी गर्ने उनीहरूको गुनासो छ ।

त्यस्तै, सरकारले गत वैशाखदेखि वैदेशिक रोजगारीमा जाने श्रमिकलाई सामाजिक सुरक्षा कोषमा समेट्न थालेको छ । श्रमिकले मासिक दुई हजार रुपैयाँ योगदान गरी कोषमा समावेश हुन सक्नेछन् । अहिले श्रम स्वीकृति लिएर जाने श्रमिकले अनिवार्य रूपमा सामाजिक सुरक्षा कोषमा आबद्ध हुनुपर्नेछ । तर, यसअघि नै विदेशमा श्रम गर्दै आएका श्रमिकले भने अनलाइनमार्फत कोषमा सहभागी हुनका लागि आवेदन दिन सक्नेछन् ।

त्यस्तै, नेपाल राष्ट्र बैंकले वैदेशिक रोजगारीमा गएका श्रमिकलाई लक्षित गरी वैदेशिक रोजगार बचतपत्र जारी गर्दै आएको छ । श्रमिकको आम्दानी उत्पादनमूलक क्षेत्रमा लगानी गर्नका लागि सरकारले बचतपत्र योजना सञ्चालनमा ल्याएको हो । केन्द्रीय बैंकले ०६७ साल देखि बचतपत्रको सुरुवात गरेको छ ।

विश्वव्यापी आपूर्ति शृंखला एकीकरणमा निर्भर श्रीलंकाको अर्थतन्त्र

आपूर्ति शृंखलाले श्रीलंकाको सभ्यता र अर्थतन्त्रको विकासमा शताब्दीयौंदेखि विशेष भूमिका खेल्दै आएको छ

केही समयअघि आर्थिक संकटको गतिलो उदाहरण बन्यो, श्रीलंका । दिनप्रतिदिन बढ्दो महँगी, दैनिक उपभोग्य वस्तुका लागि घन्टौं लाइनमा बस्नुपर्ने अवस्था आएको श्रीलंकामा विश्वको ध्यान आकृष्ट भयो । यो हदको आर्थिक संकट सायदै अन्यत्र होला । मानिसहरू सडकमा उत्रिएर प्रदर्शन गर्न थाले, राष्ट्रपति भवनभित्र पसेर हुलदंगा गरे । ज्यान जोगाउन राष्ट्रपति भाग्नुपऱ्यो । र, नयाँ राजनीतिक लहर उठ्यो । तर, अहिले बिस्तारै श्रीलंकाले लय समात्न थालेको छ ।

अहिलेको गतिशील वैश्विक आर्थिक परिदृश्यमा श्रीलंका महत्त्वपूर्ण मोडमा उभिएको छ । महत्त्वपूर्ण यस अर्थमा कि यसको आर्थिक समृद्धिको मार्ग विश्वव्यापी आपूर्ति शृंखला (सप्लाई चेन)सँगको एकीकरणमा निहित छ । तर, यो एकीकरण राजनीतिक विकल्प मात्रै नभई समग्र श्रीलंकाको भविष्यको कल्याणका लागि आवश्यक छ ।

बेल्ट एन्ड रोड इनिसिएटिभ (बिआरआई), प्रस्तावित भारत-मध्यपूर्व युरोप आर्थिक करिडोर, क्षेत्रीय व्यापक आर्थिक साझेदारी (आरसिइपी)मा सहभागी हुने देशको महत्त्वाकांक्षा, रणनीतिक रूपले महत्त्वपूर्ण हम्बनटोटा बन्दरगाह, कोलम्बो बन्दरगाह सहरी योजनासहित भारत, सिंगापुर, थाइल्यान्ड, मलेसिया, चीन र बंगलादेशजस्ता देशसँगका विभिन्न व्यापार सम्झौता श्रीलंकाको परिवर्तनकारी यात्रामा महत्त्वपूर्ण छन् ।

विश्वव्यापी आपूर्ति शृंखलाले श्रीलंकाको सभ्यता र अर्थतन्त्रको विकासमा शताब्दीयौंदेखि विशेष भूमिका खेल्दै आएको छ । पूर्व-पश्चिम जोड्ने ऐतिहासिक सिल्क रुटले व्यापार मार्गको स्थायी महत्त्वलाई प्रमाणित गरेको छ । यो रुटले विभिन्न क्षेत्रमा आर्थिक वृद्धि र समृद्धिलाई सँगसँगै डोऱ्याउँदै मालवस्तु, संस्कृति र आइडिया (उपाय) आदानप्रदानलाई समेत सहज बनाएको छ ।

विश्वव्यापी आपूर्ति शृंखला शरीरको धमनीबराबर हो । यसले आधुनिक अर्थतन्त्रलाई भरणपोषण गर्छ । हृष्टपुष्ट र बलियो बनाउँछ । त्यस्तै, सीमापार वस्तु, सेवा र पुँजी प्रवाह गर्न सुविधा दिन्छ । आज यो अवधारणा देश र महाद्वीपहरूमा फैलिएको परनिर्भर उत्पादन प्रक्रियाको जटिल नेटवर्कमा विकसित भएको छ । महत्त्वपूर्ण सामुद्रिक मार्गको केन्द्रमा बसेको श्रीलंका वैश्विक आपूर्ति शृंखलामा विशेष कडी बन्न सक्छ ।

यो सम्भाव्यतालाई उपयोग गर्न श्रीलंकाले लजिस्टिक पूर्वाधारमा सुधार गर्न, कर्मचारीतन्त्रको अवरोध कम गर्न र वैदेशिक लगानीको सहज



> वैश्विक आर्थिक परिदृश्यमा श्रीलंका महत्त्वपूर्ण मोडमा उभिएको छ, यसको आर्थिक समृद्धि विश्वव्यापी आपूर्ति शृंखलासँगको एकीकरणमा निर्भर छ

वातावरण निर्माण गर्न लगानीलाई बढावा दिनुपर्छ । यो गर्दा देशले क्षेत्रीय तथा विश्वव्यापी व्यवसाय सञ्चालन गर्नका लागि आफूलाई आकर्षक गन्तव्यका रूपमा स्थापित गर्न सक्छ ।

आपूर्ति शृंखलामा सफल एकीकरणले निर्यातलाई मात्रै नभई स्वदेशी उद्योगलाई उत्प्रेरित गर्ने र युवालाई रोजगारी सिर्जना गर्ने कामसमेत गर्छ ।

चीनको महत्त्वाकांक्षी बिआरआई परियोजनाले श्रीलंकाको आर्थिक रूपान्तरणलाई अतुलनीय अवसर दिएको छ । उदाहरणका लागि हम्बनटोटालाई लिन सकिन्छ । यो बिआरआईको रणनीतिक परियोजना हो । प्रमुख सामुद्रिक व्यापार मार्गमा पर्ने यो बन्दरगाह पूर्व-पश्चिमलाई एकसाथ जोड्दै महत्त्वपूर्ण हब बन्न तम्तयार छ ।

त्यसैगरी, कोलम्बो पोर्ट सिटी परियोजना पनि श्रीलंकाको आर्थिक परिदृश्यलाई पुनर्व्याख्या गर्दै आधुनिक वित्तीय र बिजनेस हब बनाउन तयार छ । यो विकासले विदेशी लगानीलाई बढावा दिने, नियामकीय अनुशासन कायम राख्ने र व्यवसायका लागि समान अवसर सुनिश्चित गर्ने नियामकीय ढाँचालाई प्राथमिकता दिनुपर्छ ।

भारत, सिंगापुर, थाइल्यान्ड, मलेसिया, चीन र बंगलादेशसँगको श्रीलंकाले गरेको व्यापार सम्झौता देशको व्यापार पोर्टफोलियो विविधीकरणका लागि महत्त्वपूर्ण कदम हुन् । यो सम्झौताले विस्तारित बजारमा पहुँच प्रदान गरी आर्थिक सहायतालाई बढावा दिन्छ । यद्यपि, तिनीहरूको सफलता प्रभावकारी कार्यान्वयन र व्यापारको गतिशीलतामा निर्भर छ ।

श्रीलंकाको आर्थिक भविष्य उल्लिखित विश्वव्यापी प्रक्रियासँग आफूलाई एकीकृत गर्ने क्षमतासँग जोडिएको छ । साथै, यसले त्यहाँको पर्यटन क्षेत्रलाई पनि बलियो बनाउँदै क्षेत्रीय गन्तव्य बनाउन सक्छ । तर, यो परिवर्तन राजनीतिक रूपमा वामपन्थी झुकाव, संरक्षणवादी र पृथकतावादी मानसिकताबाट बाहिरिनु आवश्यक छ । यही कारणले देश आर्थिक र सामाजिक रूपमा दशकौंदेखि फस्दै आएको छ ।

एक-आपसमा जोडिएको विश्वमा भिन्दाभिन्दै सोचले समग्र वृद्धि र विकासमा बाधा पुऱ्याउँछ भन्ने बुझ्न जरुरी छ । श्रीलंकाको रणनीतिक स्थिति र विश्वव्यापी आपूर्ति शृंखलाद्वारा प्रस्तुत अवसरलाई खुला र दूरदर्शी दृष्टिकोणलाई अँगाल्नका लागि आकर्षक प्रोत्साहनका रूपमा काम गर्नुपर्ने हुन्छ । आर्थिक रूपान्तरणको खोजीमा बिआरआई शिखर सम्मेलनका लागि राष्ट्रपति रनिल विक्रमासिंघेको चीन भ्रमणले विशेष महत्त्व राख्छ । हालको आर्थिक संकटलाई नियन्त्रणमा लिई श्रीलंकालाई यो रूपान्तरणको यात्रामा डोऱ्याउन विक्रमासिंघेको भूमिका महत्त्वपूर्ण छ, यसलाई नकार्न सकिन्न ।

यद्यपि, विश्वव्यापी एकीकरणका लागि खाद्य र ऊर्जा सुरक्षा संरक्षण सुनिश्चित गर्नुपर्छ । आर्थिक अवसरको खोजीमा श्रीलंकाले यी अत्यावश्यक पक्षमा सम्झौता गर्नुहुँदैन । यो सन्तुलन कायम गर्नु श्रीलंकाली नेतृत्वका लागि मुख्य चुनौती हो । यो रूपान्तरणको यात्रामा आर्थिक वृद्धि र दिगो विकासबीच सन्तुलन कायम हुन जरुरी छ । श्रीलंकाले यी पहलद्वारा अवसरको सदुपयोग गर्दा सार्वभौमिकता, वातावरण र सामाजिक सुरक्षालाई विशेष ख्याल गर्नुपर्ने हुन्छ ।

(डेली मिरर)

सेयर बजार

२१ असोज ०८०

नेप्से १९२१.२१ ▼ -३५.६७-१.८२

कारोबार रकम	जम्मा सेयर
१८०१७६६२९४.०८	५८१५१८९

अर्थ-व्यवसायसँग सम्बन्धित कुनै पनि जिज्ञासा वा विचार भए हामीलाई इमेल गर्न सक्नुहुन्छ । प्राथमिकताका आधारमा क्रमशः प्रकाशन गर्नेछौं ।
email: arthapatrika@gmail.com

अर्थ पत्रिका
नयाँ पत्रिका
सोमबार २२ असोज ०८०

दसैँमा घर फर्कने बाटोको बिजोग

दुई लाख ६१ हजार एक सय २० वर्गमिटरबराबरका खाल्डा पुर्नुपर्ने भए पनि हालसम्म ८२ हजार नौ सय ७९ वर्गमिटर मात्रै पुरिएका छन्

धादिङमा **अर्जुन श्रेष्ठ**, नवलपरासीमा **रामकुमार श्रेष्ठ**, मकवानपुरमा **पोष्टराज अधिकारी**, भरतपुरमा **विवेक पोखेल**, सिराहामा **सुरेन्द्रकुमार कामती**, धनगढीमा **तेजराज भट्ट**, काभ्रेमा **इन्द्रबहादुर थापा** र काठमाडौंमा **मिलन विश्वकर्मा**

देशभरका प्रमुख सडकहरू समयमै मर्मत नहुँदा काठमाडौं र अन्य सहरी क्षेत्रबाट दसैँ मनाउन घर फर्कने यात्रीले सास्ती व्यहोर्नुपर्ने भएको छ। सडक विभागको तथ्यांकअनुसार तीन हजार ६ सय दुई किलोमिटर सडक मर्मत गर्नुपर्नेमा हालसम्म नौ सय ६१ किलोमिटर अर्थात् २७ प्रतिशत मात्रै दसैँलक्षित सडकको मर्मत भएको छ।

सडकमा रहेका खाल्डाखुल्डीमध्ये ३२ प्रतिशत मात्रै पुरिएका छन्। विभागले दुई लाख ६१ हजार एक सय २० वर्गमिटरबराबरका खाल्डाहरू पुर्नपर्ने भए पनि हालसम्म ८२ हजार नौ सय ७९ वर्गमिटर मात्रै पुरिएका छन्। यो तथ्यांक सडक विभागअन्तर्गतका राजमार्गको मात्रै अवस्था हो। प्रदेश तथा स्थानीय तहअन्तर्गतका सडकहरूको अवस्था थप बिजोग छ।

सडक विभागका महानिर्देशक सुशीलबाबु ढकाल पनि दसैँ-तिहारलक्षित सडक मर्मतमा ढिलाइ भएको स्वीकार गर्छन्। प्राविधिक समस्याका कारण सडक मर्मत-सम्भारमा ढिलाइ भएको उनको स्वीकारोक्ति छ। 'यसपालि मनसुन लम्बियो। साथै, सडक मर्मतका लागि बजेट पनि छैन। त्यसैले गर्दा दसैँ-तिहारलक्षित सडक मर्मत कार्य द्रुत गतिमा गर्न सकिएन,' उनले भने, 'बजेट नभए पनि काम त हुन सक्ने थियो। तर, मनसुन लामो समय भएपछि व्यावहारिक रूपमै काम गर्न सकिएन।'

गत बुधबार भएको पूर्वाधार विकास समितिको बैठकमा भौतिक, पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वालाले पनि दसैँअघि सडक मर्मत-सम्भार गर्न नसकिने बताएका थिए। बजेट अभावकै कारण दसैँअघि सडक मर्मत गर्न नसकिने अभिव्यक्ति उनले बैठकमा दिएका थिए।

सडक मर्मतका लागि यो वर्ष बजेट नै नराखिएको सडक बोर्डले जनाएको छ। गत आर्थिक वर्ष ०७९/८० मा सडक निर्माण गरेका ठेकेदारलाई दिनुपर्ने बक्यौता नै तीन अर्ब ९६ करोड छ। बजेट अभावकै कारण सडक मर्मत हुन नसकेपछि अर्थ मन्त्रालयले सडक बोर्डलाई पाँच अर्ब दिने प्रतिबद्धता गरेको थियो। तर, अझै निकासा भएको छैन। 'उक्त बजेटको स्रोत सुनिश्चित भइसकेको जानकारी आइसकेको छ,' उनले भने, 'आशा छ, छिट्टै बजेट निकासा हुनेछ। त्यसपछि मर्मतको काम भन् प्रभावकारी हुनेछ।'

महानिर्देशक ढकालले घटस्थापनाअघि नै अधिकांश सडक मर्मत गरी खाल्डारहित बनाइने दाबी गरे। 'मनसुनका कारण शुक्रबारसम्म काम गर्नै सकिएन। शनिबारबाट मनसुन रोकिएसँगै सडकहरू ओभाएका (सुक्खा भएका) छन्,' उनले भने, 'आइतबारबाट अधिकांश ठाउँमा सडक मर्मत गर्न सुरु भइसकेका छन्। घटस्थापनाअघि सबै ठाउँमा सडक मर्मत गर्न त नसकिएला। तर, अधिकांश सडकलाई खाल्डाखुल्डीरहित बनाउँछौं। साथै, स्तरोन्नति तथा निर्माणाधीन अवस्थामा रहेका सडकहरूलाई सहज रूपमा यात्रा गर्न मिल्ने बनाउन निर्माण कम्पनीहरूलाई भनेका छौं। त्यसअनुसार उनीहरू लागेका छन्।'

■ यी सडकमा मर्मत आवश्यक

अहिले नागढुंगा-नौबिसे-मुग्लिन, नारायणगढ-बुटवल, मुग्लिन-पोखरा, कमला-कञ्चनपुर, ढल्केबर-कोशी ब्यारेजलगायतका सडक स्तरोन्नति भइरहेका छन्। सडक चौडा गर्दा कालोपत्रे हटाइएको छ। फलस्वरूप त्यहाँ खाल्डाखुल्डी पनि छन्, जुन अझै मर्मत भएको छैन। यसले गर्दा त्यहाँको यात्रा समय लम्बिएको छ। निर्माण कम्पनीकै कारण नायणगढ-बुटवल, मुग्लिन-पोखरा सडकखण्डको स्तरोन्नतिमा ढिलाइ भएको छ। यसैगरी अरनिको राजमार्गको धुलिखेल-खावा सडकखण्डको स्तरोन्नति गर्ने काम पनि निर्माण कम्पनीका कारण ढिलाइ भएको छ। कैलालीको भीमदत्त राजमार्गको झन्डै तीन सय मिटर सडक भासिएको छ, जुन दसैँअघि मर्मत गर्न नसकिने महानिर्देशक ढकाल बताउँछन्।

दसैँ नजिकिँदै गर्दा बर्खामा अवरुद्ध भएका केही सडकखण्ड अझै पूर्ण रूपमा सञ्चालनमा आउन सकेका छैनन् भने ६२ ठाउँमा सडक एकतर्फी मात्रै सञ्चालनमा छन्। यो बर्खामा बाढीपहिरोका कारण देशभर दुई सय ९६ ठाउँमा सडक (राजमार्ग) अवरुद्ध भएको थियो। त्यसमा अझै दुई ठाउँमा सडक अवरुद्ध नै छ। राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको तथ्यांकअनुसार डुम्रे-बेँसीसहर-मनाङ सडकको लमजुङस्थित श्रीचौरमा सडक अवरुद्ध छ। यसैगरी, तमोर करिडोरको पाँचथरस्थित माभीटार हेवा खोलामा पनि सडक अवरुद्ध छ।

■ काठमाडौं-हेटौंडा यात्रुलाई निरन्तर सास्ती

काठमाडौंबाट बागमती प्रदेशको राजधानी हेटौंडा आवतजावत गर्ने यात्रुहरूले निरन्तर सास्ती खेप्दै आएका छन्। हेटौंडाबाट काठमाडौं जोड्ने आठवटा राजमार्ग हेटौंडा-भीमफेदी-कुलेखानी-फाखेल-बल्खु, हेटौंडा-भीमफेदी-कुलेखानी-सिस्नेरी-दक्षिणकाली-बल्खु, हेटौंडा-भीमफेदी-फाखेल-मातातीर्थ-कीर्तिपुर, हेटौंडा-भीमफेदी-कुलेखानी-मार्खु-चित्लाङ-थानकोट, हेटौंडा-दामन-टिस्टुङ-नौबिसे-थानकोट (त्रिभुवन राजपथ), हेटौंडा-कुलेखानी-चन्द्रागिरि हुँदै थानकोट, हेटौंडा-ठिंगन-टीकाभैरव-सातदोबाटो (कान्ति लोकपथ) र हेटौंडा-नारायणगढ-मुग्लिन-नौबिसे-थानकोट सञ्चालनमा छन्।

यी राजमार्गमा स्तरोन्नतिको काम समयमै नसक्दा यात्रुहरू निकै कष्टपूर्ण यात्रा गर्न बाध्य छन्। हेटौंडाबाट कुलेखानी-फाखेल हुँदै बल्खु निस्कने सडक १० मिटर फराकिलो बनाउन स्तरोन्नति भइरे पनि समयमा काम नसकिँदा यात्रुले सास्ती खेपिरहेका छन्। यो सडकको स्तरोन्नतिो काम गत असारमै सकिनुपर्ने भए पनि मुआब्जा विवादले पुनः म्याद थपिएको छ।

यता हेटौंडाबाट कुलेखानी-सिस्नेरी-दक्षिणकाली हुँदै बल्खु निस्कने सडकलाई मकवानपुर र काठमाडौं खण्डमा दुईवटा ठेक्का लगाएर निर्माण भइरहे पनि अपेक्षित गति लिन सकेको छैन। संघ र प्रदेशले उक्त सडक स्तरोन्नतिका लागि काठमाडौं खण्डतर्फ २२ करोड र मकवानपुर खण्डतर्फ १८ करोड विनियोजन गरेका छन्।

०७३ मा निर्माण सुरु भई १५ महिनामा सकिनुपर्ने कुलेखानी-मार्खु-चित्लाङ-थानकोट मार्ग करिब पाँच वर्षसम्म पनि सकिएको छैन। २२.५ किलोमिटरको उक्त सडक निर्माण हालसम्म ५० प्रतिशत मात्रै सम्पन्न भएको छ।

■ नारायणगढ-बुटवल सडक भत्काएर छाडियो

तीन वर्षमा सक्ने गरी एक सय १३ किलोमिटर लामो नारायणगढ-बुटवल सडकखण्ड निर्माण सुरु भएको चार वर्ष बितिसक्दा ४१ प्रतिशत मात्रै सकिएको छ। पश्चिम खण्डमा त भन् ३७ प्रतिशत मात्रै काम सकिएको छ।

अधिकांश ठाउँमा सडक भत्काएर अलपत्र पारिएका कारण निर्माण कम्पनी चाइना स्टेटको आलोचना हुँदै आएको छ। पूर्वी नवलपरासीका प्रमुख जिल्ला अधिकारी कल्पना श्रेष्ठले ठेकेदार कम्पनी, सडक आयोजनालाई चाडपर्वलाई लक्षित गरेर बाटो सहज बनाउने निर्देशन दिएको बताइन्। '१० दिनअगाडि नै निर्माण कम्पनीलाई बोलाएर सडकमा खाल्डाखुल्डी पुर्न निर्देशन दिएका हौं। पानीका कारण देखाएर पन्छिने गरेका छन्,' प्रजिअ श्रेष्ठले भनिन्। चाइना स्टेट कम्पनी बुटवल-नारायणगढ सडकखण्डका प्रमुख राकेश झाले पानी-झरीमा समेत काम गरिरहेको दाबी गरे। सामान्य अवस्थामा साढे दुई घन्टामा पार गरिने सडक अहिले पाँच घन्टाभन्दा बढी समय लाग्ने गरेको छ।

■ सामान्य झरीमै अवरुद्ध हुन्छ नारायण-मुग्लिन सडक

काठमाडौंसम्म आवतजावत गर्ने प्रमुख राजमार्गमध्येको मुग्लिन-नारायणगढ सडक सामान्य झरीमै समेत पहिरो खसेर अवरुद्ध हुने गरेको छ। अहिले यो सडकखण्डमा पर्ने १५ पुलमध्ये १३ वटाको निर्माण जारी छ। १० पुससम्म सबै पुल तयार गर्नुपर्ने समयसीमा छ।

सडक डिभिजन कार्यालय भरतपुरका इन्जिनियर सागर कार्कीले चार्डपर्वलक्षित गरेर बाटोमा भएका खाल्डाखुल्डी मर्मत-सम्भारका लागि पटके मर्मतअन्तर्गत टेन्डर आह्वान भएर कार्यान्वयनमा गएको बताए। 'अत्यन्त सामान्य खाल्डाखुल्डी छन्। त्यसलाई पनि मर्मत गर्नेछौं, सडकमा समस्या छैन। हामीलाई पहिरोको नै डर हो,' उनले भने। गत वर्ष भासिएर मर्मत-सम्भार गरिएको रिग्दी पुलनजिकको सडकखण्ड अहिले पनि भासिन सुरु भएको छ। यात्रुवाहक र मालवाहक गरेर दैनिक ११ हजार सवारीसाधन यो सडकखण्ड हुँदै आवतजावत गर्ने गरेका छन्।

■ पूर्व-पश्चिम राजमार्गको मिर्चैयामा खाल्डाखुल्डी

पूर्व-पश्चिम राजमार्गअन्तर्गत सिराहाको कमलादेखि सप्तरीको कञ्चनपुरसम्म निर्माणाधीन चार लेन सडक निर्माणमा ढिलाइ हुँदा सडक अस्तव्यस्त छ। सबैभन्दा बिजोग सिराहाको मिर्चैया बजार क्षेत्रमा छ। करिब डेढ किलोमिटर सडक क्षेत्रमा खाल्डाखुल्डी मात्रै छ, कहीं सम्लो छैन। निर्माणको काम सन् २०२० अक्टोबरबाट सुरु भई २०२३ अक्टोबरसम्म सम्पन्न गर्नुपर्ने भए पनि अझै समय लाग्ने भएको छ।

■ सुदूरपश्चिमका सात पहाडी जिल्लालाई तराईसँग जोड्ने एक मात्र राजमार्ग अवरुद्ध

दसैँमा सुदूरपश्चिमका सात पहाडी जिल्ला डडेल्धुरा, बैतडी, दार्चुला, डोटी, अछाम, बाजुरा र बझाङ जाने यात्रुले कैलालीको बुढीतोला सडकखण्डमा सास्ती खेप्नुपर्नेछ।

गत २२ साउन रातिको पहिरोले भीमदत्त राजमार्गको बुढीतोलामा तीन सय ४० मिटर सडक क्षतिग्रत बनाएयता मर्मत हुन सकेको छैन। पहिरोले करिब ६० मिटर सडक बगाएको छ भने बाँकी खण्ड भासिएको छ। 'सडक पूरै बगाएको ठाउँमा एकतर्फी मात्र सञ्चालन भएकाले यातायातका साधन पार हुन केही समय कुर्नुपर्छ,' सडक डिभिजन कार्यालयका इन्जिनियर तारानाथ सिग्देलले भने।

यो सुदूरपश्चिमका सात पहाडी जिल्लालाई तराईसँग जोड्ने एक मात्र राजमार्ग हो। सडक डिभिजन कार्यालयले पहिरोको जोखिम कायम रहेकाले भौगर्भिक अध्ययन गरेपछि मात्र पुनर्निर्माणको कार्य सुरु गरिने जनाएको छ। सिग्देलका उनका अनुसार भूगर्भविद्को टोलीलाई अध्ययनका लागि करिब दुई महिना लाग्नेछ। सडक पुनर्निर्माणका लागि अर्को वर्ष मात्र ठेक्का हुने सिग्देलले बताए।

■ सोह्र महिनामा १० प्रतिशत मात्रै काम

काठमाडौंबाट पूर्वी नेपालतर्फ जाने यात्रुहरूले प्रयोग गर्ने अरनिको राजमागअन्तर्गतको धुलिखेल-खावा चार किलोमिटर सडकखण्ड विस्तारमा भएको ढिलाइले यात्रुहरू सास्ती खेपिरहेका छन्। २२ महिनामा स्तरोन्नति गर्ने सम्झौता भएको १६ महिना बितिसक्दा निर्माणको काममा १० प्रतिशत मात्रै प्रगति भएको छ। सडक डिभिजन कार्यालय भक्तपुरका इन्जिनियर नेत्र देवकोटाले काममा ढिलाइ भएपछि पत्र काटेर ठेकेदारलाई दबाब दिएको बताए।



पृथ्वी राजमार्गअन्तर्गत धादिङ खण्डको हिलाम्मे सडक



साँघुरो रहेको हेटौंडा-कुलेखानी-बल्खु सडक वर्षौंदेखि मर्मत हुँदै

सबैभन्दा व्यस्त पृथ्वी राजमार्ग नै अस्तव्यस्त

काठमाडौं भित्रिने र बाहिरिने प्रमुख नाका पृथ्वी राजमार्ग हुँदै यात्रा गर्नेले विगतमा जस्तै यो वर्ष पनि सास्ती खेप्नुपर्नेछ। सडकको बीचभागमा ठूला खाल्डाखुल्डी यत्रतत्र छन् भने पानी पर्दा हिलो हुने र सुख्खायाममा धुलो उड्ने पुरानो समस्या ज्युँको त्युँ छ। यो सडक हुँदै ६५ भन्दा बढी जिल्लाका मानिसहरू काठमाडौं आवतजावत गर्ने भए पनि सडकको दुरावस्था सुधार भएको छैन। त्यसैले चाडपर्वका वेला यात्रा गर्नसमेत डर लाग्ने गरेको धादिङ स्थायी घर भएर काठमाडौंमा बस्दै आएकी सबिना श्रेष्ठको अनुभव छ। 'आजभोलि नै घर फर्किन कार्यालयमा बिदा भएको छैन। दसैँमा घर फर्किँदा घन्टौंको जामसँगै खराब सडकको यात्रा गर्दा थकित हुने गरेका छौं,' उनी भन्छिन्।

कमजोर सडक पूर्वाधारका कारण पृथ्वी राजमार्ग र त्रिभुवन राजपथको धादिङ खण्डमा चालू आर्थिक वर्ष ०८०/८१ को साउनयता सडक दुर्घटनामा परी नौजनाले ज्यान गुमाएका छन् भने २१ गम्भीर घाइते र ६४ सामान्य घाइते भएको जिल्ला ट्राफिक प्रहरी कार्यालय गजुरीका प्रमुख प्रहरी निरीक्षक रवीन्द्रकुमार श्रेष्ठले जानकारी दिए। पृथ्वी राजमार्ग र त्रिभुवन राजपथअन्तर्गतका सडक दसैँअघि नै खाल्डाखुल्डीरहित बनाउन लागिपरेको नागढुंगा-मुग्लिन सडक योजना कार्यालय (पूर्वी खण्ड) गजुरी धादिङका योजना प्रमुख ईश्वरबहादुर रिजालले बताए। 'निर्माण व्यवसायीलाई समयमै मर्मत गर्न निर्देशन दिइसकेका छौं। यो महिनाको अन्त्यसम्म मर्मत भइसक्छ,' उनले भने।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

क्रसर उद्योग दर्ता गर्न नयाँ प्रक्रिया लागू

नयाँ प्रक्रियाअनुसार दर्ता प्रक्रियामा आउन १२ क्रसर उद्योगलाई म्याद थप

पवन तिमिल्सिना/नयाँ पत्रिका

सरकारले नयाँ प्रक्रियाअनुसार क्रसर उद्योग दर्ता गर्ने भएको छ। उद्योग विभागले आइतबार क्रसर उद्योगको अनुमति, दर्ता तथा नियमनसम्बन्धी प्रक्रिया तथा मापदण्ड, २०८० सार्वजनिक गर्दै सोहीअनुसार निवेदन पेस गर्न आह्वान गरेको हो।

०७७ मै सरकारले ढुंगा, गिट्टी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन मापदण्ड जारी गर्दै दूरीसम्बन्धी प्रावधान तय गरेको थियो। यसैका आधारमा नयाँ उद्योग दर्ताका लागि प्रारम्भिक वातावरणीय परीक्षण (आइइई)सम्बन्धी नयाँ व्यवस्था लागू गरेको उद्योग विभागका महानिर्देशक बाबुराम गौतमले बताए। उनले भने, 'आइइई स्वीकृत नभएका उद्योग दर्ताको अनुमतिका लागि म्याद थप्न १५ वटा क्रसर उद्योगको निवेदन परेको थियो। जसमा १२ वटाको निवदेनउपर कारबाही भइसकेको छ। नयाँ क्रसर उद्योग दर्ताका लागि आउने निवेदनका लागि समेत नयाँ मापदण्डअनुसार कागजात पेस गर्न आह्वान गरेका हौं।'

यो मापदण्डको अभावमा एक दर्जन क्रसर उद्योगले अनुमति लिए पनि आइइई स्वीकृत नहुँदा उत्पादन गर्न सकिरहेका छैनन्। गत ८ भदौमा बसेको उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री रमेश रिजाल नेतृत्वमा बस्ने औद्योगिक प्रवर्द्धन बोर्डले ती १२ उद्योगलाई थप दुई वर्षको म्याद थपेको थियो। १२ मध्ये आठ क्रसर उद्योगको म्याद गत वैशाख ३ मै गुज्रिएको थियो।

जसमा कैलालीको ब्रह्मा क्रसर उद्योग, नवलपरासीको बाबा बर्दगोरिया रोडा-ढुंगा, बाँकेको सुगन्धा प्रोसेसिङ एन्ड क्रसर उद्योग, रौतहटको संकटमोचन क्रसर उद्योग, सप्तरीको साहिल क्रसर उद्योग, दाङको समावेशी क्रसर उद्योग, बाँकेको एमएस क्रसर उद्योगे र कैलालीको जानकी क्रसर उद्योग छन्।

गत वर्ष माघ १२ गते नै म्याद सकिएकामा रौतहटको समुख क्रसर उद्योग, रुपन्देहीको ब्लु मुन स्टोन प्रोसेसिङ एन्ड क्रसर उद्योग र झापाको पाथीभरा क्रसिङ एन्ड क्रसर उद्योग छन्। त्यस्तै, सिन्धु सुनकोशी इन्फ्राको ०७८ कार्त्तिक ४ गते नै म्याद गुज्रिएको थियो।

■ वातावरणीय परीक्षण प्रतिवेदनमै विफल

१२ क्रसर उद्योग वातावरण परीक्षण प्रतिवेदन स्वीकृत नहुँदा उत्पादनमा जान नसकेको विभागले जानकारी दिएको छ। औद्योगिक तथा लगानी प्रवर्द्धन बोर्डबाट चार वर्षअघिदेखि स्वीकृति पाएर पनि उद्योगहरूको वातावरणीय परीक्षण स्वीकृति हुन सकेको छैन।

वन तथा वातावरण मन्त्रालयले केही क्रसर उद्योगको वातावरणीय परीक्षण प्रतिवेदन गत साउन ८ गते उद्योग मन्त्रालयकै क्षेत्राधिकार रहेको भन्दै फिर्ता पठाएको थियो। तर, उद्योग विभाग नयाँ मापदण्ड नआएका कारण प्रतिवेदन स्वीकृत नगरी बसेको थियो। अब क्रसर उद्योगको अनुमति, दर्ता तथा नियमनसम्बन्धी प्रक्रिया तथा मापदण्ड, २०८० जारी गरेपछि उद्योग विभागबाटै वातावरणीय अध्ययन प्रतिवेदन मूल्यांकन हुने भएको छ। यसका लागि विभागको प्रविधि तथा वातावरण शाखाको निर्देशकको संयोजकत्वमा मूल्यांकन समिति रहने व्यवस्था गरिएको छ।

■ मापदण्डमा के छ ?

सरकारले ०७७ मै जारी गरेको मापदण्डभित्र रहेर क्रसरको दूरी प्रमाणित गर्नुपर्ने व्यवस्थालाई विभागले कार्यान्वयन गर्ने निकायसमेत उल्लेख गरेको छ। जसअनुसार प्रादेशिक सडक डिभिजन कार्यालय, प्रदेश वन डिभिजन कार्यालय तथा राष्ट्रिय निकुञ्ज, विद्युत् प्राधिकरण प्रदेश वन डिभिजन कार्यालय वा राष्ट्रपति चुरे मधेश संरक्षण समितिबाट प्रमाणित गर्नुपर्नेछ। त्यस्तै, अनुमतिका लागि आवेदन दिने उद्योगको स्वामित्वमा कम्तीमा ४० रोपनी जग्गा चाहिने भएको छ। नयाँ व्यवस्थाअनुसार कुनै उद्योगले लिजमा लिएर क्रसर खोल्ने भए पाँच वर्षको सम्झौता चाहिने भएको छ।

■ विदेशी लगानी भित्र्याउने विषयको विरोध

उद्योग विभागले जारी गरेको मापदण्डमा नेपाली नागरिक भए नेपाली नागरिकता र विदेशी नागरिक भए राहदानी पेस गर्नुपर्ने व्यवस्था उल्लेख छ। यसबाट क्रसर उद्योगमा विदेशी लगानी भित्र्याउन सहजता दिएको भन्दै क्रसर व्यवसायीले यो मापदण्डको विरोध गरेका छन्।

नेपाल क्रसर तथा खानी उद्योग व्यवसायी महासंघका अध्यक्ष सीताराम न्यौपानेले क्रसर उद्योगमा विदेशी लगानी भित्र्याएर स्वदेशी लगानी विस्थापित गर्न खोजेको आरोप लगाए।

उनले भने, 'सरकारको यो मापदण्डप्रति हामी क्रसर व्यवसायीको घोर आपत्ति छ। यो अवैज्ञानिक छ। यत्रो समय अनिर्णयको बन्दी बनाएर अहिले बिचौलियाका लागि खुला गरिदिएको छ। यो कारणले नेपालका व्यवसायी विस्थापित हुने अवस्था छ।'

०७७ मा दूरीसम्बन्धी मापदण्ड लागू नहुँदै खुलेका क्रसरहरूको नवीकरणमा समस्या आएपछि सरकार र क्रसर उद्योगीबीच विवाद सिर्जना भइरहेको छ। ०७९ पुसमा गृह मन्त्रालयले वैध र अवैध उद्योग छुट्याउने विषयमा उद्योगीलाई बोलाएर छलफल गरेको थियो। महासंघका अनुसार हालसम्म वैध रूपमा सात सय उद्योग दर्ता छन्।

जसमध्ये दुई सय उद्योगी विस्थापित भइसकेको अध्यक्ष न्यौपानेको भनाइ छ। तर, गृह मन्त्रालयले देशभर १२ सय क्रसर सञ्चालनमा रहेको आँकडा निकालेको थियो। तर, ०७९ माघ ११ गते मन्त्रिपरिषद्ले विनाकुनै आधार क्रसर उद्योग पुनः खुलाउने निर्णय गऱ्यो। अर्थात् नवीकरण हुन नसकेका क्रसर उद्योगलाई समेत तत्कालका लागि बन्द नगर्ने आशय सरकारको थियो।

■ दर्ता अनुमतिको दुई वर्ष म्याद थपिएका क्रसर उद्योग

क्रसर उद्योग	म्याद सकिएको अवधि
ब्रह्मा क्रसर उद्योग, कैलाली	०८० वैशाख ३ गते
सिन्धु सुनकोशी इन्फ्रा, सिन्धुपाल्चोक	०७८ कार्त्तिक ४ गते
बाबा बर्दगोरिया रोडा उद्योग, नवलपरासी	०८० वैशाख ३ गते
सुगन्धा प्रोसेसिङ एन्ड क्रसर उद्योग, बाँके	०८० वैशाख ३ गते
संकटमोचन क्रसर उद्योग, रौतहट	०८० वैशाख ३ गते
साहिल क्रसर उद्योग, सप्तरी	०८० वैशाख ३ गते
समावेशी क्रसर उद्योग, दाङ	०८० वैशाख ३ गते
समुख क्रसर उद्योग, रौतहट	०७९ माघ १२ गते
एमएस क्रसर उद्योग, बाँके	०८० वैशाख ३ गते
जानकी क्रसर उद्योग, कैलाली	०८० वैशाख ३ गते
ब्लु मुन स्टोन प्रोसेसिङ एन्ड क्रसर उद्योग, रुपन्देही	०७९ माघ १२ गते
पाथीभरा क्रसिङ एन्ड क्रसर उद्योग, झापा	०७९ माघ १२ गते

स्रोत : उद्योग विभाग

दसैँ-तिहारलक्षित सुपथ पसल सुरु

नयाँ पत्रिका

दसैँ, तिहार र छठमा हुन सक्ने खाद्यान्नको कृत्रिम मूल्यवृद्धिबाट उपभोक्तालाई राहत दिन सरकारले सुपथ मूल्य पसल सञ्चालनमा ल्याएको छ। तीन सार्वजनिक संस्थानहरू खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड, साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेड र दुग्ध विकास संस्थान (डिडिसी)ले प्रचलित बजार मूल्यमा छुट दिएर सुपथ पसलमा विभिन्न खाद्य सामग्रीको बिक्री सुरु गरेका हुन्। आइतबारबाट सुरु भएको सुपथ पसल उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री रमेश रिजालले उद्घाटन गर्दै उपभोक्तालाई बढीभन्दा बढी लाभ लिन आग्रह गरे। उनले उपभोक्तालाई बढ्दो महँगीबाट राहत दिन सरकारले सुपथ मूल्य पसल सञ्चालनमा ल्याएको बताए।

तीन संस्थानले उपत्यकाका केही स्थानमा संयुक्त रूपमा सुपथ पसल सञ्चालन गरेका छन् भने अधिकांश ठाउँमा आ-आफ्नो कार्यालय र बिक्री केन्द्रमार्फत छुट मूल्यमा खाद्य सामग्री बिक्री थालेका छन्। मन्त्रालयका अनुसार काठमाडौं उपत्यकामा रहेका आठ बिक्रीकेन्द्र र तीन घुम्ती पसलसमेत गरी जम्मा ३५ स्थानमा सुपथ मूल्य पसल राखिएको छ।

काठमाडौंबाहिर मोरङ, झापा, ताप्लेजुङ, संखुवासभा, सोलुखुम्बु, दिक्तेल, भोजपुर, ओखलढुंगा, खोटाङ, सिराहा, जनकपुर, पर्सा, काठमाडौं, ललितपुर, भक्तपुर, कास्की, तनहुँ, गोरखा, मनाङ, मुस्ताङ, रुपन्देही, बाँके, दाङ, बर्दिया, रुकुम-पूर्व र रुकुम-पश्चिम, रोल्पा, सुर्खेत, गुल्मी, दैलेख, डोल्पा, कालीकोट, हुम्ला, जाजरकोट, जुम्ला, मुगु, कैलाली, डडेल्धुरा, बाजुरा, बझाङ, अछाम, दार्चुला, महेन्द्रनगर गरी ४२ जिल्लाका ४८ स्थानमा खाद्य व्यवस्था तथा व्यापार कम्पनीका सहुलियतपूर्ण पसल रहेका छन्। त्यस्तै साल्ट ट्रेडिङ र डिडिसीले पनि आ-आफ्नो कार्यालय र बिक्री केन्द्रमा सुपथ पसल सञ्चालन गरेका छन्।

सुपथ पसलबाट उपभोक्तालाई छुट मूल्यमा खाद्य सामग्री बिक्री गरेबापत सरकारले शोधभर्ना दिनका लागि खाद्य कम्पनीलाई दुई करोड ३२ लाख २० हजार बजेट छुट्याइएको छ भने साल्ट ट्रेडिङमार्फत बिक्री हुने सामानमा सहुलियत दिन सरकारले एक करोड रुपैयाँ छुट्याएको छ। साल्ट ट्रेडिङ कर्पोरेसनले चिनी प्रतिकिलो ९७ रुपैयाँमा बिक्री थालेको छ।



थापाथलीस्थित खाद्य कम्पनीले सञ्चालन गरेको सुपथ पसलमा खाद्यान्न खरिद गर्दै उपभोक्ता। तस्बिर : अमुल थापा/नयाँ पत्रिका

खाद्य कम्पनीमार्फत सुपथ पसलमा बजार मूल्यको तुलनामा चामल, दाल, गहुँ, आँटा, पिठो, मैदा, तेल र चिउरा प्रतिकिलो सात रुपैयाँ छुटमा उपलब्ध छ भने कर्णालीको सिमी, गेडागुडी, दाल, चिनो, कागुनो र उवा प्रतिकिलो १० रुपैयाँ छुटमा बिक्री थालिएको छ। घटस्थापनादेखि बिक्री सुरु हुने जिउँदो खसी, बोका र च्यांग्रामा प्रतिकिलो १० रुपैयाँ छुट दिइनेछ।

साल्ट ट्रेडिङमार्फत बिक्री हुने नुनमा प्रतिकिलो दुई र तेल तथा चिउरामा प्रतिकिलो सात रुपैयाँ छुट राखिएको छ। डिडिसीका उत्पादन घिउमा प्रतिकिलो २० र पनिर प्रतिदुई सय ग्राममा २० रुपैयाँ छुट राखिएको छ।

सेयर कर्जाको सीमा बढ्दा पनि बजारमा देखिएन सुधार

काठमाडौं/ नेपाल राष्ट्र बैंकले एकीकृत निर्देशनमार्फत सेयर कर्जामा केही खुकुलो गरे पनि आइतबार सेयर बजारले पनि साथ दिएन। साताको पहिलो कारोबार दिन आइतबार नेप्से परिसूचक ३५ दशमलव ६७ अंकले घटेर एक हजार नौ सय २१ दशमलव २५ बिन्दुमा आइपुगेको छ। लामो समयदेखि लगानीकर्ताले सेयर धितोकर्जामा लगाउँदै आएको १२ करोडको सीमा हटाउनुपर्ने माग राख्दै आए पनि राष्ट्र बैंकले बिहीबार केही संशोधन गर्दै व्यक्तिगत लगानीकर्ताको हकमा १५ करोड र संस्थागत लगानीकर्ताको हकमा २० करोडसम्म सीमा कायम गरेको थियो। आमलगानीकर्ताले राष्ट्र बैंकको निर्देशनपछि खुलेको बजारमा सुधारको अपेक्षा राखेका थिए। तर, विपरीत बजारमा भारी अंकले पहिरो गएपछि लगानीकर्ता निराश बनेका हुन्।

नेपाल इन्भेस्टर्स फोरमका अध्यक्ष तुलसीराम ढकालले राष्ट्र बैंकले लगानीकर्ताले उठाउँदै आएको मागलाई सम्बोधन गर्न नसक्दा लगानीकर्ताको मनोबल झनै गिरेको बताए। उनले भने, 'हामीले पूरै सीमा हटाउनुपर्छ, यतिबेला लगानीकर्ताको मनोबल गिरेको छ, लगानीमैत्री प्योकज ल्याउनुपर्छ भन्दै आएका थियौं, यसबारे सरकारले सुनेन परिणाम उल्टो देखियो।'

आइतबार कारोबारमा आएका १३ वटै समूहका सूचक घटेका छन्। सबैभन्दा धेरै जलविद्युत् कम्पनीको दुई दशमलव ७२ प्रतिशत घटेको छ।

कुमारी क्यापिटलको लगानीकर्ता सचेतना कार्यक्रम

काठमाडौं/ कुमारी क्यापिटलले 'विश्व लगानी सप्ताह २०२३' को अवसर पारेर विशेष लगानीकर्ता सचेतना कार्यक्रम आयोजना गरेको छ। कम्पनीले स्थानीय लगानीकर्तामा वित्तीय साक्षरता प्रवर्द्धन गर्दै कार्यक्रम सम्पन्न गरेको हो।

नेपाल धितोपत्र बोर्ड (सेबोन), कुमारी क्यापिटलका इन्भेस्टमेन्ट बैंकिङ प्रमुख ममिन शाक्य र कुमारी क्यापिटलका मर्चेन्ट बैंकिङ प्रमुख सबिन बुढाथोकीको सहभागितामा कार्यक्रम भएको क्यापिटलले जनाएको छ। पाल्पाको तानसेनमा बसोवास गर्ने स्थानीय लगानीकर्तालाई सेयर बजारमा सहभागिता जनाउन र लगानीसम्बन्धी जानकारीका



निर्णय गर्नुका सम्भावित फाइदाबारे जानकारी गराउने उद्देश्यले कुमारी बैंक तानसेन शाखाको सहकार्यमा कार्यक्रम गरिएको उल्लेख छ।

कार्यक्रममा सेबोनका प्रतिनिधि वसन्त रसाइलीले नियामक अनुपालन र जिम्मेवार लगानीको महत्त्वबारे प्रशिक्षण दिएको क्यापिटलले जनाएको छ। उनले नेपालको धितोपत्र बजारलाई नियन्त्रण गर्ने नियामक ढाँचामा अन्तरदृष्टि प्रदान गरेर सहभागीलाई सेबोनले तोकेका दिशानिर्देशको पालना गर्दै लगानीका अवसर खोज्न प्रोत्साहित गरेका थिए।

क्यापिटलका इन्भेस्टमेन्ट बैंकिङ प्रमुख शाक्यले सेयर बजारको लगानी रणनीतिबारे बहुमूल्य अन्तरदृष्टि साझा गर्नुका साथै धितोपत्रमा लगानी गर्दा हुने दीर्घकालीन फाइदाबारे चर्चा गरेका थिए। उनले सफल लगानी पोर्टफोलियो निर्माणमा अनुसन्धान, जोखिम व्यवस्थापन र विविधीकरणको महत्त्वबारे बताएका थिए।

टाटाले राख्यो २३ ठाउँमा फास्ट चार्जिङ स्टेसन, १२५ एसी चार्जर

नयाँ पत्रिका

देशमा विद्युतीय गाडी प्रवर्द्धनका लागि टाटा मोटर्सले प्रमुख राजमार्गमा धमाधम चार्जिङ स्टेसन स्थापना गरिरहेको छ। अहिलेसम्म टाटाले उपत्यकासहित विभिन्न २३ ठाउँमा डिसी फास्ट चार्जिङ स्टेसन तथा एक सय २५ भन्दा धेरै ७.२ किलोवाटका एसी फास्ट चार्जिङ प्वाइन्टहरू स्थापना गरेको हो।

टाटाका गाडीको नेपालका लागि आधिकारिक वितरक सिप्रदी ट्रेडिङ प्रालिका अनुसार फास्ट चार्जिङ स्टेसनहरू ललितपुर, सिन्धुली, बिर्तामोड, इटहरी, लाहन, ढल्केबर, सिमरा, हेटौंडा, नारायणगढ, चुम्लिङटार, धार्के, पोखरा, भैरहवा, भालुवाङ, नेपालगन्ज, धनगढीलगायत ठाउँमा छन्। एसी फास्ट चार्जरहरू भने सोरुम, सर्भिस सेन्टर, सपिङ मल, होटेल, हस्पिटललगायत ठाउँहरूमा रहेको टाटाको प्यासेन्जर विभाग प्रमुख सावन्तजंग सिजापतिले बताए। 'सिप्रदीले प्रमुख राजमार्ग र सहरहरूमा फास्ट चार्जिङ स्टेसनहरू स्थापना गरेर विद्युतीय गाडीको यात्रालाई सहज बनाउन केन्द्रित छ,' उनले भने, 'इभीको बजार विस्तारका लागि पूर्वाधार विकासमा ठूलो लगानी गरिरहेका छौं।'

'अब टाटाको बिजुली गाडी चढेर पूर्वदेखि पश्चिमसम्म पुग्दा पनि कुनै समस्या छैन,' सिजापतिले भने, 'प्रमुख राजमार्गमा हरेक सय-डेढ सय किलोमिटरभित्र टाटाको फास्ट चार्जिङ स्टेसन नै छन्, साथै ठाउँ-ठाउँमा एसी चार्जर पनि छन्।' नेपाली इभी बजारमा टाटाको नेक्सन, टिगोर, टियागो, एक्सप्रेस-टी र एस इभी पिकअप गरी चारवटा मोडलका विद्युतीय गाडी उपलब्ध छन्। यस्तै, सन् २०२४ को पहिलो महिनाभित्र नयाँ मोडल पञ्च इभी पनि नेपालमा



ल्याउने तयारी सिप्रदीको छ।

डिसी फास्ट चार्जरबाट ६० मिनेटमा शून्यदेखि ८० प्रतिशतसम्म ब्याट्री चार्ज हुने सिप्रदीले जनाएको छ। तर, ७.२ किलोवाटका एसी चार्जरबाट भने अलि समय लाग्छ। अझै थुप्रै ठाउँमा फास्ट चार्जर थप्दै जाने योजना रहेको सिप्रदीले जनाएको छ। कतिपय चार्जिङ स्टेसनहरूमा एकैपटक दुई वा दुईभन्दा बढी गाडी चार्ज गर्न मिल्छ। धार्केको टाटा सर्भिस सेन्टरमा एउटा डिसी फास्ट चार्जर र पाँचवटा एसी चार्जर छन्।

यस्तै, नेपाल विद्युत् प्राधिकरणले पनि देशभर ५१ वटा डिसी फास्ट चार्जिङ स्टेसन सञ्चालनमा ल्याएको छ। जहाँ कुनै पनि प्रकारका विद्युतीय गाडीहरू चार्ज गर्न मिल्छ। अब टाटाको इभी चढेर लामो दूरीमा समेत यात्रा गर्न सकिने कम्पनीको भनाइ छ। टाटाका विद्युतीय गाडी चढ्नेलाई लामो दूरीमा यात्रा गर्न पाइनौँ भन्ने गुनासो आउन नदिने गरी सिप्रदीले काम गरिरहेको सिजापतीले बताए। विद्युतीय कारको बजार प्रवर्द्धनका लागि चार्जिङ नेटवर्कसँगै इभी डेडिकेटेड सर्भिस सेन्टरको संख्या पनि बढाउँदै जाने नीति सिप्रदीले लिएको छ।

अहिले दैनिक करिब एक दर्जन गाडी चार्जिङ गर्न आउने गरेको ताज रिभरसाइड रिसोर्ट मूलकोटका व्यवस्थापकले बताए।

टाटाले मूलकोटमा ताज रिभरसाइड रिसोर्टमा फास्ट चार्जिङ स्टेसन राखेको छ। बिदाको दिन र चाडपर्वमा अलि बढी नै गाडी चार्ज गर्न आउने गरेको उनको भनाइ छ। उनले भने, 'गाडी ल्याएर चार्जमा जोडेपछि खाना खाइसक्दा फुल चार्ज भइसक्छ।' महेन्द्र राजमार्गमा पर्ने ढल्केबर (धनुषा) चार्जिङ स्टेसनमा पूर्व-पश्चिम र काठमाडौं यात्रा गर्नेहरू गाडी चार्ज गर्न आउने गरेको टाटा सर्भिस सेन्टरका एक कर्मचारीले बताए।

सरकारले पनि करमा छुट दिएरै विद्युतीय गाडीको प्रयोगलाई प्रोत्साहन गरिरहेको छ। विद्युतीय गाडीको प्रवर्द्धनमा सहयोग पुग्ने गरी सिप्रदीले ठाउँ-ठाउँमा इभी सोरुम, डेडिकेटेड सर्भिस सेन्टर र चार्जिङ स्टेसनको इकोसिस्टम नै तयार गरिरहेको बताइएको छ। अहिले सिप्रदीले देशभर १५ वटा डेडिकेटेड इभी सर्भिस सेन्टर सञ्चालनमा ल्याइसकेको छ। सिप्रदीले नेपालमै पहिलो ब्याट्री रिपेयर एन्ड डायग्नोसिस सेन्टरसमेत स्थापना गरेको छ।

ग्लोबल आइएमई क्यापिटलको लगानीकर्ता शिक्षा

काठमाडौं/ ग्लोबल आइएमई क्यापिटलले बाग्लुङको धवलागिरि बहुमुखी क्याम्पसमा लगानीकर्ता सचेतना तथा शिक्षा कार्यक्रम आयोजना गरेको छ। धितोपत्र नियमन नियकायहरूको अन्तर्राष्ट्रिय संगठन (आइओएससिओ)को आह्वानमा असोज १५ देखि २१ गतेसम्म लगानीकर्ता शिक्षा, सचेतना अभिवृद्धि तथा तिनको सशक्तीकरण गर्ने उद्देश्यले क्यापिटलले कार्यक्रम गरेको हो।

साताव्यापी कार्यक्रमअन्तर्गत बाग्लुङमा भएको कार्यक्रममा नेपाल धितोपत्र बोर्ड तथा नेपाल मर्चेन्ट बैंकर्स संघको समन्वयमा क्यापिटलले लगानीकर्ता शिक्षा तथा सचेतना अभिवृद्धि कार्यक्रम गरेको जनाइएको छ। कार्यक्रममा नेपाल धितोपत्र बोर्डका उपकार्यकारी निर्देशक दीपेश ताम्राकार, ग्लोबल आइएमई क्यापिटलका अध्यक्ष प्रेमराज जोशी, धवलागिरि बहुमुखी क्याम्पसका प्रमुख प्रा.डा. रामप्रसाद उपाध्याय, व्यवस्थापन संकायका विभागीय प्रमुख ध्रुवराज गौतम, ग्लोबल आइएमई बैंक बाग्लुङका शाखा प्रबन्धक हेमराज शर्मा, क्याम्पसका प्राध्यापकहरू, विद्यार्थी तथा सरोकारवालाको उपस्थितिमा कार्यक्रम सम्पन्न भएको जनाइएको छ।

विश्व लगानीकर्ता सप्ताह सञ्चालनबाट धितोपत्र तथा वस्तु विनिमय बजारसम्बन्धी सूचना, गतिविधि तथा महत्त्वका बारेमा नयाँ लगानीकर्तालाई अवसर प्रदान गर्न थप प्रोत्साहन गर्ने क्यापिटलले विश्वास व्यक्त गरेको छ।

कुमारी बैंकको योजना 'टीकाअघि नै दक्षिणा'



काठमाडौं/ कुमारी बैंक लिमिटेडले दसैंलाई लक्षित गर्दै आफ्ना बचत खाताहरूमा विभिन्न आकर्षक सुविधासहित 'टीकाअघि नै दक्षिणा' योजना सार्वजनिक गरेको छ।

बैंकले 'टीकाअघि नै दक्षिणा' योजनामा कार्ड तथा मोबाइल बैंकिङमार्फत भुक्तानी कारोबार गर्दा हरेक दिन पहिलो ५०-५० जनालाई बैंकले २५ प्रतिशत वा अधिकतम पाँच सय एक रुपैयाँसम्म क्यासब्याक दिइने जनाइएको छ। क्यासब्याक रकम पिओएस, क्युआर पेमेन्ट तथा अनलाइन पेमेन्टबाट हुने कारोबारमा प्रदान गरिने बैंकले जनाएको छ।

यो योजना असोज २८ देखि कात्तिक ५ सम्म लागू हुने बैंकले जनाएको छ। बैंकले हाल देशभरमा तीन सय आठ शाखा, ४९ विस्तारित काउन्टर, तीन सय नौ एटिएम र ६४ शाखारहित बैंकिङ इकाइमार्फत सेवा दिइरहेको जनाएको छ।

एनआइसी एसिया क्यापिटलको सचेतना प्रचार सामग्री

काठमाडौं/ एनआइसी एसिया क्यापिटल लिमिटेडले विश्व लगानीकर्ता सप्ताहको अवसर पारेर लगानीकर्ता तथा सर्वसाधारणलाई साक्षर र सुसूचित गराउने उद्देश्यका साथ विभिन्न जानकारीमूलक सामग्री भएको भिडियो सन्देश सार्वजनिक गरेको छ।

उक्त भिडियोमा वैदेशिक रोजगारीमा रहेका नेपालीलाई छुट्याइएको सेयर खरिदमा आवेदन दिँदा ध्यान दिनुपर्ने कुराहरू, सर्वसाधारणमा निष्कासन गरेको सेयर बाँडफाँड प्रक्रिया, धितोपत्रको दोस्रो बजार, मुद्रा बजार उपकरणहरू, सामूहिक लगानी कोष, दोस्रो बजारमा सूचीकृत कम्पनीहरूमा लगानी गर्दा कहिले कसरी लगानी गर्न सकिन्छ तथा लगानीसम्बन्धी निर्णय लिँदा विशेष ध्यान दिनुपर्ने कुरा समेटिएको क्यापिटलले जनाएको छ। त्यस्तै, सूचीकृत कम्पनीहरूमा लगानीसम्बन्धी निर्णय गर्दा स्कोरबोर्डको प्रयोगको सम्बन्धमा आवश्यक जानकारी समावेश गरी क्यापिटलका अधिकारीहरूले तयार पारी प्रसारण गरेको क्यापिटलको भनाइ छ।

गज्जबको मीठो चाउचाउ बजारमा

काठमाडौं/ सिद्धिविनायक स्न्याक्स एन्ड नुडल्स प्रालिले नयाँ ब्रान्ड गज्जबको मीठो चाउचाउ बजारमा ल्याएको छ। कम्पनीले उत्पादन गरेको गज्जबको पिरो चाउचाउको सफलतापछि अर्को ब्रान्ड गज्जबको मीठो बजारमा ल्याएको हो।

यो चाउचाउ बजारमा उपलब्ध अन्य चाउचाउभन्दा फरक स्वादमा उपलब्ध रहेको कम्पनीको दाबी छ। यस चाउचाउमा कम्पनीले सिंगापुरको सिजनिङ प्रयोग भएको बताएको छ।

कर्जा चुक्ता तथा धितो लिलाम बारेको ३५ दिने सूचना

प्रकाशित मिति : २०८०/०६/२२ गते, सोमबार

पञ्चशील बहुउद्देश्यीय सहकारी संस्था लि.को तपसीलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको कर्जाको संस्थालाई तिर्ने/बुझाउने साँवा, ब्याज लगायत अन्य लेना रकम चुक्ता भुक्तानी गर्न यस संस्थाबाट पटक पटक लिखित एवं मौखिक जानकारी गराई ३५(पैतिस) दिने सार्वजानिक सूचना प्रकाशित गर्दा समेत आलटाल गरि ऋण चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाई वेवास्ता गरेकोले ऋणीहरुलाई ऋणकर्जा चुक्ता भुक्तानी गर्न वा नतिरे नबुझाए धितो बन्धकी रहेको धितो लिलामीको लागी यो ३५(पैतिस) दिने सार्वजनिक सूचना जारी गरिएको छ। उल्लेखित मिती भित्र शेयर सदस्यले उपभोग गरेको कर्जाको सम्पुर्ण साँवा ब्याज तथा हर्जना समेत संस्थामा दाखिला हुन नआएमा कर्जा उपभोग गर्ने कममा यस संस्थालाई लेखि दिएको तपशीलमा उल्लेखित विवरण रहेको सम्पत्ती लिलाम बिक्री गरि तथा कर्जा लिदा संस्थालाई गरिदिएको लिखत तमशुक, सर्त, कबुलियतनामा तथा सहकारी ऐन २०७४ मा भएको व्यवस्था बमोजिम वा प्रचलित कानुन बमोजिम अन्य व्यवस्था गरि संस्थाको साँवा ब्याज हर्जना तथा असुलि कारबाहिको सिलसिलामा भएका अन्य खर्चहरु समेत असुल उपर गरिने व्यहोरा सम्बन्धित पक्षलाई यसै सूचना मार्फत जानकारी गराईन्छ। सूचना प्रकाशित भएको मितीले ३५(पैतिस) दिन भित्र ऋण चुक्ता नगर्ने शेयर सदस्यहरुको संस्थामा धितो रहेको सम्पत्ती सकार गरिलिन ईच्छुक महानुभावहरुले सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, संस्थाको विनियम तथा प्रचलित कानून बमोजिम संस्थाको लेना रकम असूल उपर गर्न लिलाम विक्रीमा राखेको तपसिलमा उल्लेखित चल सम्पत्ति बोलकबोलद्वारा लिलाम बढाबढ गरी लिन इच्छुक ऋणी, व्यक्तिगत जमानी दिने तथा अन्य महानुभावहरुले यो सूचना प्रकाशित भएको मितिले ३६ औं दिन तोकिएको समयभित्र यस संस्थाको मूख्य कार्यालय ल.म.न.पा.-१९, कुमारीपाटीमा उपस्थित भई आफुले सकार गरि लिन चाहेको मूल्यमा बोलकवोल गर्नुहुन सवैमा सूचित गरिन्छ।

तपशिल

क्र.सं.	ऋणीको नाम ठेगाना	ऋणी तथा जमानीको फोटो	धितोमा रहेको अचल सम्पत्तिको विवरण
१.	**ऋणी: वैद्यनाथ पौडेल** बाजे: लोकनाथ पौडेल पिता: गोविन्द प्रसाद पौडेल ना.प्र.नं. : ४७३३९/ ललितपुर ठेगाना : ललितपुर जिल्ला साविक सुनाकोठी गा.वि.स. वडा नं. १ सुनाकोठी, हाल ल.पु.म.न.पा. वडा नं.२७, सुनाकोठी। **व्यक्तिगत जमानी कर्ता** **१. सब्बु पाठक** ठेगाना: ललितपुर जिल्ला साविक ल.पु.म.न.पा. वडा नं. २७ सुनाकोठी, **२. केशव प्रसाद तिमल्सिना** ठेगाना: ललितपुर जिल्ला, ल.पु.म.न.पा. वडा नं २३ हात्तिवन **३. विष्णु प्रसाद घिमिरे** ठेगाना: ललितपुर जिल्ला ल.पु.म.न.पा. वडा नं. १५, खुमलटार।	  	श्री वैद्यनाथ पौडेलको नाममा मालपोत कार्यालय ललितपुरमा दर्ता श्रेष्ता कायम रहेको ललितपुर जिल्ला, सुनाकोठी गा.वि.स. वडा नं. १, सिट नं. १ ख को कि.नं. ७२७ को क्षेत्रफल ०-१३-०-० को जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।
२.	**ऋणी : प्रेम बहादुर लिम्बु** बाजे : हर्कलाल लिम्बु पिता : धनविर लिम्बु ना.प्र.नं.: ४१११३-२९०२, ताप्लेजुङ्ग ठेगाना : ताप्लेजुङ्ग जिल्ला फकुम्बा गा.वि.स. वडा नं. ०६ हाल : ललितपुर जिल्ला महालक्ष्मी न.पा. वडा नं. ०६, सानागाउँ। **व्यक्तिगत जमानी कर्ता** **१. हेलन लिम्बु** ठेगाना : ललितपुर जिल्ला महालक्ष्मी न.पा. वडा नं. ०६, सानागाउ। **२. कृष्ण प्रसाद खतिवडा** ठेगाना: ललितपुर जिल्ला ल.पु.म.न.पा. वडा नं. २४, धापाखेल।	  	श्री प्रेम बहादुर लिम्बुको नाममा मालपोत कार्यालय बेलवारी, मोरङ्गमा दर्ता श्रेष्ता कायम रहेको मोरङ्ग जिल्ला साविक हरैचा गा.वि.स. वडा नं. ७ सिट नं. ७ ख को कि.नं. ११४७, कि.नं.१८३८ र १८४० को क्रमशः क्षेत्रफल ०-२-०-०,०-५-०-० र ०-१-१०-१ रहेको जग्गा र सो जग्गाले चर्चेको अन्य लिगलिगापात समेत।
३.	**ऋणी : उमा श्रेष्ठ** ससुरा : आशा राम श्रेष्ठ पती : बिनोद श्रेष्ठ ना.प्र.नं. : ६०८३, काठमाडौं ठेगाना : काठमाण्डौ जिल्ला मातातिर्थ गा.वि.स. वडा नं. ५ हाल : काठमाण्डौ जिल्ला चन्द्रागिरी न.पा. वडा नं. ८, मातातिर्थ। **व्यक्तिगत जमानी कर्ता** **१. बिनोद श्रेष्ठ** ठेगाना: काठमाण्डौ जिल्ला चन्द्रागिरी न.पा.वडा नं. ८, मातातिर्थ, काठमाडौं। **२. बिकेश श्रेष्ठ** ठेगाना: काठमाण्डौ जिल्ला चन्द्रागिरी न.पा.वडा नं. ८, मातातिर्थ, काठमाडौं।	 	श्रीमती उमा श्रेष्ठको नाममा मालपोत कार्यालय काठमाडौं, कलंकीमा दर्ता श्रेष्ता कायम रहेको काठमाडौं जिल्ला, साविक मातातिर्थ गा.वि.स. वडा नं. ४ ग को कि.नं. ५६३, क्षेत्रफल ०-७-०-० जग्गा र सो जग्गामा बनेको घर तथा उक्त घर जग्गाले चर्चेको सम्पुर्ण लिगलिगापात समेत।
४.	**ऋणी : समिर बस्नेत** बाजे : लक्ष्मण बस्नेत पिता : दिलिप कुमार बस्नेत ठेगाना : विर्तामोड न.पा. वडा नं. २, विर्तामोड, झापा **व्यक्तिगत जमानी कर्ता** **१. नगेन्द्र बस्नेत** ठेगाना : झापा जिल्ला, बिर्तामोड न.पा. वडा नं. १, झापा **२. शान्ति देवी बस्नेत** ठेगाना : झापा जिल्ला, बिर्तामोड न.पा. वडा नं. २, झापा	 	श्री समिर बस्नेतको नाममा मालपोत कार्यालय ललितपुर, लगनखेलमा दर्ता श्रेष्ता कायम रहेको ललितपुर जिल्ला, साविक ल.पु.उ.म.न.पा. वडा नं. ४ (ट) को कि.नं. १११२, १११०, ११३६, ८४९ र ११३८ को जम्मा क्षेत्रफल १५८.९८ व.मि.रहेको जग्गा र सो जग्गामा बनेको घर, मालपोत कार्यालय भद्रपुर, झापामा दर्ता श्रेष्ता कायम रहेको झापा जिल्ला साविक पाराखोपी गा.वि.स. वडा नं.६(ख) को कि.नं.८२७८ को क्षेत्रफल १-२-१९-० रहेको जग्गा र मालपोत कार्यालय बेलबारी मोरङ्गमा दर्ता श्रेष्ता कायम रहेको मोरङ्ग जिल्ला साविक राजघाट गा.वि.स. वडा नं. ८(झ) को कि.नं.३२० को क्षेत्रफल १-६-१०-० रहेको जग्गा। श्री नगेन्द्र बस्नेतको नाममा मालपोत कार्यालय भद्रपुर झापामा दर्ता श्रेष्ता कायम रहेको झापा जिल्ला साविक चारपाने गा.वि.स. वडा नं १ को कि.नं.१९९५७ को क्षेत्रफल ०-८-१०-० रहेको जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पुर्ण लिगलिगापात समेत।

१. लिलाममा अन्तिम पटक सबैभन्दा बढी बोलकबोल गर्ने व्यक्तीले आफुले बोलेको अंकको १० प्रतिशतले हुने रकम नगदै वा यस संस्थाको बैंक खातामा नगद जम्मा गरेको भौचर धरौटी वापत तुरुन्त यस संस्थामा बुझाउनु पर्नेछ।
२. लिलाम सकार गर्ने व्यक्तीले सहकारीबाट लिलाम निश्चितताको सूचना पाएको ७ दिन भित्र बाँकी रकम बुझाई अचल सम्पती बुझि नलिएमा धरौटी बापत रहेको १० प्रतिशत रकम स्वत जफत हुनेछ।
३. लिलाम सकार गर्ने व्यक्तीले सकार गरेको मूल्यको १० प्रतिशत रकम सोही दिन नबुझाएमा निज पछि सबै भन्दा बढी रकम प्रस्तावक व्यक्तीको नाममा लिलाम सदर गरिनेछ।
४. तोकिएको लिलामको दिन सहकारी बिदा परेमा वा सरकारी बिदा परेमा त्यसको लगत्तै सरकारी वा सहकारी कार्यालय खुल्ने दिन डाँक बढाबढ हुनेछ।
५. डाँक बढाबढ गर्दा सबै भन्दा बढी अंक पेश गर्ने व्यक्तीलाई अचल सम्पत्ती दिने वा नदिने सम्पूर्ण अधिकार सहकारीमा सुरक्षित रहनेछ।
६. लिलाम बिक्री हुने धितो (घरजग्गा) को सम्बन्धित कागजातहरू हेर्न चाहनु हुने महानुभावहरूले यस सहकारीमा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नुहुनेछ।
७. यो सूचना प्रकाशित भएको ३६ औं दिन संस्थाको मुख्य कार्यालय ललितपुर म.न.पा. वडा नं. १९ कुमारीपाटीमा अपह्नन्न ४ बजे लिलामको डाँक बढाबढ गरिनेछ।
८. लिलाम बिक्री गर्दा लागेको सम्पूर्ण खर्च ऋणी स्वयंले नै व्यहोर्नु पर्नेछ।
९. सहकारी ऐन २०७४, नियमावली २०७५ तथा यस संस्थाको ऋण लगानी तथा असुली सम्बन्धी विनियमावली अनुसार लिलाम बिक्री गर्नुपर्ने जायजेथा लिलाम बिक्री गर्दा कसैले नसकारेमा सहकारीले उक्त सम्पत्तीको स्वामित्व आफुमा लिन सक्नेछ।
१०. संस्थामा सुरक्षण स्वरुप रहेको धितोबाट सम्पुर्ण कर्जा रकम असुल उपर नभएमा ऋणी तथा जमानीको नाँउमा रहेको नेपाल राज्यभरको अन्य चल अचल सम्पत्तिबाट समेत असुल उपर गरिनेछ।

नोट :- लिलाम हुने मिति २०८०/०७/२७ गते, सोमबार।

P M C L

पञ्चशील बहुउद्देश्यीय सहकारी संस्था लि.
मूख्य कार्यालय: ल.पु.म.न.पा वडा नं.-१९, कुमारीपाटी
फोन नं.: ०१-५४०८५८५, ०१-५४०८५८६, ५४३२७१८
पञ्चशील सदस्य सेवा केन्द्रहरु
चापागाउँ, फोन नं. ०१-५२६५४७१
सरस्वतीनगर, काठमाडौं, फोन नं.: ०१-४८१३४४७
कोटेश्वर, काठमाडौं, फोन नं. ०१-४६१०६१७, ४६१०१०७
न्यूरोड, काठमाडौं, फोन नं. ०१-५३५५४०८
भक्तपुर, सूर्यविनायक, सेवा केन्द्र, फोन नं.: ०१-६६१५६४७

कुमारी बैंक लिमिटेड शाखा कार्यालय तुल्सीपुर, दाङ्गको तपसिलमा उल्लेखित ऋणीहरुलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८०/०६/२२ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय तुल्सीपुर, दाङ्गबाट तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगरेकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ **(पैतिस) दिन** भित्र यस शाखा कार्यालयमा सम्पर्क राखी प्राप्त ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्नुहोला। अन्यथा ऐन कानुन बमोजिम धितो लेखिदिएको चल अचल श्रीसम्पत्तिहरु लिलाम बिक्री गरी वा अन्य कानुनी कारवाही अवलम्बन गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा** नाम समावेश गरिने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईएको छ। साथै उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण बापत व्यक्तिगत जमानी दिने व्यक्तिहरुलाई समेत उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्यादै भित्र कर्जा भुक्तानी गर्नु गराउनु हुन सूचित गरिएको छ। अन्यथा तहांहरुलाई समेत **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा** नाम समावेश गर्ने तर्फ कारवाही गरिने व्यहोरा यसै सूचनाबाट जानकारी गराइएको छ।

तपसिल

१.ऋणीको विवरण:
रुद्र बहादुर बस्नेतको नाति, राम बहादुर बस्नेतको छोरा, दाङ्ग जिल्ला, मानपुर गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल दाङ्ग जिल्ला, तुल्सीपुर उ.म.न.पा. वडा नं. १६ बस्ने **तिलक बहादुर बस्नेत** (ना.प्र.नं. १८१८/९५६, जारी मिती २०४४/१२/२८, जिल्ला प्रशासन कार्यालय दाङ्ग)।

व्यक्तिगत जमानीकर्ताको विवरण:
१. निल बहादुर डाँगीको छोरी, राम बहादुर बस्नेतको बुहारी, तिलक बहादुर बस्नेतको पत्नी, सल्यान जिल्ला, खलङ्गा गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल दाङ्ग जिल्ला, तुल्सीपुर उ.म.न.पा. वडा नं. १६ बस्ने **पवित्रा डाँगी** (ना.प्र.नं. ३१८२/२४६, जारी मिति २०४९/०९/०९, जिल्ला प्रशासन कार्यालय सल्यान)।

धितो सुरक्षणको विवरण:
१. **पवित्रा डाँगी**को नाममा मालपोत कार्यालय दाङ्गमा दर्ता कायम रहेको दाङ्ग जिल्ला, मानपुर गा.वि.स. वडा नं ४ क स्थित कित्ता नं ३२६ को क्षेत्रफल २,६०७.५२ (व.मि)को जग्गा तथा सो जग्गामा भएको घर तथा सोको सम्पूर्ण लिगलगापात समेत।

२. ऋणीको विवरण:
देउमन गिरी/कलसी गिरीको नाति, बाल कुमार गिरी/जानकी गिरीको छोरा, कलावती गुरुङ्गको पति, दाङ्ग जिल्ला, तुल्सीपुर उ.म.न.पा., वडा नं. ३ (साविक दाङ्ग जिल्ला, तुल्सीपुर न.पा. वडा नं. १०) बस्ने **अमर गिरी** (ना.प्र.नं. ५२२०२९/६७२१, जारी मिति २०६८/०९/१४, जिल्ला प्रशासन कार्यालय दाङ्ग)।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:
१. धन सिंह गुरुङ्ग/जमुनी गुरुङ्गको छोरी, बाल कुमार गिरी/जानकी गिरीको बुहारी, अमर गिरीको पत्नी, दाङ्ग जिल्ला, तुल्सीपुर उ.म.न.पा., वडा नं. ३ (साविक दाङ्ग जिल्ला, तुल्सीपुर न.पा. वडा नं. १०) बस्ने **कलावती गुरुङ्ग** (ना.प्र.नं. १२६९१/१४३२, जारी मिति २०५०/०९/२९, जिल्ला प्रशासन कार्यालय दाङ्ग)।
२. बाल कुमार गिरी/जानकी गिरीको नाति, अमर गिरी/कलावती गुरुङ्गको छोरा, दाङ्ग जिल्ला, तुल्सीपुर उ.म.न.पा., वडा नं. ३ (साविक दाङ्ग जिल्ला, तुल्सीपुर न.पा. वडा नं. १०) बस्ने **प्रविण गिरी** (ना.प्र.नं. ५२-०२-७६-०४३१५, जारी मिति २०७६/०८/०२, जिल्ला प्रशासन कार्यालय दाङ्ग)।

धितो सुरक्षणको विवरण:
१. **अमर गिरी**को नाममा मालपोत कार्यालय, तुलसीपुर, दाङ्गमा दर्ता कायम रहेको दाङ्ग जिल्ला, लाहुरेचौर गा.वि.स वडा नं. ५/क (हाल दाङ्ग जिल्ला, तुलसीपुर उ.म.न.पा. वडा नं.०३) स्थित कित्ता नं. ६३६ को क्षेत्रफल १५२३.८४ (व.मी) को जग्गा तथा उक्त जग्गाको सम्पूर्ण लिगलगापातहरु समेत।

३. ऋणीको विवरण:
फर्साराम खत्रीको नाति, पिताम्बर के.सी./तिला के.सी.को छोरा, टोपा के.सी.को पति, दाङ्ग जिल्ला, तुलसीपुर उ.म.न.पा., वडा नं. ०७ (साविक दाङ्ग जिल्ला हलवार गा.वि.स., वडा नं. ०२) बस्ने **दोर्ण बहादुर के.सी.** (ना.प्र.नं. १२२२९/७४३, जारी मिति २०५०/०८/०७ दाङ्ग, जिल्ला प्रशासन कार्यालय)।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:
१. देविराम वलीको नातिनी, खड्क बहादुर वली/गिता वलीको छोरी, पिताम्वर के.सी./तिला के.सी.को बुहारी, दोर्ण बहादुर के.सी.को पत्नी, दाङ्ग जिल्ला, तुलसीपुर उ.म.न.पा., वडा नं. ०७ (साविक दाङ्ग जिल्ला हलवार गा.वि.स., वडा नं. ०२) बस्ने **टोपा के.सी.** (ना.प्र.नं. १४६१, जारी मिति २०६३/०४/१९, जिल्ला प्रशासन कार्यालय दाङ्ग)।
२. पिताम्वर के.सी./तिला के.सी.को नाति, दोर्ण बहादुर के.सी./टोपा के.सी.को छोरा, दाङ्ग जिल्ला, तुलसीपुर उ.म.न.पा., वडा नं. ०७ बस्ने **सुदिप के.सी.** (ना.प्र.नं. ५२-०२-७३-०११७४, जारी मिति २०७३/१२/२०, जिल्ला प्रशासन कार्यालय दाङ्ग)।

धितो सुरक्षणको विवरण:
१. **दोर्ण बहादुर के.सी.**को नाममा मालपोत कार्यालय, दाङ्गमा दर्ता कायम रहेको दाङ्ग जिल्ला, हलवार गा.वि.स./न.पा. वडा नं. ५ स्थित कित्ता नं. २३३ को क्षेत्रफल ००३१३.२३ (व.मी) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।
२. धनी कुमारी बैंक लि. र ऋणी **दोर्ण बहादुर के.सी.** कायम भई नारायणी अञ्चल यातायत व्यवस्था कार्यालय विरगंजमा दर्ता कायम रहेको चेसिस नं. FCW60AG20577, ई नं. P460-06735 सवारी नं. ना ६ त ८३१० को PREET 2WD Tractor थान १।

४. ऋणीको विवरण:
प्राईभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम, प्रदेश सरकार, ५ नं. प्रदेश, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय दाङ्गमा मिति २०७५/०८/१९ मा दर्ता नं. १२२४२/४९२ कायम भई दर्ता रहेको दाङ्ग जिल्ला, तुल्सीपुर उ.म.न.पा. वडा नं. ५ स्थित रहेको **साईराम श्रृंगार पसल** (प्रोपाईटर हिरामनी खत्रीको छोरी, हिमलाल खड्काको बुहारी, युद्ध बहादुर खड्काको पत्नी, दाङ्ग जिल्ला, फुलवारी गा.वि.स., वडा नं. ०९ स्थायी ठेगाना भई हाल दाङ्ग जिल्ला, तुलसीपुर उ.म.न.पा., वडा नं. ०५ बस्ने **ललिता देवी खड्का**, ना.प्र.नं. १९६/२००, जारी मिति २०४६/०३/०२, जिल्ला प्रशासन कार्यालय दाङ्ग)।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:
१. हिरामनी खत्रीको छोरी, हिमलाल खड्काको बुहारी, युद्ध बहादुर खड्काको पत्नी, दाङ्ग जिल्ला, फुलवारी गा.वि.स., वडा नं. ०९ स्थायी ठेगाना भई हाल दाङ्ग जिल्ला, तुलसीपुर उ.म.न.पा., वडा नं. ०५ बस्ने **ललिता देवी खड्का** (ना.प्र.नं. १९६/२००, जारी मिति २०४६/०३/०२, जिल्ला प्रशासन कार्यालय दाङ्ग)।
२. सुर्य बहादुर डाँगीको नाति, खिम बहादुर डाँगीको छोरा, दाङ्ग जिल्ला, तुल्सीपुर उ.म.न.पा., वडा नं. १६ (साविक दाङ्ग जिल्ला, मानपुर गा.वि.स., वडा नं. ०९) बस्ने **सन्तोष डाँगी** (ना.प्र.नं. ५२२०२६/१५२५, जारी मिति २०६४/०५/२४, जिल्ला प्रशासन कार्यालय दाङ्ग)।

धितो सुरक्षणको विवरण:
१. **ललिता देवी खड्का**को नाममा मालपोत कार्यालय, दाङ्गमा दर्ता कायम रहेको दाङ्ग जिल्ला, मानपुर गा.वि.स. वडा नं. ८ क स्थित कित्ता नं. १५०५ को क्षेत्रफल ११४.५० (व.मि.) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
शाखा कार्यालय तुल्सीपुर, दाङ्ग फोन नं. ०८२-५२१७७५

हमासको हमलामा...

पृष्ठ १ बाट क्रमशः

उद्धारका लागि छलफल भइरहेको जानकारी दिइन् ।

इजरायलको राजधानी तेलअभिभबाट राजदूत रिजालले नयाँ पत्रिकासँग टेलिफोनमा भनिन्, '१० नेपाली विद्यार्थीको दुःखद निधन भएको छ । उहाँहरूको शव स्वदेश लैजान र उद्धार गर्नुपर्ने नेपालीको उद्धारका लागि छलफल भइरहेको छ ।'

नेपाली राजदूतावासले परराष्ट्र मन्त्रालयलाई मृतक, घाइते र बेपत्ता भएका नेपालीको सूची पठाएको छ । परराष्ट्र मन्त्रालयले प्राप्त गरेको सूचीअनुसार कैलालीको घोडाघोडी नगरपालिका- ४ का नारायणप्रसाद न्यौपाने, बझाङको जयपृथ्वी नगरपालिका- ६ का गणेशकुमार नेपाली, कैलाली बौनियाँका आशिष चौधरी, दार्चुलाको लेकम गाउँपालिका- ५ का दीपेशराज विष्टको मृत्यु भएको छ । त्यस्तै, डोटीको तत्कालीन पचनली गाविस- ३ का राजन फुलारा, डोटीकै तत्कालीन लामिखाल गाविस- ८ का पदम थापा र सल्यानको शारदा नगरपालिका- ३ का प्रवेश भण्डारीको मृत्यु भएको छ । त्यस्तै, दार्चुलाको मालिकार्जुन नगरपालिका- ४ का लोकेन्द्रसिंह धामी, धनुषाको तत्कालीन सपही गाविस- ६ का आनन्द साह र सुनसरीको तत्कालीन मधुवन गाविस- १ का राजेशकुमार स्वर्णकारको मृत्यु भएको छ ।

परराष्ट्रले भने मृतकहरूको सूची सोमबार मात्रै सार्वजनिक गर्ने भएको छ । परराष्ट्रमन्त्री एनपी साउदले आइतबार प्रतिनिधिसभामा इजरायलको घटनाबारे जानकारी दिने क्रममा केही नेपाली हताहती भएको बताए पनि विस्तृत खुलाएका थिएनन् । परराष्ट्र मन्त्रालयले नेपाली दूतावासलाई घटनाको पुनः पुष्टि गर्न निर्देशन दिएको छ ।

सल्यानको त्रिवेणी गाउँपालिका- १ का प्रमोद केसी र कैलालीको भजनी-त्रिशक्ति नगरपालिका- ४ का वीरेन्द्र चौधरीलाई उद्धार गरेर राजधानी तेलअभिभतर्फ पठाइएको छ । अर्को सहरमा रहेका, तर सुदूरपश्चिम विश्वविद्यालयको त्यही समूहमा इजरायल गएका कञ्चनपुरका भीमदत्त नगरपालिका- ३ का विपिन जोशी अहिलेसम्म सम्पर्कमा आएका छैनन् ।

ग्रिनेडको छर्रा लागेका चार विद्यार्थी भने अस्पतालमा उपचाररत छन् । शारदा- २ सल्यानका विधान सेजवाल, दाङको दंगीशरण गाउँपालिका- ३ का रविन डाँगी, कैलालीको टीकापुर नगरपालिका- ९ का धनबहादुर चौधरी र गोरखाको गोरखा नगरपालिका- ८ का हिमाञ्चल कट्टेलको अस्पतालमा उपचार चलिरहेको छ । उनीहरू चारैजनालाई सोमबार उद्धार गरेर राजधानी तेलअभिभ ल्याउने तयारी भइरहेको छ । भण्डारीले टेलिफोनमा भने, 'हामी सबै तेलअभिभ जाने तयारीमा छौँ ।'

इजरायलस्थित नेपाली राजदूतावास (नियोग) उपप्रमुख अर्जुन घिमिरेले विद्यार्थीसँग समन्वय गरेका छन् । घिमिरेले तेलअभिभबाट स्वदेश फर्किने बन्दोबस्तका लागि चिन्ता नलिन र सुरक्षित रूपमा राजधानी पुग्न वा परिस्थिति हेरेर आफू बसेकै ठाउँमा सुरक्षित रहन आग्रह गरेको बताए । आइतवार पनि घिमिरेले विद्यार्थीसँग भिडियो कलमार्फत जानकारी लिएका थिए ।

उनीहरूसहित सुदूरपश्चिम विश्वविद्यालयका ४९ जनाको समूह २७ भदौमा नेपालबाट इजरायल गएको थियो । नेपाल र इजरायलबीच भएको सम्झौताअनुसार उनीहरू कृषि कार्यका लागि गएका हुन् । परराष्ट्रमन्त्री एनपी साउदको नेतृत्वमा सरकारले गठन गरेको समन्वय संयन्त्रको बैठक सोमबार बिहान ९ बजे परराष्ट्र मन्त्रालयमा बोलाइएको छ । बैठकपछि इजरायलमा नेपालीहरूको मृत्युलगायत विषयमा परराष्ट्रले विस्तृत विवरण सार्वजनिक गर्ने तयारी गरेको छ । परराष्ट्रका सहसचिव शरदराज आरणले समन्वय संयन्त्रमा रहेका सबैलाई अनिवार्य उपस्थितिका लागि सूचना जारी गरेका छन् ।

प्रधानमन्त्रीले बोलाए सर्वदलीय बैठक

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले इजरायलमा १० नेपाली विद्यार्थीको निधन भएको घटनाबारे छलफल गर्न सोमबार सर्वदलीय बैठक बोलाएका छन् । बिहान ८ बजे सिंहदरबारस्थित प्रधानमन्त्री कार्यालयमा सर्वदलीय बैठक बोलाइएको प्रधानमन्त्रीका प्रेस सल्लाहकार गोविन्द आचार्यले जानकारी दिए ।

नेपाल फर्केर लोकसेवा लड्ने राजनको सपना इजरायलमै बिलायो

डोटी/ डोटीको शिखर नगरपालिका- ५ पचनालीका राजन फुलाराको नेपालमा आएर लोकसेवा लड्ने सपना इजरायलमै बिलाएको छ ।

सुदूरपश्चिम विश्वविद्यालयको बिएस्सी एजीका विद्यार्थीका लागि 'लर्न एन्ड अर्न' कार्यक्रमअन्तर्गत इन्टर्नसिपमा अध्ययन गर्न इजरायल पुगेका राजनले एक हप्ताअघि आफ्ना काका राजेन्द्र फुलारासँग भिडियोमा कुरा गर्दै आफू नेपाल आएर लोकसेवा आयोगको तयारी गर्ने योजना सुनाएका थिए । तर, इजरायलमा भएको हमलामा उनको ज्यान गएको छ । राजनसँगको कुराकानी सम्झँदै राजेन्द्रले भने, 'यहाँ त केही सिक्ने हो अंकल, गर्ने त आफ्नै देशमा हो, नेपाल आएर लोकसेवाकै तयारी गर्छु ।' जिल्ला अस्पताल डोटीमा कार्यरत काका राजेन्द्रसँग मोबाइलको क्यामेरा फर्काउँदै राजनले भनेका थिए, 'ऊ त्यही हो अंकल गाजा, यहाँ जतिवेला पनि आक्रमण हुन सक्छ, हामीलाई हमला हुनेबित्तिकै बंकरमा बस्न पनि सिकाइएको छ ।'

छोरा गुमेको खबरले बुबा घनश्याम विक्षिप्त बनेर बेहोस अवस्थामा छन् । घनश्याम ऋण सापट गरेर छोरालाई उच्च शिक्षा पढाइरहेका थिए ।

कृषि क्याम्पस रामपुरका विद्यार्थीको उद्धारको माग

भरतपुर/ कृषि तथा वनविज्ञान विश्वविद्यालय रामपुर चितवनबाट इजरायलमा कृषि कार्य अध्ययन कार्यक्रममा पुगेका विद्यार्थीको उद्धारको माग गरिएको छ । रजिस्ट्रार शारदा थपलियाका अनुसार सन् २०२२ गएका ६ जना र २०२३ मा गएका एक सय १३ जना गरी एक सय १९ जना विद्यार्थी सकुशल रहेको जानकारी प्राप्त भएको छ । तर, इजरायलको दक्षिणी क्षेत्रमा हमला जारी रहेकाले उनीहरूको उद्धारको माग विश्वविद्यालयले गरेको हो । विश्वविद्यालय रजिस्ट्रारको कार्यालयले आइतबार विज्ञप्ति जारी गरेर विद्यार्थीलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्न विश्वविद्यालयले सरकारका विभिन्न निकाय तथा रमाट नेगेभ इन्टरनेसनल ट्रेनिङ सेन्टरलाई अनुरोध गरेको उल्लेख छ । विद्यार्थीसँग निरन्तर सम्पर्कमा रहिराखेको बताउँदै थपलियाले स्थानीय सुरक्षा प्रणालीबाट अनुरोध भएबमोजिमका सुरक्षाका उपाय अपनाउन र सजक रहन अनुरोध गरेको बताइन् ।

इजरायलमा फसेका नेपालीको उद्धार गर्न सांसदहरूको माग

नयाँ पत्रिका

सांसदहरूले इजरायलमा फसेका नेपाली नागरिकको उद्धार गर्न सरकारसँग माग गरेका छन् । प्रतिनिधिसभाको आइतबार बसेको बैठकमा शून्य र विशेष समयमा बोल्दै सांसदहरूले हमास समूहको हमलापछि चर्किएको द्वन्द्वमा बेपत्ता नेपालीको खोजी, घाइतेको उपचार र सम्पर्कमा रहेका नागरिकको उद्धार गरी स्वदेश फर्काउन माग गरेका हुन् ।

कांग्रेस सांसद रामहरि खतिवडाले इजरायलमा फसेका नेपालीलाई तुरुन्त उद्धार गरी सुरक्षित वातावरणमा अवतरण गर्ने व्यवस्था मिलाउन माग गरे । कांग्रेसकै श्यामकुमार घिमिरेले इजरायलमाथि भएको हमलाप्रति दुःख व्यक्त गर्दै त्यहाँ बसेका नेपालीको सरकारले चाँडोभन्दा चाँडो तदारुकतासाथ उद्धारको कार्य सम्पन्न गर्न माग राखे । कांग्रेसकै मञ्जु खाणले इजरायलमा रहेको नेपाली राजदूतावासले सहयोग नगरेको गुनासो नेपालीहरूबाट आइरहेको भन्दै अविलम्ब नेपालीको उद्धार गर्न र नागरिकको सहयोगका लागि राजदूतावासलाई स्रोत-साधन उपलब्ध गराउन माग गरिन् ।

एमाले प्रमुख सचेतक पदम गिरीले काम र अध्ययनका सिलसिलामा गएका नेपालीमध्ये केही घाइते भएको, केही हराइरहेको र केही कष्टपूर्ण स्थितिमा घरभित्र लुकेर बस्नुपरेको, नर्सिङ होम तथा काम गर्ने कारखानाभित्र लुकेर बसेको उल्लेख गर्दै छिटोभन्दा छिटो आफ्नो जीवन रक्षा गरिदिन अपिल गरे । गिरीले इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतन्याहुलाई फोन गरेर नेपाली नागरिकको जीवन रक्षाका लागि प्रधानमन्त्री प्रचण्डले संवाद गर्नुपर्ने मागसमेत गरे । उद्धारका लागि छिमेकी राष्ट्रसँग समन्वय गर्न र विमान चार्टर गरेर भए पनि स्वदेश फर्काउने प्रबन्ध मिलाउन उनले माग गरे ।

माओवादी प्रमुख सचेतक हितराज पाण्डेले इजरायलमा नेपाली नागरिक आतंकित भएर बस्नुपरेको भन्दै राज्य छ भन्ने अनुभूति सरकारले दिलाउनुपर्ने धारणा राखे । 'उहाँहरूको सुरक्षा, उपचार र उद्धारका लागि विशेष पहल होस्,' उनले भने । माओवादीकै हितराज तामाङले घाइतेको यथोचित उपचार, बेपत्ताको प्रभावकारी खोजबिन र उद्धार गरी नेपाल ल्याउन आग्रह गरे । माओवादीकै ज्ञानु बस्नेत सुवेदीले युद्ध लम्बिने विश्लेषण भइरहेकाले सम्पूर्ण नेपालीलाई स्वदेश फर्काउन छिटो पहल गर्न माग गरिन् ।

रास्वपाका शिशिर खनालले रोजगारी र अध्ययनका सिलसिलामा बसोवास गरिरहेका हजारौँ नेपालीको नागरिकको अवस्थाबारे चिन्तित रहेको भन्दै इजरायलमा रहेका नागरिकसँग सक्रिय सम्पर्क गरी उनीहरूको सुरक्षाको सुनिश्चितता र मानवीयता हितको प्रत्याभूति गर्न आग्रह गरे । रास्वपाकै स्वर्णिम वाग्लेले ६२ वर्षअघि नेपालका प्रथम जननिर्वाचित प्रधानमन्त्री बिपी कोइरालाले इजरायलको ऐतिहासिक भ्रमण गरेपछि प्रगाढ बनेको द्विपक्षीय सम्बन्ध रहेको मुलुकमाथि भएको आतंककारी हमलाप्रति घोर भर्त्सना गरे ।



तस्बिर : **अमुल थापा**/नयाँ पत्रिका

राप्रपा प्रमुख सचेतक ज्ञानबहादुर शाहीले इजरायलमा फसेका नेपालीको र्‍यापिड टिम बनाएर उद्धार गर्न माग गरे । राप्रपाकै धवलशमशेर जबराले हजारौँ नेपाली फसेको भन्दै अहिलेबाट उद्धारको व्यवस्था मिलाउन सरकारको ध्यानाकर्षण गराए । 'नत्र भने अन्तिम समयमा गाह्रो पर्न सक्ने स्थिति छ । त्यहाँ संघर्ष लामो चल्ने स्थिति छ,' उनले भने । जबराले इजरायलको संकटले नेपालमा पनि संकट ल्याउन सक्ने सम्भावना देखिएको टिप्पणी गरे । 'इजरायलको द्वन्द्वलाई लिएर यहाँ दुइटा धार्मिक समुदायको बीचमा टीकाटिप्पणी भइसकेको छ । यसकारण संवेदनशील जिल्लामा जिल्ला प्रशासन चनाखो हुनुपर्छ । सामाजिक सञ्जालका माध्यमलाई प्रशासनले ठानेमा केही दिनका लागि बन्द गर्ने व्यवस्था मिलाउँदा राम्रो होला । होइन भने अर्को देशको असर हाम्रोमा पर्छ,' उनले भने ।

जसपा प्रमुख सचेतक प्रदीप यादवले इजरायलमा रहेका नेपाली असुरक्षित र त्राहिमान भएको, उद्धारका लागि सरकारलाई गुहार गरिरहेको उल्लेख गर्दै भने, 'नेपाल सरकारले अविलम्ब इजरायलमा फसेका नेपालीलाई उद्धारका लागि विशेष पहल गरोस्, त्यहाँबाट उद्धार गरेर नेपाल ल्याओस् भन्ने जोडदार माग गर्दछु ।' लोसपाका रामप्रकाश चौधरीले द्वन्द्वमा फसेका नेपालीलाई तुरुन्त स्वदेश फर्काउने व्यवस्था गर्न माग गरे ।

जनमोर्चाका चित्रबहादुर केसीले गम्भीर भएर नेपाली नागरिकलाई सहयोग गर्न माग गरे । 'नेपालमा वृद्धवृद्धालाई सेवा गर्ने ठाउँ नहुने, तर हामीले यहाँ तालिम दिएर अरूका आमाबुबालाई स्याहारसुसार गर्न पठाउने इजरायल महत्त्वपूर्ण ठाउँ । आफ्ना घरमा बुढा भएका आमाबुबालाई एक्लै छाडेर छोरा-नाति इजरायलमा अरूका बुबाआमाको सिँगान पुछ्न गइरहेका छन् । त्यसमा पनि त्यहाँ हमासको सिकार भइरहेका छन् । सरकारले गम्भीर भएर प्रभावित नेपालीलाई सहयोग गरोस्,' उनले भने ।

कामै नगरी...

पृष्ठ १ बाट क्रमशः

हो । आयोगले मुद्दामा मधेश प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्रालयका तत्कालीन मन्त्री विजयकुमार यादव, तत्कालीन सचिव प्रेमकुमार श्रेष्ठ र सर्लाहीको लालबन्दी नगरपालिकाका तत्कालीन मेयर मानबहादुर खड्कासमेत सातजना र प्रतिष्ठानसहितलाई प्रतिवादी बनाएको छ ।

संघ र प्रदेशको लागत साझेदारीमा अघि बढाउने गरी घोषणा र तयारी गरिएको योजनामा त्यसविपरीत गैरसरकारी संस्थासँग सम्झौता गरी अनुदान दुरुपयोग गरिएको अख्तियारको आरोपपत्रमा छ । एन्टिभेनम उत्पादनका लागि सर्लाहीको लालबन्दी नगरपालिकामा प्रतिष्ठानको सहकार्यमा 'एन्टिभेनम प्रोडक्सन एन्ड रिसर्च सेन्टर, नेपाल (एपिआरसिएन) स्थापना, व्यवस्थापन र सञ्चालन गर्ने गरी निकासा भएर गएको रकम कामै नगरी हिनामिना गरिएको अख्तियारको दाबी छ ।

नीति तथा कार्यक्रम र बजेटको घोषणाविपरीत प्रतिष्ठानसँग सम्झौता, लगेको बजेट हिनामिना

प्रदेश सरकारको आर्थिक वर्ष ०७६/७७ को नीति तथा कार्यक्रममा समावेश भई बजेट वक्तव्यमा नेपाल सरकार र प्रदेश सरकारको लागत सहभागिताका आधारमा सर्पको विष संकलन, प्रशोधन र उत्पादन केन्द्र स्थापनाका निमित्त भौतिक संरचना निर्माणको काम अघि बढाउने उल्लेख थियो । प्रदेश सरकारबाट विनियोजित र संघीय सरकारबाट प्राप्त हुने समपूरक अनुदान रकमबाट योजना अघि बढाउने भनिएको थियो ।

बजेटमा लागत सहभागिताका आधारमा सर्पको विष संकलन, प्रशोधन, उत्पादन गर्न उपर्युक्त स्थानमा 'स्नेक ह्याचरी' स्थापना गरी सर्पदंशको खोप बनाउन आवश्यक कच्चा पदार्थको संकलन गरिने उल्लेख थियो । त्यसका लागि भौतिक संरचना निर्माण गर्न १४ करोड ७१ लाख ३३ हजार विनियोजन गरिएको थियो । र, योजनाको भौतिक संरचना निर्माणका लागि प्रचलित कानुनबमोजिम लेखा उत्तरदायी अधिकृतले कार्यान्वयन गर्ने गरी अख्तियारीसमेत प्रदान भइसकेको थियो ।

तर, कार्यान्वयन अलग्गै तरिकाले गरियो । तत्कालीन मन्त्री र मेयर खड्काले आफूलाई नभएको अधिकार प्रयोग गरी प्रचलित कानुनविपरीत लागत साझेदारी शून्य रहेको झलनाथ खनाल स्वास्थ विज्ञान प्रतिष्ठान नेपालमार्फत योजना अघि बढाए । प्रतिष्ठानलाई सरकारी रकम उपलब्ध गराएर त्यसैबाट कार्यक्रम कार्यान्वयन र खर्चको लेखांकन गराउने गरी सहमति गरिएको थियो । प्रतिष्ठान र त्यसका अध्यक्ष रेवतीप्रसाद पन्तसँग त्रिपक्षीय समझदारीपत्र (एमओयू)मा हस्ताक्षर गरिएको थियो ।

त्यही समझदारीपत्रका आधारमा प्रदेश सरकारको आर्थिक मामिला तथा योजना मन्त्रालयले नगरपालिकालाई १७ करोड ९८ लाख ३३ हजार रुपैयाँ अनुदान दियो । प्रदेश मन्त्रालयबाट पाएको उक्त अनुदान नगरपालिकाले प्रतिष्ठानलाई निकासा दियो । नगरपालिकाले प्रतिष्ठानलाई बदनियतपूर्ण तरिकाले रकम दिएको अख्तियारको ठहर छ ।

कार्यालय स्थापना, घरघाडा, उपकरण, मसलन्द, सञ्चार, कर्मचारी तथा पदाधिकारीको तलबसुविधा, सवारीसाधन खरिद, मर्मत, योजनाको विस्तृत अध्ययन प्रतिवेदन, जग्गा खरिदजस्ता पूर्वतयारीसम्बन्धी काममै १३ करोड ३४ लाख ७५ हजार रुपैयाँ खर्च भएको विवरण प्रतिष्ठानले अख्तियारलाई पठाएको छ ।

एन्टिभेनम उत्पादनका लागि प्रतिष्ठानले लगेको सम्पूर्ण रकम खर्च भइसक्दासमेत निर्धारित उद्देश्य प्राप्तितर्फ प्रगति शून्य रहेको अख्तियारको आरोपपत्रमा उल्लेख छ । 'प्रतिष्ठानबाट सम्पूर्ण रकम खर्च भइसक्दासमेत योजनाको उद्देश्य प्राप्तितर्फ शून्य प्रगति भई अन्य स्वीकृत नभएका विषयमा समेत सरकारी रकम खर्च गरी-गराई १७ करोड ९८ लाख ३३ हजार रुपैयाँबराबरको सरकारी सार्वजनिक सम्पत्ति हानि-नोक्सानी र दुरुपयोग गरेको देखियो,' अदालतमा दायर अख्तियारको आरोपपत्रमा छ ।

अनियमिततामा आर्थिक मामिला तथा योजना मन्त्रालयका तत्कालीन मन्त्री विजय कुमार र नगरपालिकाका तत्कालीन मेयर खड्काको प्रमुख भूमिका रहेको औँल्याइएको छ ।

तत्कालीन मन्त्री कुमार र तत्कालीन मेयर खड्कालाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले व्यवस्था गरेबमोजिम दफा ३ को उपदफा १ को 'झ'बमोजिम कैद र जरिवाना गरी दुरुपयोग भएको रकम असुल गर्न अख्तियारले माग दाबी गरेको छ । ती व्यवस्थाबमोजिम आठदेखि १० वर्षसम्म कैद र १७ करोड ९८ लाख ३३ हजार बिगो दाबी गरिएको छ ।

प्रचलित कानुनअनुसार बजेट कार्यान्वयन गर्ने अख्तियारी आफूलाई नरहेको अवस्थामा नभएको अधिकारसमेत प्रयोग गरी त्रिपक्षीय समझदारीपत्रमा हस्ताक्षर गरेको देखिएकाले ऐनको दफा १५ बमोजिम कैद तथा जरिवाना अख्तियारले दाबी गरेको छ । यस व्यवस्थाअनुसार उनीहरूलाई एकदेखि तीन वर्षसम्म कैद र ५० हजारदेखि एक लाख रुपैयाँसम्म जरिवाना हुन्छ । तत्कालीन मन्त्री विजय कुमारलाई ऐनको दफा २४ बमोजिम थप कैद सजाय माग दाबी भएको छ । त्यसअनुसार थप तीन वर्षसम्म कैद सजाय हुनेछ ।

स्वीकृति एउटा, अर्कै तरिकाले समझदारी

समपूरक अनुदानसम्बन्धी कार्यविधि, २०७५ मा अनुदान प्राप्त गर्ने निकायले अनुदानबाट सञ्चालन हुने कार्यक्रम बढीमा तीन वर्षभित्र सम्पन्न गर्नुपर्ने व्यवस्था छ । यही व्यवस्थाबमोजिम २४ करोड ५२ लाख २२ हजार रुपैयाँ लागतमा आयोजना अवधि तीन वर्ष रहने गरी कार्यक्रम स्वीकृत भएको थियो । तर, कार्यविधि तथा अनुदान स्वीकृतिको सर्तविपरीत ७१ करोड ९८ लाख ३३ हजार दुई सय रुपैयाँ लागत र योजना अवधि पाँच वर्ष रहने गरी त्रिपक्षीय समझदारी गरियो ।

अनुदान रकम पनि एकमुस्ट निजी संस्थालाई उपलब्ध गराई त्यही संस्थामार्फत कार्यक्रम कार्यान्वयन गर्ने र उसैले खर्चको अभिलेख राख्ने समझदारीमा उल्लेख थियो । समझदारीपत्रमा हस्ताक्षर भएको मितिले २५ वर्षसम्म निजी संस्थाले नै आयोजना सञ्चालन गर्ने पनि समझदारीमा राखियो । सरकारी तथा सार्वजनिक निकायको खर्च नियमित गर्ने प्रचलित मान्यता र व्यवस्थाविपरीत कानुनले तोकेको लेखापरीक्षणको जिम्मवारीसमेत समझदारीपत्रबाट स्थानान्तरण गर्नु कानुनविपरीत भएको अख्तियारको ठहर छ ।

क्षमता नभएको संस्था र अध्ययन र पूर्वतयारीसमेत नभएको आयोजनालाई संघीय अनुदानबाट तीन करोड २७ लाख

आर्थिक मामिला तथा योजना मन्त्रालयका तत्कालीन सचिव प्रेमकुमार श्रेष्ठलाई पनि अख्तियारले प्रतिवादी बनाएको छ । उनी गत वर्ष सरकारी सेवाबाट निवृत्त भइसकेका छन् । उनले प्रदेश सरकारको नीति तथा कार्यक्रममा समावेश भई बजेट वक्तव्यमा नेपाल सरकार र प्रदेश सरकारको लागत सहभागिताका आधारमा कार्यक्रमका लागि बजेट विनियोजन भएपछि प्रतिष्ठानलाई दिन झुट्टा विवरण उल्लेख गरेर नेपाल सरकारबाट तीन करोड २७ लाख रुपैयाँ अनुदान प्राप्त गराएका थिए ।

प्रतिष्ठानसँग एन्टिभेनम उत्पादनका लागि कार्यक्रम कार्यान्वयन गर्न सक्ने वित्तीय तथा भौतिक क्षमता, जनशक्तिको व्यवस्था तथा योजनाको विस्तृत अध्ययन प्रतिवेदन, वातावरणीय प्रभाव मूल्यांकनलगायतका अध्ययन र पूर्वतयारी नै थिएन । तर, सचिव श्रेष्ठले कार्यक्रम कार्यान्वयनका लागि आवश्यक पूर्वतयारी र अध्ययनसमेत नगरेको प्रतिष्ठानलाई यी सबै व्यवस्था भएको झुट्टा विवरण सर्त घोषणामा उल्लेख गरी राष्ट्रिय योजना आयोगमा ७ भदौ ०७६ मा समपूरक अनुदानका लागि प्रस्ताव पेस गरेका थिए ।

आयोगले २९ कात्तिकमा कार्यक्रम छनोट गरी ५ मंसिरमा अनुदानका लागि अर्थ मन्त्रालयमा सिफारिस गरेको थियो । तर, त्यतिवेलासम्म आयोजना सञ्चालन गर्ने स्थानसमेत यकिन नभएको अख्तियारको आरोपपत्रमा उल्लेख छ ।

कुल लागत २४ करोड ५२ लाख २२ हजार र आयोजनाको अवधि तीन वर्ष हुने गरी कार्यक्रम स्वीकृत भएको थियो । कुल लागतमा १४ करोड ५१ लाख ३३ हजार सम्बन्धित प्रदेश र नौ करोड ८० लाख ८८ हजार आठ सय रुपैयाँ संघीय समपूरक अनुदानका रूपमा हुने गरी कार्यक्रम स्वीकृत भएको थियो । सोही आवमा कार्यक्रमका लागि समपूरक अनुदानबापत संघीय सरकारले तीन करोड २७ लाख र प्रदेशले १४ करोड ७१ लाख ३३ हजार रुपैयाँ बजेट विनियोजन दिएका थिए । यसपछि थप बजेट माग र निकासा दुवै नभएको आरोपपत्रमा उल्लेख छ ।

संघीय सरकारबाट प्राप्त अनुदान र प्रदेश सरकारले विनियोजन गरेकोसहितको सम्पूर्ण रकम प्रतिष्ठानलाई उपलब्ध गराई त्यसैबाट कार्यक्रम कार्यान्वयन र खर्चको लेखांकन गर्ने गरी समझदारीपत्रमा हस्ताक्षर हुँदा रोहवरमा बसी तत्कालीन सचिव श्रेष्ठले गैरकानुनी कार्य गरेको अख्तियारको ठहर छ । 'प्रचलित कानुनविपरीत हुने प्रावधानहरूसमेत रहेको त्रिपक्षीय समझदारीपत्रअनुसार नै सरकारी रकम गैरसरकारी संस्था (प्रतिष्ठान)लाई उपलब्ध गराउने प्रयोजनार्थ लालबन्दी नगरपालिकालाई वित्तीय हस्तान्तरणसमेत गरेको देखियो,' अख्तियारको आरोपपत्रमा छ, 'निज (तत्कालीन सचिव श्रेष्ठ)को हकमा गलत र झुट्टा व्यहोराको सर्त घोषणाका आधारमा संघीय सरकारबाट प्राप्त भएको तीन करोड २७ लाखलाई बिगो कायम गरिएको छ ।'

बिगो असुल गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ (२) बमोजिमको कैद तथा जरिवानाको माग दाबी अख्तियारले उनीसँग गरेको छ । ऐनको व्यवस्थाअनुसार उनलाई बिगोका अतिरिक्त तीन महिनादेखि एक वर्षसम्म कैद र १० हजारदेखि ५० हजारसम्म जरिवाना हुनेछ ।

रकम हिनामिना गर्ने प्रतिष्ठानका पदाधिकारी मतियारका रूपमा प्रतिवादी

झलनाथ खनाल स्वास्थ्य विज्ञान प्रतिष्ठानका सञ्चालक समितिका तत्कालीन अध्यक्ष रेवतीप्रसाद पन्त, महासचिव नवराज भण्डारी, कोषाध्यक्ष नीरज भण्डारी र सदस्य देवेन्द्र रायलाई पनि अख्तियारले प्रतिवादी बनाएको छ ।

संघीय सरकारसँगको लागत सहभागिताका आधारमा कार्यक्रम अघि बढाउने र अख्तियारीसमेत प्रदान भइसकेको अवस्थामा प्रतिष्ठानका अध्यक्ष पन्तले आफ्नै संस्थाबाट कार्यक्रम सञ्चालन गर्ने गरी बजेट विनियोजन गरिदिन आर्थिक मामिला तथा योजना मन्त्रालयमा प्रस्ताव पेस गरेको अख्तियारको आरोपपत्रमा छ । प्रचलित कानुनविपरीत लागत साझेदारी नै नभएको प्रतिष्ठानका नाममा सरकारी रकम प्राप्त हुने र प्रतिष्ठानबाटै कार्यक्रम कार्यान्वयन तथा खर्चको लेखांकन गर्ने गरी समझदारीपत्रमा हस्ताक्षर गरेर त्यसैका आधारमा उनले १७ करोड ९८ लाख ३३ हजार रुपैयाँ निकासा लिएको अख्तियारको दाबी छ ।

प्रतिष्ठानका अध्यक्ष पन्तसहित महासचिव नवराज, कोषाध्यक्ष नीरज र सदस्य देवेन्द्रले सरकारी रकम निकासा लिएपछि विभिन्न मितिमा सञ्चालक समितिको बैठकबाट कानुनविपरीतका निर्णय गरी बदनियतपूर्वक सरकारी रकम संस्थाको उद्देश्यविपरीत र स्वीकृत कार्यक्रमविपरीत खर्च गरिसकेको आरोपपत्रमा छ । 'सम्पूर्ण रकम खर्च भइसक्दासमेत योजनाको उद्देश्य प्राप्तितर्फ शून्य प्रगति भई कार्यक्रममा गरेको लगानी अलपत्र र खेर गएको देखियो,' अख्तियारले भनेको छ ।

सरकारी सार्वजनिक सम्पत्ति हानि-नोक्सानी, दुरुपयोग गर्ने कसुरजन्य कार्यमा मतियार भई सोबापत लाभ र सुविधा लिएको-दिलाएको आरोप उनीहरूमाथि छ । उनीहरूविरुद्ध अनियमितता भएको रकमलाई संयुक्त बिगो कायम गरिएको छ । कसुरको मतियारको आरोपमै उनीहरूविरुद्ध आठदेखि १० वर्षसम्म कैद सजाय माग भएको छ ।

अख्तियारले बिगो जफतको प्रयोजनका लागि प्रतिष्ठानलाई पनि प्रतिवादी बनाएको छ । हाल रोक्का राखिएको तत्कालीन प्रतिष्ठानको नाममा रहेको लालबन्दी नगरपालिका- १ स्थित आठ बिघा नौ कट्ठा ६.३३ धुर जग्गा र स्कर्पियो गाडीसमेत जफत गर्नुपर्ने आरोपपत्रमा उल्लेख छ ।

तत्कालीन प्रदेश मन्त्री विजयकुमार यादवको बयान

झलनाथ खनाल स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई आव ०७६/७७ भन्दा अघिल्ला आर्थिक वर्षहरूबाट एन्टिभेनम र नेपालमा पाइने सर्पबारे अध्ययन-अनुसन्धान गर्न, विस्तृत अध्ययन प्रतिवेदन बनाउन, लाभ लागत तयार गर्न नेपाल सरकारले बजेट विनियोजन गरिरहेको थियो । आयोजनाको विस्तृत अध्ययन प्रतिवेदन प्रदेश सरकारसमक्ष पेस भएको हो । प्रदेश मन्त्रिपरिषद्ले उक्त विषयलाई गम्भीरताका साथ नीति तथा कार्यक्रममा समावेश गरेको थियो । प्रदेश सभाबाट स्वीकृति भएको बजेटलाई कार्यान्वयन गर्ने उत्तम विकल्प नभएकाले समझदारी गरिएको हो । नागरिकलाई सर्पको टोकाइबाट मृत्यु हुनबाट रोक्नका लागि एन्टिभेनम उत्पादन नेपालमा नै गर्ने राज्यको अनिवार्य दायित्व भएको प्रदेश सरकारले बोध गरी स्वास्थ्य संवेदनशीलताको दृष्टिकोणबाट उक्त कार्यक्रम स्वीकृत गरिएको हो ।

प्रतिष्ठान अध्यक्ष रेवतीप्रसाद पन्तको बयान

हामीले तीनदेखि पाँच वर्षभित्र योजना सम्पन्न गर्ने गरी ७२ करोडको सम्झौता गरेका छौँ । हाम्रो वैदेशिक सम्बन्ध, प्रारम्भिक रिपोर्टका आधारमा हाम्रो संस्थाले यी कार्य सम्पन्न गर्छ भन्ने विश्वासले नै हामीसँग सम्झौता भएको हो । हामी हाम्रोतर्फबाट इमानदार छौँ । हाम्रो समग्र कार्यको ६० प्रतिशत कार्य पूरा गरेका छौँ । भौतिक पूर्वाधारपूर्व नै धेरै कार्य हुन्छन्, जुन हामीले पेस गरेको करिब १६ हजार पानाको अध्ययन प्रतिवेदनमा हेर्न सकिन्छ । भौतिक पूर्वाधार अध्ययनपश्चात् अन्तिममा गर्ने कार्य हो । हामीले ठेक्का लगाइसकेका छौँ । भवन निर्माण सम्पन्न हुनेबित्तिकै उपकरण र दक्ष जनशक्ति भारत, हङकङ, क्यानडालगायतका विभिन्न एवं दातृ निकायबाट प्राप्त गरी उत्पादन सुरु हुन्छ ।


विद्यालयले...

पृष्ठ १ बाट क्रमशः

गरेको थियो । पक्षपात गरेकाले खेलमा छात्रछात्रा दुवै नपठाउने निर्णय भएकामा निर्देशन नमानेपछि एक शैक्षिक सत्रका लागि विद्यालयबाट निष्कासन गरिएको चन्दननाथका प्रधानाध्यापक टंक महतले बताए । 'विद्यार्थीले हामीले भनेको मानेनन् । विद्यालयको निर्णयको उल्लंघन गरे । एन्फाले अन्याय गरेको छ भन्ने थाहा पाउँदापाउँदै पनि खेल्न गएपछि हामीले छात्रालाई निष्कासन गर्‍यौँ,' उनले भने । चन्दननाथले १२ छात्रालाई पत्र थमाउँदै खेलमा सहभागी विद्यार्थीलाई निष्कासन गरिएको बताएको छ ।

छात्राको खेलमा कुनै विवाद नभएको र फाइनलमा पुगिसकेकाले सोझै प्रतिस्पर्धी स्कुललाई उपाधि दिनुभन्दा खेलौँ भनेर सल्लाह गरिएको एक छात्रा खेलाडीले बताइन् । चन्दननाथले खेलमा पक्षपात भएको भन्दै एन्फामा निवेदनसमेत दिएको छ ।

जुम्ला जिल्ला फुटबल संघका महासचिव दीपेन्द्र हमालले जर्सीमा आएका विद्यार्थीलाई खेल खेलाइएको र त्यही निहुँमा विद्यालयबाट निष्कासन गर्नु अन्याय भएको बताए । विद्यालयको निर्णयविरुद्ध एन्फाले शिक्षा मन्त्रालयमा निवेदन दिनछ । चन्दननाथ नगरपालिकाका मेयर राजुसिंह कठायतले जिल्ला आएपछि आफूले यसबारे छलफल गर्ने बताए । 'तर, विद्यार्थीको पढ्न पाउने अधिकार वञ्चित हुन दिनेछैनौँ,' उनले भने ।



चन्दननाथ माध्यमिक विद्यालय
Shree Chandannath Secondary School
चन्दननाथ न. पा. – ४ जुम्ला
Chandanntath Municipality-04, Jumla
Estd. 2020

पत्र संख्या : २०८०/०८१
च.नं.

मिति : २०८०/०६/२१

विषय : विद्यालयबाट निष्कासन गरिएको बारे ।

प्रस्तुत विषयमा जुम्ला फुटबल संघको आयोजनामा मिति २०८० साल असोज १३ गते देखि संचालित विद्यालय स्तरीय U-16 (छात्र/छात्रा) फुटबल प्रतियोगितामा मिति २०८० साल असोज १७ गते संचालित छात्र तर्फको क्वाटर फाइनल खेलमा आयोजक तथा रेफ्रि टोलिले गरेको अन्यायपूर्ण निर्णयका विरुद्ध विद्यालयले पत्राचार गरी न्यायिक छानबिन हुन नसके हाम्रो विद्यालयका कुनै पनि टीम सहभागी हुन नसक्ने व्यहोरा जानकारी गराइएको र तपाईलाई व्यक्तिगत रुपमा समेत मिति २०८० साल असोज २० गते हुने फाइनल खेलमा सहभागी नहुनु भन्ने जानकारी दिंदा त्यसलाई बेवास्ता गर्दै विद्यालयको निर्णय विरुद्ध अटेर भई आँफूखुसी उक्त खेलमा सहभागी भएकाले विद्यालयको शिक्षण सिकाई तथा परीक्षा सम्बन्धि कुनैपनि कार्यमा सहभागी हुन नपाउने गरी यस शैक्षिक सत्रका लागि विद्यालयबाट निष्काशन गरिएको छ ।

(टंक बहादुर महत)
प्रधानाध्यापक

सुदूरपश्चिम प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र
धनगढी, कैलाली

बोलपत्र रद्द गरिएको सूचना


सूचना प्रकाशन मिति : २०८०/०६/२२ (Oct 09, 2023)


यस केन्द्र बाट मिति २०८०/०५/१९ (Sept 05,2023) गते आव्हान भएको बोलपत्र IFB No PHLMCSP/G/NCB-2.1/2080-081(Package-1), PHLMCSP/G/NCB-2.2/2080-081(Package-2) & PHLMCSP/G/NCB-2.3/2080-081(Package-3), The procurement, Supply & Delivery of Laboratory Equipments सम्बद्ध खरिद प्रक्रियाका ३ वटै प्याकेजको सम्पूर्ण खरिद प्रक्रिया केन्द्रको मिति २०८०/०६/२१ गतेको निर्णय अनुसार रद्द गरिएको व्यहोरा सम्बन्धित सबैको लागि जानकारी गरिन्छ । थप जानकारीका लागि टेलिफोन नं. +977-091-524982, email : phlmcsp@gmail.com

निमित्त निर्देशक

सकियो १९औँ एसियाड

चार वर्षपछि जापानमा भेट्ने वाचा







हाङझाउमा **श्रीलोचन राजोपाध्याय**
तस्बिर : **ज्ञानेन्द्र कार्की**/नयाँ पत्रिका

चार वर्षपछि जापानमा भेट्ने वाचासँगै आइतबार चीनको पूर्वी सहर हाङझाउमा आयोजना भएको १९औँ एसियन खेलकुद प्रतियोगिता (एसियाड) सम्पन्न भएको छ। प्रतियोगिता २३ सेप्टेम्बरदेखि ८ अक्टोबरसम्म चलेको थियो। चीनले निर्धारित समयभन्दा एक वर्षपछि प्रतियोगिता आयोजना गरेको हो। सन् २०१८ मा इन्डोनेसियाको जाकार्ताबाट हाङझाउले १९औँ संस्करणको झन्डा बोकेको थियो।

यसबीचमा विश्वमै महामारीका रूपमा फैलिएको कोभिड-१९ का कारण चीनले गत वर्ष नै गर्नुपर्ने एसियाड गर्न सकेन। आयोजक चीनले कोभिड-१९ पूर्ण रूपले निर्मूल नभएको कारण देखाउँदै एक वर्षपछि गर्न ओलम्पिक काउन्सिल अफ एसिया (ओसिए)सँग आग्रह गरेको थियो। ओसिएले सुरक्षा र स्वास्थ्यलाई मध्यनजर गरी हाङझाउलाई २०२३ मा प्रतियोगिता आयोजना गर्न अनुमति दियो। चीनले १९औँ एसियाड आयोजना गर्न थप पाँच वर्ष पाउँदा भव्य आयोजना गर्न सफल भयो।

यहाँ सहभागी भएका विदेशी पत्रकार, खेलाडी तथा अफिसियलहरूले १९औँ संस्करणको आयोजना भव्य भएको बताएका छन्। विशेष गरी उद्घाटन र समापन समारोहमा आयोजक चीनले विशेष बनाएको थियो। समापनले चीनले पूरै अत्याधुनिक डिजिटल लाइटको प्रयोग गरेको थियो। ८० हजार क्षमता भएको रंगशालामा कडा सुरक्षा व्यवस्था देखिन्थ्यो। सर्वसाधारणदेखि विदेशी पत्रकारहरूलाई विभिन्न चरण पार गरी रंगशालामा प्रवेश गराइएको थियो। समापनमा आयोजकले स्थानीय संस्कृतिदेखि विभिन्न मनोरञ्जनात्मक कार्यक्रम समावेश गरेको थियो।

८० हजार दर्शक क्षमता रहेको हाङझाउको ओलम्पिक स्टेडियममा ओसिएका कार्यकारी अध्यक्ष राजा रणदीपले २०औँ संस्करणको झन्डा तथा टर्च लाइन प्रदान गरेका थिए। झन्डा तथा टर्च हस्तान्तरणसँगै औपचारिक रूपमा हाङझाउ एसियाड समाप्त भएको हो। यसपटक पौडीबाट चीनकी युफेई झाङले सर्वाधिक ६ स्वर्ण जितेकी थिइन्। चीनकै हाइयाङ क्विन १९औँ एसियाडको मोस्ट भ्यालुएबल प्लेयर (एमभिपी) घोषित भए।

४५ देशका १२ हजार खेलाडी

सन् १९५१ मा नयाँदिल्लीदेखि सुरु भएको एसियाडको इतिहासमा यसपटक धेरै रेकर्ड बनेका छन्। पहिलोपटक ४५ देशका १२ हजार खेलाडी सहभागी थिए। यसअघिको संस्करणमा ११ हजार खेलाडी मात्र थिए। १९औँ संस्करणमा खेलाडीहरूले ४० खेलको ४८३ इभेन्टमा प्रतिस्पर्धा गरेका थिए। जसमध्ये ४१ राष्ट्रले पदक जितेका छन्। भुटान, माल्दिभ्स, यमन र टिमोर लिस्टे पदकविहीन हुँदै घर फर्किएका छन्।

एसियाडमा कीर्तिमानी रूपमा चीनले सबैभन्दा बढी २०१ स्वर्ण पदक जितेको छ। चीनले १११ रजत र ७१ कांस्य गरी ३८३ पदक जितेर शीर्ष स्थानमा रह्यो। अर्कोपटकको आयोजक राष्ट्र जापान ५२ स्वर्ण, ६७ रजत र ६९ कांस्यका साथ दोस्रो स्थानमा रह्यो। जापानले कुल १८८ पदक जित्यो। १९० पदकका साथ दक्षिण कोरिया तेस्रो भयो। दक्षिण कोरियाले ४२ स्वर्ण, ५९ रजत र ८९ कांस्य हात पारेको थियो।

समापनमा लि क्वान

१९औँ एसियाडको समापन समारोहमा पटक प्रिमियर अफ स्टेट चाइना लि क्वान लि क्वान उपस्थित भएका छन्। चीनको पूर्वी सहर हाङझाउमा शनिबार एक भव्य समारोहबीच एसियाडको समापनमा प्रधानमन्त्री लि क्वान आएका हुन्। चीनको जेजिआन प्रान्तमा दुई सातासम्म चलेको प्रतियोगिताको उद्घाटन राष्ट्रपति सी जिनपिङले गरेका थिए। लि क्वानले समापन समारोहमा उपस्थित भएका विभिन्न देशका विशिष्ट पाहुनालाई स्वागत गरेका थिए। आयोजकका प्रवक्ता वाङ सेन्विनका अनुसार प्रधानमन्त्री लि क्वान र विशिष्ट पाहुनाहरूलाई विशिष्ट भिभिआइपी कक्षमा राखिएको थियो।

कडा सुरक्षा व्यवस्था

दुई सातासम्मको उद्घाटनमा राष्ट्रपति स्वयं उपस्थित हुने भएपछि हाङझाउमा निकै कडा सुरक्षा व्यवस्था अपनाइएको थियो। हाङझाउको मुख्य रंगशालाको वरिपरि सबै क्षेत्रमा सुरक्षाकर्मीले सुरक्षा दिएका थिए। यसपटक प्रिमियर अफ स्टेट चाइना लि क्वान आउने भएपछि त्यही किसिमको सुरक्षा व्यवस्था अपनाएको प्रवक्ता वाङ सेन्विनले जनाएका छन्। समापन समारोहको बिहानदेखि नै सबै मुख्य बाटोहरूमा निजी तथा सर्वसाधारणका सवारीसाधान प्रवेश निषेध गरिएको थियो। उनीहरूलाई वैकल्पिक बाटो अपनाउन आग्रह गरिएको हो।

हाङझाउ सहरलाई पूरै मेट्रो ट्रेनले जोडिएको छ। मेट्रो ट्रेनको अति नै व्यस्त मानिने लेन ६ लाई पूरै बन्द पारिएको छ। प्रतियोगिताको आयोजना भइरहेको क्वाजिन सिटीलाई जोड्ने मुख्य लेनको रूपमा लेन नम्बर ६ हो। यो रुटका सबै मेट्रो एक दिनका लागि बन्द गरिएको सुरक्षाकर्मीले जनाए। उनीहरूलाई केवल लेन नम्बर २ प्रयोग गर्न भनिएको थियो।

एरिकाले बोकिन् नेपालको झन्डा

१९औँ एसियाडको समापन समारोहमा नेपालको झन्डा कराँते खेलाडी एरिका गुरुङले बोकेकी छिन्। नेपाल ओलम्पिक कमिटी र राष्ट्रिय खेलकुद परिषद् (राखेप)ले समापन समारोहको मार्चपासमा नेपालको झन्डा एरिकालाई बोक्न दिने निर्णय गरेको हो। उनले नेपाललाई कराँतेमा ऐतिहासिक रूपमा रजत पदक दिलाएकी थिइन्। एसियाडको उद्घाटनमा नेपालको झन्डा वीरबहादुर महरा र उसुकी निमा घर्तीमगरले संयुक्त रूपमा बोकेका थिए। एसियाडको अन्तिम दिन आइतबार बिहान कराँतेको महिला ८५ केजीमुनि तौलसमूहको अन्तिम ३२ को खेलमा नेपालकी सविना श्रेष्ठ चीनकी रानरान लीसँग ३-१ अंकले पराजित भइन्।

नेपालको दुई पदक

यसपटक दक्षिण एसियाली राष्ट्र भारतले इतिहास रच्दै चौथो स्थान रक्षा गरेको छ। भारतले अहिलेसम्मकै एसियाड यात्रा ऐतिहासिक बनाएको छ। भारतले २८ स्वर्ण, ३८ रजत र ४१ कांस्य गरी १०७ पदक प्राप्त गऱ्यो। एसियाली खेलकुदमा नेपालले एक रजत र एक कांस्य जितेको छ। नेपालले सन् २००६ पछि पहिलोपटक दुई पदक जितेको हो। पछिल्ला तीन संस्करणमा नेपाल एक-एक पदकमा सीमित बनेको थियो।

नेपाललाई कराँतेमा शनिबार एरिका गुरुङले रजत पदक दिलाएकी थिइन्। उनले रजत जित्नुअघि महिला कबड्डी टोलीले कांस्य पदक जितेको थियो। महिला टोलीले डेब्युमै ऐतिहासिक पदक जितेको हो। नेपाल पदक तालिकाको ३३औँ स्थानमा रह्यो। २०१८ मा इन्डोनेसियामा भएको १८औँ एसियाडमा पनि नेपाल ३३औँ स्थानमा थियो।

यसपटक एसियाडमा नेपालबाट २९ खेलमा दुई सय ५३ खेलाडीको सहभागिता रहेको थियो। महिलामा एक सय २७ र पुरुषमा एक सय २६ खेलाडी सहभागी थिए।

पदक तालिका

देश	स्वर्ण	रजत	कांस्य	जम्मा पदक
चीन	२०१	१११	७१	३८३
जापान	५२	६७	६९	१८८
दक्षिण कोरिया	४२	५९	८९	१९०
भारत	२८	३८	४१	१०७
उज्बेकिस्तान	२२	१८	३१	७१
चाइनिज ताइपेई	१९	२०	२८	६७
इरान	१३	२१	२०	५४
थाइल्यान्ड	१२	१४	३२	५८
बहराइन	१२	३	५	२०
उत्तर कोरिया	११	१८	१०	३९
कजाखस्तान	१०	२२	४८	८०
हङकङ	८	१६	२९	५३
इन्डोनेसिया	७	११	१८	३६
मलेसिया	६	८	१८	३२
कतार	५	६	३	१४
युएई	५	५	१०	२०
फिलिपिन्स	४	२	१२	१८
किर्गिस्तान	४	२	९	१५
साउदी अरब	४	२	४	१०
सिंगापुर	३	६	७	१६
भियतनाम	३	५	१९	२७
मंगोलिया	३	५	१३	२१
कुवेत	३	४	४	११
ताजाकिस्तान	२	१	४	७
मकाउ	१	३	२	६
श्रीलंका	१	२	२	५
म्यानमार	१	०	२	३
जोर्डन	०	५	४	९
तुर्किमिनिस्तान	०	१	६	७
अफगानिस्तान	०	१	४	५
पाकिस्तान	०	१	२	३
ब्रुनाई	०	१	१	२
नेपाल	०	१	१	२
ओमान	०	१	१	२
इराक	०	०	३	३
लाओस	०	०	३	३
बंगलादेश	०	०	२	२
कम्बोडिया	०	०	१	१
लेबनान	०	०	१	१
प्यालेस्टाइन	०	०	१	१
सिरियन अरब रिपब्लिक	०	०	१	१

राजवंशीलाई सम्मान

एसियाली खेलकुद पत्रकार महासंघ (एआइपिएस एसिया)ले खेलकुद पत्रकार निरञ्जन राजवंशीलाई सम्मान गरेको छ। एआइपिएस एसियाले पाँचवटा र सोभन्दा बढी पटक एसियाली खेलकुदको रिपोर्टिङ गर्दै लामो समय योगदान दिएका एसियाभरिका पत्रकारहरूलाई कदर गर्ने क्रममा नेपालबाट राजवंशी सम्मानित भएका हुन्।

हाङझाउको मुख्य प्रेस सेन्टरमा आयोजित कार्यक्रममा ओलम्पिक च्याम्पियन तथा अन्तर्राष्ट्रिय ओलम्पिक कमिटी आइओसीका सदस्य सियोङ मिन रियु, एआइपिएस एसियाका अध्यक्ष हि डोङ जोङ र उपाध्यक्ष मुबारक अल बोनिनले प्रमाणपत्र प्रदान गरेका थिए।

एआइपिएसले अन्तर्राष्ट्रिय रूपमा लामो समय रिपोर्टिङ गर्ने पत्रकारहरूलाई सम्मान गर्ने परम्पराको सुरु गरेपछि एआइपिएस एसियाले यो वर्षको एसियाली खेलकुदबाट सम्मानको अभियान थालेको हो। जसमा यो वर्ष ६९ जना पत्रकार सम्मानित भएका हुन्। राजवंशीले सन् १९९८ को बैंकक, सन् २००२ को बुसान, सन् २०१० को ग्वान्जाउ, सन् २०१४ को इन्चोन तथा हान्झाउ एसियाडमा रिपोर्टिङ गरेका थिए। सम्मानित भएपछि राजवंशीले भने, 'एसियाली खेलकुदमा रिपोर्टिङ गरेको पनि २५ वर्ष भइसकेछ। त्यसमा अन्तर्राष्ट्रिय रूपमा सम्मानित हुन पाउँदा खुसी लागेको छ।' सम्मानित हुनेहरूमा सबैभन्दा बढी १० पटक एसियाडमा भाग लिएका चीनका वेई सेङ थिए।

एकदिवसीय क्रिकेट विश्वकप

आयोजक भारतको विजयी सुरुवात

एजेन्सी/ दुई रन जोड्दा तीन विकेट गएको स्थितिबाट एक सय ६५ रनको बलियो साझेदारी गर्दै विराट कोहली र केएल राहुलले भारतलाई आइसिसी एकदिवसीय विश्वकपमा विजयी सुरुवात गराएका छन्। चेन्नईमा भएको खेलमा भारतले सर्वाधिक पाँचपटकको विजेता अस्ट्रेलियालाई ६ विकेटले हराएको हो। जितपछि समूहमा दुईपटकको च्याम्पियन भारतले दुई अंक जोडेको छ।

अस्ट्रेलियाले सन् १९८७, १९९९, २००३ र २००७ मा गरी ह्याट्रिक उपाधि जितेको थियो। पछिल्लोपटक सन् २०१५ मा उपाधि जितेको हो। भारतले सन् १९८३ र सन् २०११ मा उपाधि जितेको छ।

जितका लागि दुई सय रनको लक्ष्य पछ्याएको भारतले खराब सुरुवात गरेको थियो। ओपनर तथा कप्तान रोहित शर्मा र ईशान किशन शून्यमै आउट भए। सुभमन गिलको स्थानमा खेलेका किशन भने गोल्डेन डकआउट हुन पुगे। चौथो नम्बर क्रिजमा आएका श्रेयस ऐयर पनि शून्यमै पेभिलियन फर्किएपछि भारत दबाबमा आएको थियो।

तेस्रो नम्बर क्रिजमा आएका विराटले एक सय १६ बलमा ६ चौकासहित ८५ रन बनाए। चौथो विकेटका लागि कोहली र राहुलले दुई सय १५ बलमा एक सय ६५ रनको बलियो साझेदारी गरेका थिए। राहुलले अविजितत सर्वाधिक ९७ रन बनाउँदै भारतलाई सहज जित दिलाए। निर्धारित लक्ष्य पूरा गरेपछि राहुल सतक प्रहार गर्न तीन रनबाट टाढा रहे।

स्पिनरसामु अस्ट्रेलियन ब्याट्सम्यान निरीह

घरेलु टोली भारतका स्पिनरसामु अस्ट्रेलियन ब्याट्सम्यान निरीह बनेपछि ठूलो स्कोर बनाउन सकेन। चेन्नईमा टस जितेर पहिला ब्याटिङ गरेको अस्ट्रेलिया ४९.३ ओभरमा मात्र एक सय ९९ रन बनाउँदा अलआउट भयो।



अस्ट्रेलियाका कुनै पनि खेलाडीले अर्धशतक बनाउन सकेनन्। स्टिभ स्मिथले ७१ बलमा ५ चौकासहित सर्वाधिक ४६ रन बनाए। ओपनर डेबिड वार्नरले ४१, मिचेल स्टार्कले २८, मार्नुस लाबुस्चाग्नेले २७, ग्लेन म्याक्सवेल र कप्तान प्याट कमिन्सले समान १५ रन बनाएका थिए। वार्नर र स्मिथले ६९ रनको साझेदारी गरे। स्पिनर रवीन्द्र जडेजाले तीन र कुलदीप यादवले दुई विकेट लिँदा रविचन्द्रन आश्विनले एक विकेट लिएका हुन्। तीव्र गतिका बलर जसप्रित बुमराहले दुई विकेट लिए। जडेजाले १० ओभरमा २ मेडनसहित २८ रन खर्चिए। कुलदीपले १० ओभरमा ४२ रन खर्चेर २ विकेट लिएका हुन्। बुमराहले १० ओभरमा ३५ रन खर्चिए।

खेल संक्षेप

थाक्रे गाउँपालिकामा फुटबल हुने

काठमाडौं/ धादिङको थाक्रे गाउँपालिकाले २८ असोजबाट अन्तरवडाकप फुटबल प्रतियोगिता आयोजना गर्ने भएको छ। ११ वडाबीच वडा नम्बर ६ को मैदानमा प्रतिस्पर्धा हुनेछ। ४ कात्तिकसम्म हुने प्रतियोगितामा सहभागी हुन सम्बन्धित वडाको सिफारिस लिनुपर्ने गाउँपालिकाले बताएको छ। विजेताले ५५ हजार, उपविजेताले ३३ हजार र सेमिफाइनलमा स्थान बनाउने दुई टोलीले नगद ११ हजार पुरस्कार पाउनेछन्। यसैगरी, उत्कृष्ट गोलकिपर, सर्वाधिक गोलकर्ता र उत्कृष्ट खेलाडी नगदसहित सम्मानित हुनेछन्। खेलअघि जनप्रतिनिधि र कर्मचारीबीच मैत्रीपूर्ण खेल हुनेछ।

बझाङमा खुला भलिबल

काठमाडौं/ भवानी युवा क्लबको आयोजनामा आगामी ८ देखि १० कात्तिकसम्म बझाङ जिल्लामा खुला भलिबल प्रतियोगिता हुने भएको छ। प्रतियोगिताका लागि ५ हजार रुपैयाँ तिरेर टिम दर्ता गर्न सकिने आयोजकले बताएको छ। प्रतियोगिताका विजेताले ५० हजार १ सय, उपविजेताले ३० हजार १ सय र तेस्रो स्थान हासिल गर्नेले २० हजार १ सय प्राप्त गर्नेछन्। जगन्नाथ माविको खेलमैदानमा हुने प्रतियोगितामा बझाङ जिल्लाका खेलाडीले मात्र सहभागिता जनाउन पाउनेछन्। सर्वोकृष्ट खेलाडी, उत्कृष्ट सेटर, ब्लकर, सर्भर, स्पाइकर, लिबेरो, उदीयमान खेलाडीलाई पनि पुरस्कृत गरिनेछ। राष्ट्रिय भलिबल टोलीका सदस्य हेमन्त मल्लको गृहजिल्ला बझाङ हो।

मूलपानीमा ब्याडमिन्टन

काठमाडौं / मूलपानीमा २७ असोजदेखि प्रथम अमरसिंह ब्याडमिन्टन प्रतियोगिता हुने भएको छ। कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर ७ को अमरसिंह युवा क्लबले प्रतियोगिता आयोजना गर्न लागेको हो। वडाको कभर्डहलमा सञ्चालन हुने प्रतियोगितामा युगलतर्फको पुरुष खुला र भेट्रान गरी २ विधा समावेश गरिएको छ। युगल पुरुष खुलाको विजेताले २५ हजार र उपविजेताले १२ हजार प्राप्त गर्नेछन्।

कास्की र अरण्यज्योति विजयी

कास्की/ पोखरा रंगशालामा जारी पोखरा महानगरस्तरीय अन्तरक्लब टी-२० क्रिकेट प्रतियोगितामा आइतबार कास्की क्रिकेट क्लब र अरण्यज्योति क्रिकेट क्लब विजयी भएका छन्। पहिलो खेलमा कास्कीले राइजिङ क्रिकेट क्लबलाई ७ विकेटले पराजित गऱ्यो। टस जितेर ब्याटिङ गरेको राइजिङले १३ ओभरमा सबै विकेट गुमाएर मात्र ४६ रन बनायो। राजइजिङका अनिल गुङले सर्वाधिक १८ रन बनाए। ४७ रनको लक्ष्य कास्कीले १३.२ ओभरमै भेट्टायो। कास्कीका विष्णु शर्माले १९ तथा शाहिल कुँवरले १३ रन बनाए। अर्को खेलमा अरण्यज्योतिले पोखरा क्रिकेट क्लबलाई २ विकेटले पराजित गऱ्यो।

सेमिफाइनल पुग्ने चार टोलीको टुंगो

काठमाडौं/ एपेक्स आइसिसी कप क्रिकेट प्रतियोगिताको सेमिफाइनल समीकरण पूरा भएको छ। मूलपानीको तल्लो मैदानमा आइतबार सेमिफाइनल खेल्ने चारै टोलीको टुंगो लागेको हो। दुई खेलमा फोनिक्स र काठमाडौं विश्वविद्यालय विजयी भएका छन्। यसअघि केसिएमआइटी र ब्लुबर्ड अन्तिम चारमा प्रवेश गरेका थिए। दिनको पहिलो खेलमा फोनिक्सले रत्नराज्यलक्ष्मी (आरआर) कलेजलाई ७ विकेटले पराजित गरेको थियो। आरआरले प्रस्तुत गरेको ४२ रनको लक्ष्य फोनिक्सले ७.३ ओभरमा ३ विकेट गुमाउँदै भेट्टायो। दिनको दोस्रो खेलमा काठमाडौं विश्वविद्यालयले लिभरपुल कलेजलाई ७ विकेटले नै पराजित गरेको छ।

एसपिएलाई उपाधि

काठमाडौं/ इन्टरनेसनल टी-२० कप क्रिकेटको उपाधि धनगढीको एसपिए कलेजले जितेको छ। आइतबार भएको फाइनलमा महेन्द्रनगरको लिटिल बुद्ध एकेडेमीलाई ३ विकेटले पराजित गर्दै एसपिएले उपाधि उचालेको हो। उपाधिसँगै एसपिएले १ लाख नगद हात पारेको छ। एसपिएले अपराजित रहँदै प्रतियोगिताको उपाधि जितेको हो। एसपिएले पाएको ६४ रनको लक्ष्य १३.४ ओभरमा ७ विकेट गुमाएर भेट्टाएको थियो।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com